डिग्नीटी इनिसियटिभ दलित समुदायका अनुसन्धाता र अधिकारकर्मीहरूद्धारा स्थापित सामाजिक संस्था हो । जातव्यवस्थामा आधारित अर्थ–राजनीतिक व्यवस्थाका कारण नेपालका दलितमाथि अहिले पनि राजनीतिक बहिस्करण, आर्थिक बञ्चितीकरण र छुवाछूत–भेदभावसहितको सामाजिक–सांस्कृतिक विभेद कायमै छ। यस किसिमको विभेदकारी व्यवस्था अन्त्य गरी सबैले न्याय, समानता, आत्मसम्मानपूर्वक बाँच्न पाउने व्यवस्था निर्माणका लागि नेपालका दलित समुदायले बिगत सात दशकभन्दा लामो समयदेखि निरन्तर संघर्ष गरिरहेका छन् । संघर्षकै परिणाम केही संवैधानिक र कानुनी अधिकारको व्यवस्था भएका छन् भने तुलनात्मकरूरुपमा दलितमाथिका विभेदमा केही कमी आएको छ । यद्यपि, ऐतिहासिकरूपमा विभेद र बहिस्करणमा पारिएका दलित समुदायबारे अध्ययन, अनुसन्धान, आलोचनात्मक सार्वजनिक बहस पर्याप्त मात्रामा हुन सकेका छैनन् अर्थात ज्ञान उत्पादनका क्षेत्रमा अत्यन्तै थोरै मात्रामा काम भएका छन् । अर्कोतिर, नेपालमा ज्ञान उत्पादनका क्षेत्रमा क्रियाशील संघसंस्था, विश्वविद्यालयका साथै बौद्धिक र प्राज्ञिक क्षेत्रले पनि दलित मुद्दामा पर्याप्त मात्रामा काम गरेका छैनन् । त्यसैले दलित समुदायका बहुआयमिक सवालमा अध्ययन–अनुसन्धान तथा ज्ञान उत्पादन गर्ने, आलोचनात्मक सार्वजनिक बहस गर्ने र दलित आन्दोलनलाई सघाउ पुऱ्याउने काममा यो संस्था क्रियाशील छ।

DIGNITY INITIATIVE

Anamnagar, Kathmandu
Tel: 01-5705099
E-mail: info@dignityinitiatives.org
www.dignityinitiatives.org

लुम्बिनी प्रदेशमा समावेशी अभ्यास : सीमान्तीकृत समुदायको दृष्टिकोणबाट अध्ययन

डिग्निटी इनिसियटिभ
काठमाडौं

लुम्बिनी प्रदेशमा समावेशी अभ्यास :
सीमान्तीकृत समुदायको दृष्टिकोणबाट अध्ययन

डिग्निटी इनिसियटिभ
काठमाडौं

लुम्बिनी प्रदेशमा समावेशी अभ्यास :

सिमान्तीकृत समुदायको दृष्टिकोणबाट अध्ययन

अध्ययन/लेखन

जेबी विश्वकर्मा

मोहन प्रसाद ढकाल

कैलाश राई

शुष्मा छिनाल

प्रकाशन : वि.स. २०८१ (सन् २०२५)

सर्वाधिकार © डिग्निटी इनिसियटिभ

प्रकाशक

डिग्निटी इनिसियटिभ

काठमाडौँ-२९, अनामनगर

काठमाडौँ, नेपाल

सम्पर्क न : ०१-५७०५०९९

इमेल : info@dignityinitiatives.org

वेबसाइट : www.dignityinitiatives.org

यस संस्थाको पूर्व स्वीकृतिबिना यो पुस्तिका वा यसको कुनै अंशलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पूनः उत्पादन एवं मुद्रण गर्न कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक वा शैक्षिक प्रयोजनका सन्दर्भमा भने स्रोत खुलाई आवश्यक अंश साभार गरी प्रयोग गर्न सकिनेछ ।

प्राक्कथन

नेपालमा लामो समयसम्म राज्यसत्ता, शक्ति र सम्पतिमाथि निश्चित जात, लिङ्ग र समुदायको वर्चश्व रहँदै आयो भने राज्यबाटै दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय निरन्तर राज्यबाट बहिस्करण र सीमान्तीकरणमा पारिँदै आए । यति मात्रै होइन, सीमान्तीकृत समुदायमाथि जात, वर्ग, समुदाय र लिङ्गका आधारमा विभेद र अपमान गरिँदै आयो । यस्तो विभेदकारी राजनीतिक-सामाजिक व्यवस्थाले गरेको बहिस्करण र विभेदको अन्त्य गरी समावेशी र न्यायपूर्ण समाज निर्माणका लागि नेपालका उत्पीडित र सीमान्तीकृत समुदायले संघर्ष गर्दै आइरहेका छन् । नेपालमा भएको अग्रगामी राजनीतिक शक्ति र सीमान्तीकृत समुदायको संघर्ष र आन्दोलनका कारण नै नेपालमा राज्य पुनर्संरचनातर्फ अगाडि बढेको हो । संघीय लोकतान्त्रिक गणतन्त्र तिनै आन्दोलनको एउटा महत्वपूर्ण उपलब्धी हो ।

देशमा संघीयताको अभ्याससँगै सीमान्तीकृत समुदायले स्वायत्तताको अभ्यास, बिगतको असमानत शक्ति-सम्बन्धलाई रूपान्तरण गरी वास्तवमै समावेशी शासन व्यवस्थाको स्थापना, सहज जनजीविका सुनिश्चित हुने परिवेश, सबै किसिमका सामाजिक-सांस्कृतिक विभेदको अन्त्य र आत्मसम्मानपूर्वक बाँच्न पाउने जीवन प्राप्त हुने अपेक्षा गरेका थिए । सीमान्तीकृत समुदायले विशेषगरी राज्यको ऐन-कानुन, नीति र कार्यक्रम निर्माण र बजेट बिनियोजनजस्ता सवालमा समावेशी सिद्धान्तको प्रभावकारी अभ्यास हुने अपेक्षा गरेका छन् । नेपालमा संघीयताको व्यवहारिक कार्यान्वयन अभ्यास सुरू भएको करिब सातवर्ष भयो । तर, संघीयतामा सीमान्तीकृत समुदायले गरेका अपेक्षालाई प्रदेशहरूले सम्बोधन गरेका छन् कि छैनन् भनेर अहिलेसम्म विश्लेषण गरिएको छैन । त्यसैले संघीयतासँगै सीमान्तीकृत समुदायको अपेक्षा र अभ्यासबीचको परिवेशलाई विश्लेषण गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । यो अध्ययन मूलतः लुम्बिनी प्रदेशमा गरिएको हो तथापि यसले अन्य प्रदेशमा भइरहेको समावेशी अभ्यासको एक किसिमको अवस्था चित्रण गर्न सघाउँछ भन्ने अपेक्षा गरिएको छ ।

यो अध्ययनमा विशेषगरी लुम्बिनी प्रदेशको राजनीतिक समावेशीकरणको अवस्था, ऐन कानुन र नीति तथा कार्यक्रम निर्माण र बजेट बिनियोजनमा समावेशीकरणको अभ्यासबारे सीमान्तीकृत समुदायको दृष्टिकोणबाट विश्लेषण गरिएको छ । यो अध्ययनमा लुम्बिनी प्रदेश प्रदेशसभा र सरकारले निर्माण गरेका ऐन र नीतिका

साथै पाँच आर्थिक वर्ष (२०७६/७७ देखि २०८१/८२ सम्म)को नीति तथा कार्यक्रम र बजेट बिनियोजनको सीमान्तीकृत समुदायको दृष्टिकोणबाट समीक्षा गरिएको छ। यो अध्ययनबाट प्राप्त नतिजा वा तथ्यले लुम्बिनी प्रदेशको मात्रै होइन, अन्य प्रदेशमा भइरहेको नीति निर्माण, कार्यक्रम निर्धारण र बजेट बिनियोजनलाई समावेशी सिद्धान्तको अभ्यासबारे गम्भीरतापूर्वक सोच्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

'लुम्बिनी प्रदेशमा समावेशी अभ्यास : सीमान्तीकृत समुदायको दृष्टिकोणबाट अध्ययन' मा विशेषगरी लुम्बिनी प्रदेशमा भएको समावेशीकरणको अभ्यासको विश्लेषण गरिएको छ। सम्भवत : संघीयताको कार्यान्वयनपछि सीमान्तीकृत समुदायको दृष्टिकोणबाट प्रदेशको नीति तथा कार्यक्रम र बजेटमाथि गरिएको यो पहिलो अध्ययन हो। यसले लुम्बिनी प्रदेशको समावेशीकरणको अवस्थाको चित्रण गरेको छ र थप प्रभावकारी समावेशीकरणका लागि केही सुझाब पनि प्रस्तुत गरेको छ। यति महत्वपूर्ण अध्ययन गर्नुहुने अध्ययन समूहका सदस्यहरू जेबी विश्वकर्मा, कैलाश राई, मोहन ढकाल र सुष्मा छिनाललाई डिग्निटी इनिसियटिभको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं। यसका साथै यो अध्ययनको प्रारम्भिक मस्यौदा अध्ययन गरी सुझाब प्रदान गर्नु भएकोमा रेशम विकेलाई धन्यवाद दिन चाहन्छौं र यो अध्ययनका क्रममा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहयोग गर्नुहुने सबै व्यक्ति र संस्थाहरूप्रति आभारी छौं।

रूप सुनार
अध्यक्ष
डिग्निटी इनिसियटिभ

विषय सूची

अध्याय एक : अध्ययनको परिचय

१.१ पृष्ठभूमि १
१.२ अध्ययनको उद्देश्य ४
१.३ अध्ययन विधि ४
१.४ अध्ययनको सीमा ६
१.५ अवधारणात्मक दृष्टिकोण ७

अध्याय दुई : संघीयता र सीमान्तकृत समुदायको अपेक्षा ९

२.१ राजनीतिक शासकीय व्यवस्था ११
२.२ समानुपातिक समावेशी सिद्धान्त र अभ्यास १२
२.३ प्राकृतिक एवं वित्तीय स्रोत साधनमा पहुँच १३
२.४ जीविकोपार्जनमा स्तरोन्नति १५
२.५ सम्मानित पहिचान, न्याय र आत्मसम्मान १६

अध्याय तीन : लुम्बिनी प्रदेशमा समावेशी अभ्यासको अवस्था १७

३.१ राजनीतिक समावेशीकरण १७
३.२ प्रदेशसभामा समावेशीकरण १९
३.३ प्रदेश सरकार : वर्चश्वशालीकै दबदबा २१
३.४ असमावेशी प्रदेश योजना आयोग २३
३.५ प्रदेशसभाले निर्माण गरेका ऐन : समावेशीकरणको उपेक्षा २४

अध्याय चार : समावेशी दृष्टिकोणबाट लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम र बजेट २९

४.१ सीमान्तकृत समुदाय र प्रदेशको नीति तथा कार्यक्रम २९
४.२ बजेट बिनियोजनमा समावेशी अभ्यास ३३
४.२.१ सीमान्तीकृत लक्षित बजेट : जम्माजम्मी १.१ प्रतिशत ३४
४.२.२ लक्षित बजेट : सीमान्तीकृत नै बञ्चितीकरणमा ३७
४.२.३ सीमान्तीकृत लक्षित बजेट : अस्पष्ट र उपेक्षा ३९
४.२.४ दलितलाई बजेट : गम्भीर समस्या, टालटुले बजेट ४०
४.२.५ समूह लक्षित बजेट र प्राथमिक क्षेत्र ४१
४.२.६ लक्षित समूहका लागि बिनियोजित बजेट र खर्चबीचको असन्तुलन ४२
४.२.७ लक्षित समूहको बजेट : संशोधन हुँदा कटौतीमा ४४
४.२.८ सीमान्तीकृत लक्षित बजेट उपयोगको अवस्था ४५

अध्याय पाँच : अध्ययनबाट प्राप्त तथ्यको विश्लेषण ४७

५.१ संघीयताको अभ्यास : सीमान्तीकृतको अपेक्षा सम्बोधनमा कमजोर प्रयत्न ४७
५.२ समावेशी सिद्धान्तको कमजोर अभ्यास ५०
५.३ प्राकृतिक एवं वित्तीय स्रोत साधन वितरणको अवस्था ५३
५.४ जीविकोपार्जनमा स्तरोन्नति : सीमित प्रयास, असीमित आवश्यकता ५४
५.५ सामाजिक विभेदको अन्त्य : ठोस नीति, कार्यक्रम र बजेटको आवश्यकता ५५

अध्याय छ : निष्कर्ष र सुझाव ५७

अध्याय एक :
अध्ययनको परिचय

१.१ पृष्ठभूमि

नेपालमा लामो समयसम्म निरङ्कुश, केन्द्रिकृत र असमावेशी शासकीय अभ्यास भएका कारण राज्यसत्तामा निश्चित जाति, समुदाय र वर्गको मात्रै बर्चश्व रह्यो । बहुसंख्यक आदिवासी जनजाति, दलित, मधेशी, थारू, मुस्लिम समुदायलगायतलाई राज्यसत्ता, संरचना र शक्तिबाट बञ्चितीकरणमा पारियो ।[१] राज्यद्वारा संरचनागतरूमै बहिष्करण र सीमान्तीकरणमा पारिएका समुदायले राज्यप्रतिको आक्रोश र असन्तुष्टिलाई विभिन्न सामाजिक-राजनीतिक आन्दोलनमार्फत अभिव्यक्त गरे । जसका कारण सयौँ वर्षदेखि एकात्मक, केन्द्रीकृत र शाहवंशीय राजतन्त्रात्मक शासन प्रणालीमा टिकेको नेपाली राज्य शासन व्यवस्था, वि.स २०६२/२०६३ को जनआन्दोलनसम्ममा आइपुग्दा संघीय लोकतान्त्रिक गणतन्त्र राज्यव्यवस्थामा रूपान्तरण भयो ।

यसरी, एकात्मक र केन्द्रिकृत राज्य संरचनाबाट सीमान्तीकृत समुदाय[२]को आशा, आकांक्षा र आवश्यकता सम्बोधन नहुने भएका कारण राज्यको नीति निर्माण र शासकीय नेतृत्वमा सबै जातजाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न, भाषिक, सांस्कृतिक र सामुदायिक विविधतालाई सम्बोधन गर्न साथै सबै किसिमका असमानता र विभेदको अन्त्यका लागि नेपालमा राज्य पुनर्संरचनाको आवश्यकता परेको थियो । नेपालमा लोकतान्त्रिक व्यवस्थालाई जनस्तरमा पुऱ्याउन, विविधतासहितको सामाजिक आकांक्षा सम्बोधन गर्न, शक्तिको विकेन्द्रीकरण गर्न र द्वन्द्व व्यवस्थापनका लागि नेपाल संघीयता राजनीतिक व्यवस्थामा रूपान्तरित हुनु परेको हो ।[३] विशेषगरी जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय र भौगोलिक सीमान्तीकरणको अन्त्यका लागि भएका सामाजिक-राजनीतिक आन्दोलनकै कारण

[१] श्रेष्ठ, राजेन्द्र । २०६२ । राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रका आधारहरू । नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना । सिताराम तामाङ, सं. । काठमाडौं, सामना प्रकाशन, नेपाल ।

[२] राज्यबाट ऐतिहासिकरूपमा बहिस्करण र विभेदमा पारिएका दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारू र अन्य अल्पसंख्यक समुदायलाई यो अध्ययनमा सीमान्तीकृत समुदायको रूपमा चर्चा गरिएको छ ।

[३] खनाल, २०६६ । संघीयता के हो, के होइन ? (अन्तर्वार्ता) । हिमाल : संविधान यात्रा - २ । ललितपुर : हिमाल मिडिया प्रा.लि. ।

नेपाल संघीय व्यवस्थामा रूपान्तरित भएको हो, जुन तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको दशवर्षे जनयुद्ध, २०६२/६३ को जनआन्दोलन, मधेशी, आदिवासी जनजाति र सीमान्तीकृत समुदायको आन्दोलनमार्फत प्रकट भएको थियो । तसर्थ, नेपालमा लोकतान्त्रिक व्यवस्थालाई जनस्तरमा पुऱ्याउन, विविधतासहितको सामाजिक आकांक्षा सम्बोधन गर्न, शक्तिको विकेन्द्रीकरण र द्वन्द्व व्यवस्थापनको लागि नेपाल संघीयतासहितको राजनीतिक व्यवस्थामा रूपान्तरित गरिएको हो ।

यस्तै, वि.सं २०६२/६३ को जनआन्दोलनपछि निर्माण गरिएको नेपालको अन्तरिम संविधान, २०६३ ले 'नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य' घोषणा[४] गऱ्यो । संविधानसभाबाट जारी नेपालको संविधान, २०७२ ले राज्यको संरचना र शक्तिको बाँडफाँड खण्डको धारा ५६ मा नेपालको संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र सातओटा प्रदेश[५] र ७५३ ओटा स्थानीय तह रहने संवैधानिक व्यवस्था गऱ्यो । यद्यपि, सात प्रदेश समेटिएको संविधान जारी हुँदा विशेषगरी सीमान्तीकृत समुदायका मधेशी, थारू र आदिवासी जनजातिले असहमति जनाउँदै विरोध गरेका थिए ।[६]

देश संघीयतामा प्रवेश गरेपछि २०७४ मा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भयो । त्यसपछि सातओटै प्रदेशमा प्रदेशसभा र प्रदेश सरकार अस्तित्वमा आएसँगै संघीयताको व्यवहारिक अभ्यास सुरू भयो । प्रदेशसभाको पहिलो पाँचवर्षे कार्यकाल समाप्त भएर २०७९ मा निर्वाचन सम्पन्न भएपछि प्रदेशसभा र सरकार गठन भएको पनि दुईवर्ष पूरा भइसकेको छ । प्रदेश सरकार गठन गर्नु, संविधानको अधीनमा रही प्रदेशका लागि आवश्यक ऐन र कानुन निर्माण गर्नु, बजेट निर्माण गर्नु आदि प्रदेशसभाको मुख्य काम हुन् । यसका साथै प्रदेश सरकारले गरेका गतिविधिको निगरानी गर्ने र जनताका अपेक्षालाई सम्बोधन गराउन प्रदेश सरकारलाई जवाफदेही बनाउनु पनि हो । यसरी नेपालमा प्रदेशसभा र सरकार सञ्चालनको अभ्यास सुरू भएको सातवर्ष पुगेको छ ।

लुम्बिनी[७] प्रदेशसभाले बिगत सातवर्षमा प्रदेशका लागि आवश्यक ऐन र कानुन निर्माण गरेको छ । यसका साथै प्रदेश सरकारका कामकार्वाहीको अनुगमन र

---

[४] नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा नै यस्तो घोषणा गरेको छ ।

[५] संविधानले व्यवस्था गरेको सोत प्रदेशअन्तर्गत पर्ने जिल्लाको सूची संविधानको अनुसूची ४ मा समावेश गरिएको छ ।

[६] संविधान प्रारम्भ भएको घोषणा । बीबीसी नेपाली सेवा ।
https://www.bbc.com/nepali/news/2015/09/150920_nepal_constitution_promulgation

[७] २०७७ असोज २० गते प्रदेशसभाले प्रदेश ५ को नाम लुम्बिनी प्रदेश रहने निर्णय गरेको हो । नामाकरण हुनुपूर्व यो प्रदेशलाई प्रदेश ५ का रूपमा चिनिन्थ्यो ।

मूल्याङ्कन पनि गर्दै आइरहेको छ । लुम्बिनी प्रदेशमा विभिन्न जातजातिको बसोबास रहेको छ । थारू र मगरको उल्लेख्य जनसंख्या रहेको लुम्बिनी प्रदेशमा मधेशी र मुस्लिमको जनसंख्या पनि उल्लेखनीय नै छ । दलित समुदायको जनसंख्या देशैभरि छरिएर रहेको छ, तर लुम्बिनी प्रदेशमा पहाडी र मधेशी दुवै समूहका दलितको बसोबास छ । जनसंख्यामा रहेका विविधतासँगै संघीयताको कार्यान्वयन हुँदा फरक-फरक समुदायको आकांक्षा र सरोकार पनि फरक-फरक हुने भएकोले विविधतालाई सूक्ष्मरूपमा विश्लेषण गर्न आवश्यक हुन्छ ।

नेपाल संघीय व्यवस्था कार्यान्वयनमा आएसँगै वा प्रदेशसभा र प्रदेश सरकार गठनसँगै उत्पीडित तथा सीमान्तकृत समुदायको निकै ठूलो आशा र अपेक्षा थियो । विशेषगरी पहिचानको सम्मान, स्वशासन, राज्यमा अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्व, आर्थिक जीवनमा रूपान्तरण र सामाजिक न्यायको प्रत्याभूति हुनेलगायतका अपेक्षाहरू थिए । १२० जातजातिको बसोबास रहेको लुम्बिनी प्रदेशमा सीमान्तीकृत समुदायको निकै ठूलो जनसंख्या रहेको छ । तालिका १ मा देखाएझैं यो प्रदेशमा ७२.१४ प्रतिशत जनसंख्या सीमान्तीकृत समुदायको छ भने २७.८६ प्रतिशत जनसंख्या शासन सत्तामा रहँदै आएका खसआर्य समुदायको रहेको छ ।

तालिका १ :

लुम्बिनी प्रदेशमा विभिन्न जातजाति र समुदायको जनसंख्या

जतजाति	जनसंख्या	प्रतिशत
खसआर्य	१४,२७,०२७	२७.८६
आदिवासी जनजाति	१०,६६,४५८	२०.८२
मधेशी	७,९२,४८६	१५.४७
थारू	७,३२,२५२	१४.३०
दलित	७,१७,३३०	१४.००
मुस्लिम	३,६५,१३७	७.१३
अन्य	२१,३८८	०.४२
जम्मा	५१,२२,०७८	१००.००

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय र डिग्निटी इनिसियटिभ, २०८१

लुम्बिनी प्रदेशका आदिवासी जनजाति, थारू, दलित, मधेशी, मुस्लिमलगायत सीमान्तीकृत समुदायले प्रदेशसभाबाट निर्माण हुने ऐन, नीति तथा कार्यक्रमका साथै बजेट बिनियोजनमा आफ्ना समस्या र सरोकारहरू सम्बोधन हुने अपेक्षा राखेका छन् । बहिष्करण, विभेद र संरचनागत बाधाहरूको सामना गर्दै आइरहेका

सीमान्तकृत समुदायले संघीयताको कार्यान्वयन सँगसँगै आफ्ना सामाजिक-आर्थिक जीवनमा ठोस परिवर्तन हुने आशा गरेका छन् । लुम्बिनी प्रदेशमा सीमान्तकृत समुदायका यस्ता आशा, अपेक्षा र चाहनालाई सम्बोधन गर्ने राजनीतिक शासकीय संरचना, नीति तथा कार्यक्रम र बजेट बिनियोजन भएका छन् कि छैनन् भन्ने सर्न्दभमा अध्ययन र विश्लेषण गर्नु महत्वपूर्ण छ । विशेषगरी मगर, थारू, मुस्लिम र दलितको उल्लेख्य जनसंख्या रहेको यो प्रदेशमा प्रदेशसभाले नीति तथा कार्यक्रम निर्माण र बजेट बिनियोजनमा यी समुदायका सरोकारलाई कसरी सम्बोधन गरेको छ ? समावेशी सिद्धान्तको अभ्यास कसरी भइरहेको छ भन्ने सवाललाई केन्द्रमा राखेर यो अध्ययन गरिएको हो ।

१.२ अध्ययनको उद्देश्य

लुम्बिनी प्रदेशमा सीमान्तीकृत समुदायको दृष्टिकोणबाट समावेशीताको अभ्यासबारे बुझ्न यो अध्ययन गरिएको हो । यो अध्ययनको उद्देश्य लुम्बिनी प्रदेशद्वारा निर्मित ऐन, कानुन, नीति तथा कार्यक्रम र बजेटमा समावेशीकरणको अभ्यास कसरी गरेको छ भन्ने समीक्षा गर्ने र प्रदेशसभा, प्रदेश सरकार र सरोकारवाला निकायलाई समावेशीकरणको व्यवहारिक र प्रभावकारी अभ्यासका लागि आवश्यक सुझाव प्रदान गर्नु हो । बुँदागत रूपमा यो अध्ययनको निम्न उद्देश्य रहेका छन् :

- संघीयताको अभ्याससँगै लुम्बिनी प्रदेशमा सीमान्तीकृत समुदायको अपेक्षा र तिनको सम्बोधनका लागि भएका अभ्यासको समीक्षा गर्ने ।
- लुम्बिनी प्रदेशको संरचनागत नेतृत्व, ऐन, कानुन, सरकारको नीति एवं वार्षिक नीति तथा कार्यक्रम र बजेट बिनियोजनमा समावेशीकरण अभ्यासको अवस्थाबारे अध्ययन र समीक्षा गर्ने ।
- लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम र बजेट निर्माण सीमान्तीकृत समुदायको अपेक्षा अनुरूप भएका छन् वा छैनन् भन्ने तथ्यगत जानकारी प्राप्त गर्ने ।
- लुम्बिनी प्रदेशमा सीमान्तीकृत समुदायको समावेशीकरण (नीति तथा कार्यक्रम र बजेट) प्रबर्द्धनको सम्भावना पहिचान गरी प्रदेश सरकार र सरोकारवालालाई सुझाव प्रदान गर्ने ।

१.३ अध्ययन विधि

यस अध्ययन सम्पन्न गर्नका लागि चार किसिमका विधिको प्रयोग गरी आवश्यक तथ्याङ्क, सूचना र विचारहरू संकलन गरिएको छ । ती विधि निम्नानुसार रहेका छन् :

साहित्य समीक्षा : यो अध्ययन विश्लेषणमा संघीयताको अभ्यास र सीमान्तीकृत समुदायको अपेक्षा, राजनीतिक शासकीय व्यवस्था र समावेशीकरणका सन्दर्भमा प्रकाशित र विभिन्न माध्यममा उपलब्ध सामग्री संकलन गरी समीक्षा गरिएको छ । विशेषगरी राज्य पुनर्संरचनाका सन्दर्भमा सीमान्तीकृत समुदायले उठाएका मुद्दा र अपेक्षा, नयाँ संविधान जारी भएपछि संघीयताको अभ्याससँगै सीमान्तीकृत समुदायले राखेका अपेक्षा र लुम्बिनी प्रदेशको सीमान्तीकृत समुदायसँग सम्बन्धित विभिन्न प्रतिवेदन, पुस्तक र लेख रचनाको अध्ययन गरिएको छ । यसका साथै लुम्बिनी प्रदेश सरकारले पारित गरी कार्यान्वयनमा ल्याएको बिगत पाँच आर्थिक वर्ष[८]को नीति तथा कार्यक्रम र बजेटलाई पनि समावेश गरि अध्ययन र समीक्षा गरिएको छ ।

तथ्याङ्क संकलन : यो अध्ययनमा समावेशीकरण केन्द्रित तीन किसिमका तथ्याङ्क संकलन गरिएको छ । एक, राजनीतिक नीति निर्माण गर्ने मुख्य निकायमा सीमान्तीकृत समुदायको प्रतिनिधित्व सम्बन्धी तथ्याङ्क । दुई, प्रदेशसभाले निर्माण गरेका ऐनका साथै नियमावली र कार्यविधि । तीन, प्रदेश सरकारले बिनियोजन गरेको बिगत पाँच वर्षको कार्यक्रमगत बजेट तथा आ.व. २०८०/८१ कार्यक्रमगत खर्चको तथ्याङ्क संकलन गरी सीमान्तीकृत समुदायको दृष्टिकोणबाट समीक्षा र विश्लेषण गरिएको छ ।

विषय विज्ञसँगका समूहगत छलफल : यो अध्ययनका क्रममा चारओटा विषय केन्द्रित समूहगत छलफल सम्पन्न गरियो । उक्त समूहगत छलफलबाट लुम्बिनी प्रदेशमा समावेशीकरणको अभ्यासबारे निम्न सूचना र विचारहरू संकलन गरिएको छ :

१) सीमान्तीकृत समुदायबाट प्रतिनिधित्व गर्ने प्रदेशसभाका पूर्व सदस्यसँगको छलफलबाट बिगतमा प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा समावेशीकरणको सन्दर्भलाई कसरी समेटेको थियो भन्ने अनुभव संकलन गरिएको छ ।

२) प्रदेशसभामा प्रतिनिधित्व गर्ने सीमान्तीकृत समुदायका वर्तमान प्रदेशसभा सदस्यसँग पनि प्रदेशले नीति तथा कार्यक्रम निर्माण गर्दा र बजेट

---

[८] लुम्बिनी प्रदेशको आ.व. २०७७/७८, २०७८/७९, २०७९/८०, २०८०/८१ र २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटको विश्लेषण गरिएको छ । यसका साथै लुम्बिनी प्रदेशसभाले गठन भएको पहिलो वर्ष आ.व. २०७५/७६ मा ल्याएको नीति तथा कार्यक्रमलाई पनि अध्ययनमा समेटिएको छ ।

बिनियोजन गर्दा सीमान्तकृत समुदायका सरोकार र समावेशी अभ्यासलाई कसरी लिएको छ ? समावेशी नीति तथा कार्यक्रम निर्माणमा कस्ता चुनौती र समस्या छन् भन्ने विषयमा छलफल गरिएको छ ।

३) सीमान्तीकृत समुदायका निमित्त प्रदेशको नीति तथा कार्यक्रम र बजेट कसरी निर्माण भएका छन् वा गरिनुपर्दछ भन्नेबारेमा नागरिक समाजको भूमिका र विचारहरू संकलन गरिएको छ ।

४) बजेट निर्माण, बिनियोजन र खर्च गर्दा प्रदेशसभा सदस्यका साथसाथै विभिन्न मन्त्रालयका कर्मचारीको भूमिकाले समावेशी अभ्यासलाई के र कसरी टेवा पुग्ने गरेको छ र उनीहरूको भूमिका कस्तो हुनुपर्दछ भन्नेबारेमा पनि छलफल गरिएको छ ।

विषय विज्ञसँगको अन्तर्वार्ता : लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम र समावेशीकरणका सन्दर्भमा विषयवस्तुसँग सरोकार राख्ने विभिन्न जानकार व्यक्ति र विज्ञसँग अन्तर्वार्ता गरिएको छ । विशेषगरी प्रदेश सरकारको आर्थिक मामिला मन्त्री, मुख्यमन्त्री, सामाजिक विकास मन्त्री, पूर्व अर्थमन्त्री र प्रदेश योजना आयोगका प्रतिनिधिका साथै सीमान्तीकृत समुदायका प्रतिनिधि र समावेशीकरण र संघीयताका विज्ञहरूसँग कुराकानी गरी आवश्यक सूचना र विविध विचार संकलन गरिएको छ ।

१.४ अध्ययनको सीमा

यो अध्ययन मूलतः लुम्बिनी प्रदेशमा रहेको समावेशीकरणको अभ्यासमा केन्द्रित छ । यो अध्ययनमा संघीय व्यवस्था अन्तर्गत लुम्बिनी प्रदेशमा सीमान्तीकृत समुदायको अपेक्षा र प्रदेशले अपनाएको समावेशीताको अभ्यासलाई विश्लेषण गरिएको छ ।

मूलतः प्रदेशको नीति निर्माण गर्ने संरचना र नीति निर्माणमा समावेशीकरणको अवस्था र प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई सीमान्तीकृत समुदायको दृष्टिकोणबाट समीक्षा गरिएको हुँदा यसले समावेशीकरणका अन्य आयामलाई समेटेको छैन ।

संघीयताको कार्यान्वयन भएको सातवर्ष पूरा भयो तथापि यो अध्ययनमा पाँच आर्थिक वर्ष (आ.व. २०७६/७७ देखि २०८१/८२ सम्म)को मात्रै समीक्षा गरिएको

छ । यो अध्ययनमा लक्षित समूह[१]का लागि छुट्याइएका बजेट विश्लेषण गर्ने क्रममा समावेशीकरणका विभिन्न आयामलाई उजागर गरेको छ । यद्यपि, लुम्बिनी प्रदेशको तथ्याङ्कीय प्रणाली खुल्ला नहुनु तथा यस अध्ययनको क्रममा प्रदेश सरकारका जिम्मेवार निकायको चासो कम रहनुका कारणले विश्लेषणलाई वस्तुगत रूपमा हेर्न भने केही कठिन भएको थियो । सोही कारण यो अध्ययनमा पाँच वर्षमध्ये चारवर्षको बजेटको सम्पूर्ण खर्चको सम्पूर्ण विवरण विश्लेषण गर्न सम्भव भएन ।

त्यसैले, नमुनाको रूपमा आ.ब. २०८०/८१ को खर्च विवरण मात्रै हेरिएको छ । यसले पाँचै वर्षको बजेटमा समावेशीताको अभ्यासको पूर्ण विवरण दिन सक्दैन तथापि एउटा झलक भने अवश्य दिन्छ । नीति तथा कार्यक्रम र बजेटको सन्दर्भमा प्रदेश सरकारले छुट्याएको बजेटको बारेमा चर्चा गरिएको छ तर खर्च र कार्यक्रमले ल्याएको परिणामलाई यहाँ समावेश गरिएको छैन । यो अध्ययनमा प्रदेशको ऐन, कानुन, नीति, कार्यक्रम र बजेटलाई मात्रै केन्द्रमा राखिएको हुँदा लुम्बिनी प्रदेशको अन्य स्थानीय तहहरूको नीति तथा कार्यक्रम र बजेटको पाटो समावेश गरिएको छैन । लुम्बिनी प्रदेशको समावेशी अभ्यासमा केन्द्रित भएको यो अध्ययनले अन्य प्रदेशको अवस्थालाई प्रतिबिम्बित गर्दैन तथापि विश्लेषणका कतिपय सन्दर्भ अन्य प्रदेशसँग मेल खाने र सन्दर्भ स्रोत बन्न सक्दछ ।

१.५ अवधारणात्मक दृष्टिकोण

सीमान्तीकृत समुदायको संघर्षबाट नेपालमा संघीयता स्थापित भएको हो । सैद्धान्तिक रूपमा हेर्दा स्वशासन, स्वयत्तता, र समावेशीता संघीयताका आधार हुन् । विशेषगरी यी सवालहरू नेपालमा सीमान्तीकृत समुदायले सबैभन्दा धेरै उठाउँदै आएको राजनीतिक एजेण्डाहरू हुन् । सीमान्तीकृत समुदायको आवश्यकता र अपेक्षाअनुरूप संघीय व्यवस्थालाई बलियो बनाउँदै जाँदा मात्रै संघीयताको प्रभावकारिता बढ्दछ । यसरी बहुसंख्यक सीमान्तीकृत समुदायको अपेक्षालाई सम्बोधन गर्न सोही किसिमको राजनीतिक शासकीय दृष्टिकोणबाट पर्याप्त मात्रामा बुझ्नु र विश्लेषण गर्नु आवश्यकता हुन्छ । त्यसैले यो अध्ययनले संघीयतामा सीमान्तीकृत समुदायको मुख्य अपेक्षा र आवश्यकतालाई केन्द्रमा राखेर पाँचओटा अवधारणागत दृष्टिकोणलाई आधार मानेको छ ।

१. राजनीतिक शासकीय व्यवस्था : संघीयताको अभ्याससँगै आदिवासी जनजाति,

[१] यो अध्ययनमा महिला, बालबालिका र जेष्ठ नागरिकका साथै दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई लक्षित समूहका रूपमा चर्चा गरिएको छ । तर, लक्षित समूहअन्तर्गत सीमान्तीकृत समूहमा मूलतः दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम र अन्य अल्पसंख्यक समुदालाई मात्रै समावेश गरिएको छ ।

मधेशी, थारू र सीमान्तीकृत समुदायले राजनीतिक शासकीय व्यवस्थालाई रूपान्तरण गर्नैपर्ने मागदाबी राख्दै आइरहेका थिए र छन् । पहिचान, ऐतिहासिक भूगोल, थातथलो, भाषा, संस्कृति आदिका आधारमा स्वायत्ततासहितको राजनीतिक शासकीय व्यवस्था आदिवासी जनजाति, थारू र सीमान्तीकृत समुदायको माग हो । त्यसैले, प्रदेशले नीति तथा कार्यक्रम तयार पार्दा वा नयाँ नीति निर्माण गर्दा र बजेट बिनियोजन गर्दा स्वायत्ततासहितको शक्ति अभ्यास हुने शासकीय व्यवस्था स्थापित र सुदृढ गर्न सघाउ पुऱ्याउने ध्येय राखेको छ कि छैन भन्ने कोणबाट यो अध्ययन गरिएको छ ।

२. समानुपातिक समावेशी सिद्धान्त र अभ्यास : राज्य पुनर्संरचना र संघीयताको अर्को महत्वपूर्ण पक्ष समानुपातिक समावेशी सिद्धान्तको प्रभावकारी कार्यान्वयन हो, जुन सीमान्तीकृत समुदायको प्रत्यक्ष सरोकारका विषय हो । सीमान्तीकृत समुदायको हकमा संघीयताको अभ्यासलाई समावेशीताको कोणबाट विश्लेषण नगरेसम्म त्यसको उपयोगिता र प्रभावकारीता जाँच्न सकिन्न । त्यसैले यो अध्ययन, समानुपातिक समावेशीकरणको सैद्धान्तिक दृष्टिकोणलाई आधार मानेर तयार गरिएको छ ।

३. प्राकृत्तिक एवं वित्तीय स्रोत साधनमा पहुँच : सीमान्तीकृत समुदायले संघीयतासँगै प्राकृतिक स्रोतमाथिको अधिकार, न्यायोचित पहुँचका साथै वित्तीय स्रोतमाथि पहुँचको माग सशक्त रूपमा उठाउँदै आइरहेका छन् । त्यसैले लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम र बजेटको विश्लेषण गर्दा प्राकृतिक स्रोत एवं वित्तीय स्रोतमाथि सीमान्तीकृत समुदायको पहुँच र अधिकारको दृष्टिकोणबाट पनि हेरिएको छ ।

४. जीविकोपार्जनमा स्तरोन्नति : राज्यको पुनर्संरचनासँगै सीमान्तीकृत समुदायले आधारभूत अधिकार जस्तै : गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकारको सहज उपयोग गर्न पाउने आशा राखेका थिए र छन् । त्यसैले लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम र बजेटमा सीमान्तीकृत समुदायको जीविकोपार्जन सम्वन्धी के कस्ता समावेश भएका छन् भन्ने अवधारणाबाट पनि हेरिएको छ ।

५. सम्मानित पहिचान, न्याय र आत्मसम्मान : संघीयतासँगै सीमान्तीकृत समुदायले पहिचानको सम्मान हुने, जातजाति, भाषा, संस्कृति आदिका आधारमा गरिने विभेदको अन्त्य हुने र सबैलाई आत्मसम्मानपूर्वक बाँच्न पाउने सामाजिक-सांस्कृतिक पर्यावरणको निर्माण गरिने अपेक्षा राखेका थिए । त्यसैले लुम्बिनी प्रदेशको नीति, कार्यक्रम र बजेटलाई सीमान्तीकृत समुदायको सम्मानित पहिचान, न्याय र आत्मसम्मानको दृष्टिकोणबाट पनि हेरिएको छ ।

अध्याय दुई :
संघीयता र सीमान्तकृत समुदायको अपेक्षा

नेपालमा लामो समयदेखि वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक, सामाजिक, सांस्कृतिक विभेद र असमानता कायम रह्यो । राज्यले यस्ता समस्यालाई समाधान गर्ने गरी शासन प्रणालीमा फेरबदल ल्याउन सकेन । त्यसैले केन्द्रिकृत राज्यको पुनर्संरचना गरी राजनीतिक, प्रशासनिक र आर्थिक अधिकार वा राज्यशक्तिको नयाँ ढङ्गले बाँडफाँड गरी जनताको जीवनमा सहजता ल्याउनका लागि राज्यको पुनर्संरचना गर्न राजनीतिक सहमति जुटेको हो । नेपालको राज्यको पुनर्संरचनाको महत्वपूर्ण पक्ष एकात्मक र केन्द्रिकृत राज्यलाई संघीय व्यवस्थामा रूपान्तरण गर्नु थियो । एकात्मक राज्यका कारण उत्पन्न असमानता र विभेदकारी शासकीय व्यवहार बदल्नका लागि संघीय प्रणाली अपनाइएको हो । राज्यकै कारण सीमान्तीकरणमा पारिएका जातजाति, समुदाय वा सांस्कृतिक समूह वा क्षेत्रको राज्यका सबै संरचनामा पहुँच र प्रतिनिधित्व बृद्धिका लागि नेपालले संघीयतातर्फ फड्को मारेको हो ।[१०]

नेपालमा २००७ मा प्रजातन्त्र स्थापना भएदेखि नै सुरू भएको संघीयताको माग मूलतः मधेशी, आदिवासी जनजाति र सीमान्तीकृत समुदायले सशक्त रूपमा उठाउदै ल्याएका हुन् । राजनीतिक रूपमा नेपाल तराई कांग्रेसले वि.सं. २००८ मै स्वायत्त तराई प्रदेशको माग गरेको थियो । वि.सं २०४७ देखि नेपाल सद्भावना पार्टीले पनि संघीयताको मुद्दालाई उठाउँदै आएको थियो । प्रजातन्त्रको पुनःस्थापनासँगै विशेषगरी आदिवासी जनजातिका विभिन्न संघसंगठनले पनि जातीय स्वायत्ततासहितको माग उठाउँदै आएका थिए । वि.सं २०५२ सालमा तत्कालीन नेकपा (माओवादी)ले राज्यलाई ४० बुँदे मागपत्र पेश गर्दा जनजातिको बाहुल्य भएको क्षेत्रमा स्वायत्त शासन र पिछडिएको इलाकालाई क्षेत्रीय स्वायत्तताको मुद्दा सशक्त रूपमा उठाएको थियो ।[११] जनयुद्धको समयमा माओवादीले स्वायत्त प्रदेशको अभ्यास समेत गरेको

[१०] राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति : अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धित प्रतिवेदन, २०६६ । संविधानसभा, सिंहदरबार, काठमाडौं ।

[११] तत्कालीन नेकपा (माओवादी)ले २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष प्रस्तुत गरेको ४० बुँदे मागपत्रमा यो विषय समावेश भएको छ ।

थियो ।[१२] वि.सं २०६२ सालको मंसिर, राजनीतिक रूपमा नेकपा (माओवादी) र सात राजनीतिक दलबीच राजनीतिक सम्झौता हुँदा 'राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्र स्थापना'[१३] गर्ने सवाल समावेश गरिएको थियो । संवैधानिक रूपमा चाहिँ मधेशी र सीमान्तीकृत समुदायको संघर्षको बलमा नेपालको अन्तरिम संविधान, २०६३ को तेस्रो संशोधन भएपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा रूपान्तरण भएको हो ।

नेपाललाई संघीय व्यवस्थामा पुनर्संरचना गराउनका लागि नेकपा (माओवादी), मधेशी, आदिवासी जनजाति र सीमान्तीकृत समुदायको उल्लेखनीय योगदान रहेको छ । यसरी राज्यसत्ता र शक्तिको वितरण र बाँडफाँड गर्ने संघीय व्यवस्था अपनाउनुका पछाडि मूलतः तीनओटा कारण छन् : एक, केन्द्रिकृत निर्णय-प्रणाली र संयन्त्रको अन्त्य गरी स्वशासन र स्वायत्ततासहितको विकेन्द्रिकृत राज्य प्रणाली स्थापना गर्नु । दुई, नेपालमा विभिन्न जातजाति, भाषा, संस्कृति र समुदायको राज्यका सबै तहमा न्यायोचित र समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्नु । तीन, जातजाति, भाषा, धर्म र संस्कृतिका आधारमा हुने विभेदको अन्त्य गरी सामाजिक न्यायमा आधारित राज्यसत्ता स्थापित गर्नु ।[१४] यसका, अलावा सामाजिक समावेशीकरणको अभ्यासमार्फत विभेदको अन्त्य गर्ने स्वायत्त र साझा शासन हुने प्रणाली अवलम्बन तथा सुदृढीकरण गर्दै उत्पीडित र सीमान्तीकृत समुदायको आवश्यकता र अकांक्षालाई सम्बोधन गर्नका निमित्त संघीय व्यवस्था अपनाइएको हो ।

नेपालको संविधान, २०७२ मा सात प्रदेशसहितको संघीय व्यवस्था रहने उल्लेख गरियो । २०७४ मा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएर तीनै तहको सरकार गठन भएपछि नेपालमा संघीयताको व्यवहारिक अभ्यास सुरू भएको हो । यसरी प्रदेशसभाको पनि गठन भएपछि तिनले प्रदेशका लागि आवश्यक ऐन, नीति तथा कार्यक्रम र बजेट निर्माण गरी लागू गरिरहेका छन् । यही पृष्ठभूमिमा लुम्बिनी प्रदेशका सीमान्तीकृत समुदायले संघीयतासँगै राखेका मुख्य अपेक्षाबारे यहाँ चर्चा गरिएको छ ।

---

[१२] तत्कालीन नेकपा (माओवादी)ले जनयुद्धकालमा नौओटा जातीय-क्षेत्रीय स्वायत्त प्रदेशको अभ्यास गरेको थियो । ती यस प्रकार थिए : १. सेती-महाकाली, २. भेरी-कर्णाली, ३. थारूवान, ४. मगरात, ५. नेवाः, ६. तामसालिङ, ७. तमुवान, ८. मधेश स्वायत्त प्रदेश र ९. किरात (लिम्बुवान र खम्बुवान) स्वायत्त प्रदेश थिए ।

[१३] तत्कालीन नेकपा (माओवादी) र सात राजनीतिक दलबीच २०६२ मंसिर ५ गते भएको सम्झौताको पृष्ठभूमिमा नै यो सवाल उल्लेख गरिएको छ ।

[१४] श्रेष्ठ, श्याम । २०६५ । बहुजातीय प्रदेशको विकल्प छैन । हिमाल खबर पत्रिका, चैत्र १-१५, पृ. ३०-३१ ।

२.१ राजनीतिक शासकीय व्यवस्था

संघीय प्रदेश निर्माणको आधार पहिचान र सामर्थ्य हुनुपर्छ र पहिचानकै आधारमा प्रदेशको नामांकन गरिनुपर्छ भन्ने सीमान्तीकृत समुदायको मुख्य माग थियो । सोहीअनुरूप शासकीय व्यवस्था हुनेछ भन्ने उनीहरूका अपेक्षा थिए । जसअनुसार पहिलो संविधानसभा अन्तर्गत राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्य पुनर्संरचना उच्चस्तरीय सुझाब आयोगले प्रदेश निर्माणको आधार पहिचान र सामर्थ्यलाई नै बनाएको थियो । पहिचानका पाँच आधार : जातीय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता र सामर्थ्यका चार आधार : आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य, पूर्वाधारको विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमता[१५]लाई मानेको थियो । विशेषगरी आदिवासी जनजाति र सीमान्तीकृत समुदायले पहिचानको सम्मान, जातीय स्वायत्तता र सीमान्तीकृत समुदायको भाषा, संस्कृति र सभ्यताको संरक्षित र विशेष क्षेत्र निर्माणको अपेक्षा गरेका थिए ।

वास्तवमा संघीय संरचनामा सीमान्तीकृत समुदायले आ-आफ्ना थातथलोमा स्वायत्तता अथवा स्वशासनको अभ्यास गर्न र संघमा साझेदारीता गर्न पाउने (लावती, सन् २०१३) अपेक्षा गरेका थिए । तर प्रदेशको संख्या र सीमांकनले मधेशी, आदिवासी जनजाति र सीमान्तीकृत समुदायको अपेक्षालाई सम्बोधन नगरेको हुँदा चर्को विरोध भएको थियो ।[१६] संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन, २०६६ र राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको सुझाब प्रतिवेदन २०६८ मा पनि यो कुरा समावेश गरिएको थियो ।[१७] तर, प्रदेश निर्माणका क्रममा जातीय, भाषिक, सांस्कृतिक पहिचानसहितको स्वायत्त प्रदेशको अवधारणाले मूर्तरूप लिन सकेन ।

संघीयताको कार्यान्वयन भएपछि भने सीमान्तीकृत समुदायले संवैधानिक व्यवस्था कार्यान्वयनको अपेक्षा राखे । संविधानको धारा ५६ को उपधारा ५ मा "स्वायत्त, विशेष र संरक्षित क्षेत्रको व्यवस्था संघीय कानून बमोजिम हुने" भनी उल्लेखित गरियो । यद्यपि, यस्तो व्यवस्थाको कार्यान्वयन गर्ने/गराउनेबारे कहिँ कतै स्पष्ट व्याख्या गरिएको छैन ।

---

[१५] राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन (वि.सं. २०६६) र राज्य पुनर्संरचना उच्चस्तरीय सुझाब आयोगको प्रनिवेदन (वि.सं. २०६८) मा यो विषय स्पष्टसँग उल्लेख गरिएको छ ।

[१६] आदिवासी जनजाति, मधेशी, थारूलगायत विभिन्न संगठनले प्रदेशको संख्या र सीमांकनमा असहमती जनाउँदै आन्दोलन गरेका थिए । २४ ओटा मधेशी र आदिवासी जनजाति पार्टी आबद्ध भएको 'संघीय गठबन्धन' नै निर्माण गरेर २०७४ बैशाख १० गते २६ बुँदे मागसहित संयुक्त आन्दोलनको समेत घोषणा गरेका थिए (मूल्याङ्कन, २०७३, बैशाख-जेठ) ।

[१७] राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन, २०६६ को अनुसूचि २ मा २३ ओटा स्वायत्त क्षेत्रको सूचि समावेश गरिएको छ ।

प्रदेशभित्र मूलतः एक जाति वा भाषिक समुदायको बाहुल्यता भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्त क्षेत्र घोषणा गर्न सकिन्छ। यसैगरी अल्पसंख्यकका रूपमा रहेका जातजाति, समुदाय, सांस्कृतिक, लोपोन्मुख र सीमान्तीकृत समुदायको संरक्षण र सम्बर्द्धनका लागि संरक्षित क्षेत्र निर्माण गर्न सकिन्छ। स्वायत्त र संरक्षित क्षेत्रले समेट्न नसकेको भौगोलिक क्षेत्रलाई समेटेर आर्थिक र सामाजिक रूपान्तरणका लागि विशेष क्षेत्रको व्यवस्था गर्न सकिन्छ।[१८] संविधानमा उल्लेखित यस्तो व्यवस्थाले पनि सीमान्तीकृत समुदायको राजनीतिक शासकीय अधिकारको प्रबर्द्धन गर्न सक्दछ। उदाहरणका लागि, थारू बहुल स्वायत्त क्षेत्र घोषणा भएको अवस्थामा उक्त स्वायत्त क्षेत्रको नीति निर्माण र कार्यान्वयनमा थारू समुदायकै मुख्य भूमिका रहन्छ। तर, लुम्बिनी प्रदेश सरकारले स्वायत्त, संरक्षित र विशेष क्षेत्र निर्माणमा कुनै चासो देखाएको छैन । समुदायस्तरबाट पनि पर्याप्त पहल हुन सकेको छैन ।

सीमान्तीकृत समुदायको प्रयत्नकै कारण २०७९ मा संघीय मामिला मन्त्रालयले स्वायत्त, संरक्षित र विशेष क्षेत्रसम्बन्धी मस्यौदा विधेयक तयार पारेको थियो।[१९] प्रदेशमा त्यस्ता केही प्रयत्न भएका छन्।[२०] जातजाति, भाषा, संस्कृति र समुदायको अपेक्षालाई सम्बोधन हुने गरी त्यस्ता क्षेत्र निर्धारण गर्ने र सोहीअनुरूप शासकीय पद्धतिको निर्माण हुने हो भने आदिवासी जनजाति, थारू, मधेशी र अन्य सीमान्तीकृत समुदायको पहिचानको सम्मान हुनुका साथै भाषिक, सांस्कृतिक र सभ्यताको अभ्यास गर्ने सहज परिस्थिति निर्माण हुन सक्छ। यो दिशातर्फ लुम्बिनी प्रदेशले कुनै किसिमको पहलकदमी लिएको छैन।

२.२ समानुपातिक समावेशी सिद्धान्त र अभ्यास

नेपालको संविधानले राज्यको सबै निकायमा आदिवासी जनजाति, दलित, मधेशी, थारू, मुस्लिमलगायत सीमान्तीकृत समुदायको समानुपातिक समावेशीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था गरेको छ। यो प्रावधानअनुरूप राज्यका सबै तह र निकायमा समानुपातिक प्रतिनिधित्व हुने आशा सीमान्तीकृत समुदायले गरेका थिए। उदाहरणका लागि लुम्बिनी प्रदेशको नीति निर्माण र कार्यान्वयन गर्ने प्रदेशसभा र प्रदेश सरकारका साथै प्रदेशअन्तर्गतका सबै निकायमा थारू समुदायको जनसंख्याको

---

[१८] राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन, २०६६ मा स्वायत्त, संरक्षित र विशेष क्षेत्रबारे व्याख्या गरिएको छ।

[१९] दनुवार, ज्योति। २०८१। स्वायत्त, विशेष, संरक्षित क्षेत्रको कार्यान्वयन खै ? नेपालभ्यूज। मंसिर, ५। दनुवारको लेख यो लिंकमा उपलब्ध छ : https://www.nepalviews.com/2024/11/20/333073/

[२०] त्यसैले बराम संघले २०७४ मा गोरखाको बराम थातथलोलाई स्वायत्त क्षत्र निर्धारणको मागसहित बराम संघले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। अदालतले संघीय सरकार र स्थानीय सरकारलाई बरामको स्वायत्त क्षेत्र निर्धारण गर्न २०७५ मा आदेश जारी गरेको थियो। तर संघीय सरकार र स्थानीय सरकारले उक्त आदेशको पालना गरेका छैनन्।

अनुपातमा प्रतिनिधित्व हुने र उनीहरूको राजनीतिक प्रतिनिधित्व, जातीय, भाषिक, सांस्कृतिक आवश्यकता र अपेक्षा सम्बोधन हुने अपेक्षा थारू समुदायले गरेका थिए । [२१]

समानुपातिक प्रतिनिधित्वको मूल आशय जातजाति, लिङ्ग र समुदायका आधारमा ऐतिहासिक बहिष्करणको कारण उत्पन्न असमान शक्ति-सम्बन्धमा फेरदबल ल्याइ सबै समुदायबीच समान शक्ति अभ्यास गर्ने परिस्थितिको निर्माण गर्नु हो । लुम्बिनीका सीमान्तीकृत समुदायको अपेक्षा बिगतमा देखिएको प्रभुत्वशाली समुदायको एकाधिकारको अन्त्य हुन्छ र नीति निर्माण तथा कार्यान्वयनमा सीमान्तीकृत समुदायको अर्थपूर्ण प्रतिनिधित्व हुन्छ भन्ने थियो । यसका साथै प्रदेशको नीति तथा कार्यक्रम र बजेट बिनियोजनमा पनि समावेशीता सिद्धान्तको अभ्यास हुने, सबैभन्दा पछाडि पारिएका वर्ग र समुदायको आवश्यकतालाई सम्बोधन हुने नीति, कार्यक्रम र बजेट निर्माण गरिने विश्वास सीमान्तीकृत समुदायमा थियो ।[२२]

समग्रमा प्रदेश अन्तर्गतका मुख्य नीति निर्माण गर्ने संसद, सरकार, नियुक्ति, कर्मचारी प्रशासनदेखि सबै सार्वजनिक निकायमा सीमान्तीकृत समुदायले जनसंख्याको आधारमा अर्थपूर्ण समानुपातिक प्रतिनिधित्वको अभ्यास हुने अपेक्षा सीमान्तीकृत समुदायमा थियो ।

२.३ प्राकृतिक एवं वित्तीय स्रोत साधनमा पहुँच

संघीयताको कार्यान्वयनसँगै थारू, मधेशी र अन्य सांस्कृतिक सम्प्रदायले प्राकृतिक स्रोतमाथिको पहुँच र अधिकार सुनिश्चित हुने अपेक्षा गरेका थिए । नेपालको आदिवासी जनजाति ऐतिहासिक रूपमा आ-आफ्नो भूमि तथा थातथलोमा बसोबास गर्दै आइरहेका छन् । ऐतिहासिक रूपमा उपभोग गर्दै आइरहेको भूमि र आय आर्जनसँग जोडिएको प्राकृतिक स्रोतमाथिको पहुँच, उपभोग र नियन्त्रणको अधिकार आदिवासी जनजातिलाई हुनुपर्छ भन्ने आवाज आदिवासी जनजातिहरूले लामो समयदेखि उठाउँदै आइरहेका छन् । मूलतः भूमि, प्राकृतिक स्रोतमाथिको अधिकार, अग्रीम सु-सूचित मञ्जूरी, विकास प्रतिफलको लाभमा पहुँचजस्ता सवाललाई उनीहरूले प्राथमिकताकासाथ अघि सार्दै आएका छन् ।

त्यस्तै, ऐतिहासिक रूपमा भूमिबाट बेदखल पारिएका दलित र अन्य सीमान्तीकृत समुदायको भूमिमाथिको पहुँच र हक स्थापित हुने आशा संघीयतापछि बढेको थियो ।

[२१] लुम्बिनीमा सीमान्तीकृत समुदायका सामाजिक-राजनीतिक अभियान्तासँगको छलफलमा यो सवाल सशक्तरूपमा उठेको थियो ।
[२२] लुम्बिनीमा सीमान्तीकृत समुदायका सामाजिक-राजनीतिक अभियान्तासँगको गरिएको समहूगत छलफलका क्रममा यो सवाल उठेको थियो ।

नेपालको संविधान, २०७२ को धारा ४० मा भूमिहीन र आवासबिहीन दलितलाई कानुनबमोजिम जमिन र आवासको व्यवस्था गरिने उल्लेख छ। त्यसैले, संघीयताको कार्यान्वयनसँगै दलित, भूमिहीन र सीमान्तकृत समुदायले जीविकोपार्जनका लागि आवश्यक जमिनमाथि स्वामित्व प्राप्त हुन्छ भन्ने अपेक्षा राखे। अर्कोतिर, राज्यले उपलब्ध गराउने वित्तीय अवसर र बजेटमार्फत पनि सीमान्तीकृत समुदायको आवश्यकता परिपूर्ति हुन्छ भन्ने उनीहरूको अपेक्षा थियो। संघीयताको अभ्याससँगै प्राकृत्तिक स्रोतसाधन मात्रै होइन, आर्थिक जीवनको रूपान्तरणका लागि राज्यको वित्तीय स्रोतमाथि पहुँच पुग्ने सीमान्तीकृत समुदायको आशा थियो।

संविधानले प्रत्येक नागरिकको मौलिक अधिकार तथा अति विपन्नहरूको लागि विशेष प्रावधानहरू सुनिश्चित गरेपनि, आर्थिक स्रोतबाट उनीहरूलाई बञ्चित गरेपछि मानवीय स्रोत संशाधन र सूचना प्रविधिसम्बन्धी स्रोत साधनहरूमा उनीहरूको स्वभाविक रूपमा पहुँच हुन सक्दैन थियो। उनीहरू भूमि अधिकार, सुरक्षित आवासको अधिकार, रोजगारीको अवसरजस्ता आधारभूत मानवअधिकारबाट समेत वञ्चित हुन्थे। जस्तैः ४३ प्रतिशत बादी समुदायको भूमिमा पहुँच छैन।[२३] बादी मात्रै होइन, लुम्बिनी प्रदेशका अरू सीमान्तीकृत समुदायको पनि जस्तै : कमैया, कमलहरी, चिडीमार, पत्थरकट्टा आदि, ऐतिहासिक शोषण र राज्य शासन तथा प्राकृतिक स्रोत साधनबाट बेदखल गरिँदै आएका छन्। यसरी बञ्चितीकरणमा पारिएका समुदायको कुनै पनि खालको प्राकृतिक स्रोत साधनहरूमा पहुँच पुग्न सकिरहेको छैन।

तसर्थ राज्यसँग भएको सबैखालको स्रोत साधनहरूको पुनः एवं न्यायोचित वितरण गरि त्यसमा सीमान्तीकृत समुदायको पहुँच, स्वामित्व र नियन्त्रण स्थापित गराउनु संघीय प्रणालीको एक प्रमुख दायित्व हो। त्यसैले संघीयतापछि उनीहरूको आर्थिक, प्राकृतिक, मानवीय, सूचना प्रविधिलगायतका स्रोत साधनहरूमा पहुँच स्थापित गर्ने जिम्मेवारी प्रदेश सरकारले निर्वाह गर्ला भन्ने आशा सीमान्तीकृत समुदायमा रहेको छ।

यसैगरी आर्थिक स्रोतको न्यायोचित बाँडफाँट वित्तीय संघीयताको स्वयत्ततासँग सम्बन्धित हुन्छ। तर नेपालमा वित्तीय संघीयताले सीमान्तीकृत समुदायको प्राकृतिक स्रोत र वित्तीय अधिकार उपलब्ध गराउने विधिबारे प्रष्ट दृष्टिकोण निर्माण गरेको देखिँदैन। तथापि, सीमान्तीकृत समुदायले परम्परागत भूमि, प्राकृतिक स्रोत र साधनमाथिको पहुँच, नियन्त्रण र उपभोगको अपेक्षा राख्दै आइरहेका छन्। यति

[२३] नेपाली, गोपाल र केशव। २०७६। बादी समुदायको पहिचान र अवस्था। सामुदायिक सशक्तिकरण तथा रूपान्तरण (कमिट) नेपाल।

मात्रै होइन प्राकृतिक एवं वित्तीय स्रोत साधनको व्यवस्थापन तथा वितरणलाई समावेशी र समन्यायिक बनाउने नीति बनाउन र स्रोत साधनमाथिको पहुँचमा रहेको असमानता हटाउन राज्यले ढिला या चाँडो पहल गर्ला भन्ने अपेक्षा सीमान्तीकृत समुदायको रहेको छ ।

२.४ जीविकोपार्जनमा स्तरोन्नति

गरिबीबाट मुक्ति र जीविकोपार्जनमा सहजता सबै नागरिकको चाहना हो । अझ ऐतिहासिक रूपमा स्रोत साधनबाट बञ्चितीकरणमा पारिएका, गरिबी र अभावका कारण संकटपूर्ण जीवन बाँचिरहेका सीमान्तीकृत समुदायको मुख्य सरोकारको विषय ती समस्याहरू समयमा नै हल गरिनुपर्दछ । सन् २०२१ मा राष्ट्रिय योजना आयोग र अक्सफोर्ड विश्वविद्यालयले गरेका बहुआयामिक गरिबीसम्बन्धी अध्ययनले नेपालमा १७.४ प्रतिशत नेपाली, बहुआयामिक गरिबीमा रहेको देखाएको थियो भने लुम्बिनी दोस्रो धेरै गरिब जनसंख्या भएको प्रदेशमा थियो ।[२४]

नेपाल जीवनस्तर सर्वेक्षण (२०७९/८०) अनुसार नेपालमा गरिबीको दर २०.२७ प्रतिशत छ । लुम्बिनीको गरिबी दर २४.३५ प्रतिशत अर्थात औषतभन्दा बढी छ । सातवटा प्रदेशमध्ये लुम्बिनी गरिबीको तेस्रो स्थानमा छ ।[२५] सन् २०१८/२०१९ को आर्थिक सर्वेक्षणमा लुम्बिनी प्रदेशको निरपेक्ष गरिबीको रेखमुनी रहेको १८.२ प्रतिशत, बहुआयामिक गरिबी दर २९.९ प्रतिशत र बेरोजगारी दर ११.२ प्रतिशत रहेको छ । त्यस्तै चरम गरिबी दर ८.२ प्रतिशत, जोखिमयुक्त गरिबी दर २०.१ प्रतिशत, र गरिबी दर २० प्रतिशत रहेको थियो । यी सबै तथ्याङ्कले लुम्बिनी प्रदेशमा निकै ठूलो जनसंख्या गरिबीको अवस्थाबाट गुज्रिरहेको देखिन्छ । यसरी गरिबीको अवस्थामा रहेको जनसंख्यामध्ये सबैभन्दा धेरै दलित, मुस्लिम र सीमान्तीकृत समुदायका रहेका छन् ।[२६]

सीमान्तीकृत समुदायले समावेशी संघीय व्यवस्थाको कार्यान्वयनसँगै संविधानमा उल्लेखित मौलिक हकको सहज अभ्यास गर्ने परिस्थितिको परिकल्पना गरेका थिए । तीमध्ये सुरक्षित आवास, खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारजस्ता अधिकारको उपयोग दैनिक जीविकाका मुख्य आवश्यकता थिए । लुम्बिनी प्रदेशले तयार पारेको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) मा समावेशी विकास र बहुआयामिक

[२४] Multidimensional Poverty Index. 2021. Nepal Multidimensional Poverty Index: Analysis Towards Action 2021. Government of Nepal.

[२५] Summary Report. 2024. Nepal Living Standard Survey 2022-23. Kathmandu, National Statistic Office.

[२६] २०६८ को जनगणनाअनुरूप २५.२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहँदा करिब ४२ प्रतिशत दलित चरम गरिबीको अवस्थामा थिए, यसलाई आधार मान्ने हो भने लुम्बिनी प्रदेशमा पनि दलित सबैभन्दा बढी गरिबीको अवस्थामा रहेको आँकलन गर्न सकिन्छ (जीवनस्तर सर्वेक्षण २०६८, केन्द्रिय तथ्याङ्क विभाग)

गरिबीमा कमी आउने सोच राखेको छ। गरिबीको रेखामुनि रहेको जनसंख्या लक्षित, पाँचवर्षे रणनीतिक लक्ष्य निर्धारण गरी सामाजिक न्यायसहितको आर्थिक विकास गर्ने उल्लेख गरिएको छ। योजनामा सीमान्तकृत समुदायको जीविकोपार्जनमा टेवा पुर्याउने कार्यक्रमहरू नीति तथा योजनामा समावेश गरिएको छ। जस्तै : प्रदेशले हलिया, हरवा, चरवा र पूर्व कमैयालाई साना व्यवसाय सुरू गर्न प्रविधि र आर्थिक सहयोग गर्ने घोषणा गरेको छ। गुम्बा, मदरसा र धार्मिक शिक्षा संस्थालाई मूलप्रवाहमा ल्याउने, दुई सन्तानकी आमालाई पोषण भत्ता प्रदान गर्ने, थारू समुदायका लागि सिकलसेल एनिमियाको निःशुल्क उपचार कार्यक्रम, श्रमिकलाई सीपमूलक तालिमलगायत गतिविधि वार्षिक योजना तथा नीतिमा समेटिएका छन्। यस्ता नीतिगत व्यवस्थाको व्यवहारिक कार्यान्वयन पनि सीमान्तीकृत समुदायको अपेक्षा थियो र छ।

२.५ सम्मानित पहिचान, न्याय र आत्मसम्मान

जातजाति, धर्म-संस्कृति, लिङ्ग र भाषाको आधारमा हुने विभेद र हिंसाको अन्त्य सीमान्तीकृत समुदायको अर्को अपेक्षा हो। २०७८ को जनगणनाअनुसार लुम्बिनी प्रदेशमा १ सय १ जातजाति र ४४ मातृभाषा बोल्ने मानिसको बसोबास रहेको छ।[२७] विशेषगरी यो प्रदेशमा करिब १५ प्रतिशत हाराहारी आदिवासी मगर र त्यतिकै संख्यामा थारू समुदायको बसोबास रहेको छ। यसैगरी यो प्रदेशमा लोपोन्मुख जातजाति, भाषा र सांस्कृतिक समुदायको पनि बसोबास छ। यति मात्रै होइन, राज्यको पहुँचमा पुग्न नसकेका अत्यन्तै सीमान्तीकृत चिडीमार, नटुवा, पत्थरकट्टाजस्ता जातजाति पनि छन्। लुम्बिनीमा मुक्त कमैया, कमलरी, बादीलगायतको जनसंख्या पनि उल्लेख्य छ। संघीयताको कार्यान्वयनसँगै प्रदेशभित्रका ठूलो भाषिक सांस्कृतिक समुदायका साथसाथै कम जनसंख्या भएका र लोपोन्मुख जातजाति, भाषा र संस्कृतिको पहिचान र आत्मसम्मानसहितको जीवनयापनको अपेक्षा गरिएको छ।

लुम्बिनी प्रदेशमा जातीयता र भाषिक आधारमा आदिवासी जनजाति, थारू, मधेशी र अन्य सीमान्तीकृत समुदायमाथि ऐतिहासिक रूपमा विभेद हुँदै आइरहेको छ। यस्तै, लिङ्गका अधारमा महिलामाथि हुने विभेद र हिंसा तथा जातकै आधारमा दलित समुदायमाथि हुने विभेद, हिंसा र छुवाछूत पनि कायमै छ। संघीयताको कार्यान्वयनसँगै सीमान्तीकृत समुदायमाथि हुने गरेका जातीय, भाषिक, सांस्कृतिक विभेद, त्यस्तै लिङ्गका अधारमा महिलामाथि हुने गरेको विभेद र जातकै आधारमा दलित समुदायमाथि हुने छुवाछूत विभेद न्यूनीकरण हुने सीमान्तीकृत समुदायको अपेक्षा रहेको छ। त्यस्तै, प्रदेशको आगामी नीति, योजना र कार्यक्रमहरूले सीमान्तीकृत समुदायको आफ्नो पहिचानसहितको आत्मसम्मानपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकार सुनिश्चित हुन्छ भन्ने पनि विश्वास रहेको छ।

[२७] संक्षिप्त प्रतिवेदन। वि.सं. २०७३। राष्ट्रिय जनगणना २०७८। काठमाडौं, राष्ट्रिय तथ्याङ्क कार्यालय।

अध्याय तीन : लुम्बिनी प्रदेशमा समावेशी अभ्यासको अवस्था

३.१ राजनीतिक समावेशीकरण

नेपालमा राज्य पुनर्संरचनाको एउटा महत्वपूर्ण एजेण्डा राज्यसत्तामा रहेको एकल जातीय वर्चश्व वा एकाधिकारवादको अन्त्य गरी राज्यलाई समावेशी बनाउनु थियो । विगतमा नीति निर्माण, बजेट बिनियोजन र कार्यान्वयन गर्ने नेतृत्व तहमा आदिवासी जनजाति, दलित, महिला, मधेशी, थारू, मुस्लिम आदिको अर्थपूर्ण प्रतिनिधित्व हुन सकेन । बिगतमा राज्यले नियोजित रूपमा बहिष्करण गरेकै कारण उक्त ऐतिहासिक बहिष्करणको क्षतिपूर्तिस्वरूप विशेष व्यवस्था गरेर सीमान्तीकृत समुदायलाई राज्यको नीति निर्माण तहमा ल्याउन आवश्यक भएको हो । एकात्मक र असमावेशी राज्यबाट उत्पीडित समुदायले न्याय, समानता र आत्मसम्मानको अनुभूति गर्न नसकेकै कारण नेपालमा समावेशी लोकतन्त्र वा समानुपातिक समावेशीकरणको मुद्दा विभिन्न सामाजिक-राजनीतिक आन्दोलनमार्फत सशक्त रूपमा उठेका हुन् ।

नेपालको संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय तहले राजनीतिक नीति निर्माण, र कार्यान्वयन गर्दा राज्यका समग्र निकायमा आदिवासी जनजाति, दलित, महिला, मधेशी, थारू, मुस्लिमलगायतका सीमान्तीकृत समुदायको समानुपातिक समावेशीकरण गर्नै पर्ने प्रावधानलाई आत्मासाथ गरेको छ । केही अपुग छन्, तथापि समानुपातिक समावेशीकरणलाई राजनीतिक र संवैधानिक रूपमै स्वीकार गरिएको छ । यसको अर्थ, यत्तिबेला राज्यमा समानुपातिक समावेशी प्रतिनिधित्व सीमान्तीकृत समुदायको अधिकार भएको छ । सामाजिक समावेशीकरणका मूलतः तीनओटा महत्वपूर्ण आयाम छन् । एक, यथास्थितिमा आधारित असन्तुलित शक्ति-अभ्यास वा असमान शक्ति-सम्बन्धहरूको अन्त्य गर्ने । विशेषगरी निश्चित वर्ग, जातजाति, क्षेत्र, लिङ्ग र समुदायले अधिक मात्रामा गरिरहेको शक्तिको अभ्यास र दुरूपयोग गरी विभेद र बहिष्करण संस्थागत गरिएको हो । यसरी संस्थागत गरिएका शक्ति सम्बन्धलाई बदल्नु समावेशी अभ्यासको एउटा लक्ष्य हो । त्यसैले समावेशीकरणको एउटा

महत्वपूर्ण आयाम यथास्थितिमा रहेको असमान शक्ति-सम्बन्धको अन्त्य गरी समान शक्ति सम्बन्धको अभ्यास गर्नु हो ।

दुई, समावेशीको अर्को आयाम असमान शक्ति संरचनाका कारण समाज, संरचना र सम्बन्धहरूमा रहेका समस्याहरूको हल समानता मात्रै हैन समताको सिद्धान्तबाट हुनुपर्छ भन्ने समावेशीताको अर्को आयाम हो । बिगतदेखि अभ्यासमा रहेको असमान व्यवहारलाई सकारात्मक विभेद, आरक्षण वा विशेष व्यवस्थाको माध्यमबाट समानतातिर लैजानुपर्छ भन्ने हो । असमान शक्ति-सम्बन्ध भएको सामाजिक-राजनीतिक परिवेशमा सबैलाई प्रदान गरिने समानताको हक सीमान्तीकृत एवं बहिष्कृतहरूको लागि पर्याप्त छैन र ऐतिहासिक विभेद र वहिष्करणको क्षतिपूर्तिस्वरूप थप अधिकार प्रदान गरिनु पर्छ भन्ने मान्यता समावेशीकरणको अर्को महत्वपूर्ण पक्ष हो ।

तीन, सामाजिक समावेशीकरणको अर्को आयाम प्रभुत्वशाली समुहद्वारा निर्मित मूलधारे संरचनामा बिलिन हुनु होइन, बरू सामाजिक विविधतालाई स्वीकार्नु हो । फरक पहिचान, भिन्न-भिन्न जीवन दर्शन र मूल्य मान्यता, भाषा, संस्कार र संस्कृति आदिको पहिचानलाई आत्मसात गर्नु वा सम्मानपूर्वक स्वीकार्नु हो ।[२८] त्यसैले सामाजिक समावेशीकरणको अवधारणा सीमान्तीकृत समुदायको पहिचान र प्रतिनिधित्व हुनुमा मात्रै सीमित छैन । राज्यको ऐन, कानुन, नीति निर्माण साथै बजेट विनियोजन र कार्यान्वयनलाई समावेशी बनाउनु र तिनको प्रभावकारी अभ्यासमार्फत् परिवर्तनलाई संस्थागत गर्नु पनि हो ।

बहिष्करणमा पारिएका समुदायको निरन्तर एवं अथक सामाजिक-राजनीतिक संघर्षकै कारण समावेशीकरणको अवधारणा स्वीकारिएको हो । विशेषगरी तत्कालीन नेकपा (माओवादी) ले २०५२ सालबाट सुरू गरेको सशस्त्र जनयुद्ध, २०६२/६३ को जनआन्दोलन, मधेशी, आदिवासी जनजाति, दलित, महिला र सीमान्तीकृत समुदायको निरन्तर आन्दोलनकै कारण समावेशी सिद्धान्त राष्ट्रिय राजनीतिक एजेण्डा बनेको हो । र, समानुपातिक समावेशीकरणको सिद्धान्तलाई संवैधानिक, राजनीतिक र सामाजिक रूपमा पनि स्वीकारिएको हो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा विशेषगरी संविधान निर्माणका लागि गठन हुने संविधानसभामा सीमान्तीकृत समुदायको प्रतिनिधित्व सुनिश्चितताका लागि

[२८] Tamang, Mukta S. 2014. Perspective on Social Inclusion and Implication for Research in Nepal. Om Gurung, Mukta S. Tamang, and Mark Turin. Kathmandu, Central Department of Sociology/Anthropology (CDSA), Tribhuvan University.

निर्वाचन प्रणालीमा ४० प्रतिशत पहिलो हुने निर्वाचित हुने प्रणालीमा र ६० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरियो । नेपालको संविधान, २०७२ को प्रस्तावनामै “नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने” संकल्प उल्लेख गरिएको छ । त्यस्तै, महिलाको हकसम्बन्धी धारा ३८ (४), दलितको हकसम्बन्धी धारा ४० (१) र सामाजिक न्यायसम्बन्धी धारा ४२ (१) मा सीमान्तीकृत समुदायलाई राज्यको सामाजिक सिद्धान्तको आधारमा राज्यका सबै निकायमा समावेशी हुने अधिकार प्रदान गरिएको छ । यो संवैधानिक प्रावधानलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नु प्रदेश सरकारको दायित्व हो । यसरी सैद्धान्तिक रूपमा स्वीकार गरिएको समावेशीकरणको अभ्यास लुम्बिनी प्रदेशको मूलत : तीन क्षेत्र क) संरचनागत नेतृत्व, ख) ऐन र कानुन निर्माण र, ग) वार्षिक नीति तथा कार्यक्रम र बजेट बिनियोजन कसरी भइरहेको छ भन्ने यहाँ समीक्षा गरिएको छ ।

३.२ प्रदेशसभामा समावेशीकरण

संवैधानिक व्यवस्थाअनुसार प्रदेशसभाको काम प्रदेश सभामुख, उपसभामुख र मुख्यमन्त्री निर्वाचित गर्नु हो भने मुख्य काम प्रदेशमा आवश्यक ऐन, कानुन र नीति निर्माण गर्ने, प्रदेशसभामा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटमा छलफल गरी पारित गर्ने, र प्रदेश सरकारको काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी प्रभावकारी रूपमा कार्यान्वयनका लागि जवाफदेही बनाउनु हो । यति महत्वपूर्ण प्रदेशसभामा सीमान्तीकृत समुदायको अर्थपूर्ण र प्रभावकारी प्रतिनिधित्व हुनु वा नहुनुले प्रदेशसभाले निर्माण गर्ने ऐन, कानून र बजेटको प्रभावमा समेत फरक असर पार्दछ । त्यसैले प्रदेशसभा र सभाभित्रका विभिन्न समितिमा सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्थाको विश्लेषणको निकै महत्व रहन्छ ।

लुम्बिनी प्रदेशसभामा निर्वाचित ८७ जना सदस्य छन् । तीमध्ये २७.८६ प्रतिशत जनसंख्या रहेको खासआर्य समुदायबाट धेरै ३९ जना (४४.८३ प्रतिशत) प्रतिनिधित्व छ जुन खसआर्यको जनसंख्याभन्दा १७ प्रतिशत बढी हो । ७२ प्रतिशत जनसंख्या

ओगटेको सीमान्तीकृत समुदायहरूको प्रतिनिधित्व भने समग्रमा ५५ प्रतिशत मात्रै रहेको छ । १४.३० प्रतिशत जनसंख्या रहेको थारूको प्रदेशसभामा १६.०९ प्रतिशत प्रतिनिधित्व छ, जुन जनसंख्याको अनुपातमा थोरै बढी हो । २०.८२ प्रतिशत जनसंख्या रहेको आदिवासी जनजातिको १७.२४ प्रतिशत, १४ प्रतिशत जनसंख्या रहेको दलितको ६.९० प्रतिशत, १५.४७ प्रतिशत जनसंख्या रहेको मधेशीको १०.३४ प्रतिशत र ७.१३ प्रतिशत जनसंख्या रहेको मुस्लिमको ४.६० प्रतिशत प्रतिनिधित्व रहेको छ । यी सबै समुदायको जनसंख्याको अनुपातभन्दा कम प्रतिनिधित्व रहेको छ ।

तालिका २ : प्रदेशसभामा विभिन्न समुदायको प्रतिनिधित्वको अवस्था

जातजाति	पहिलो हुने निर्वाचित हुने प्रणाली		जम्मा	समानुपातिक निर्वाचन प्रणाली		जम्मा	जम्मा पुरुष र महिला		जम्मा	प्रतिशत
	पुरुष	महिला		पुरुष	महिला		पुरुष	महिला		
खसआर्य	२४	१	२५	१	१३	१४	२५	१४	३९	४४.८३
आदिवासी जनजाति	८		८		७	७	८	७	१५	१७.२४
मधेसी	९		९				९		९	१०.३४
दलित				१	५	६	१	५	६	६.९०
थारू	८		८	१	५	६	९	५	१४	१६.०९
मुस्लिम	२		२		२	२	२	२	४	४.६०
जम्मा	**५१**	**१**	**५२**	**३**	**३२**	**३५**	**५४**	**३३**	**८७**	
प्रतिशत	९८.०८	१.९२	१००.००	८.५७	९१.४३	१००.००	६२.०७	३७.९३	१००.००	

स्रोत : डिग्निटी इनिसियटिभ र निर्वाचन आयोग, २०७९

तालिका नं. २ मा देखाइएझैं ऐतिहासिक रूपमा नीति निर्माण तहमा वर्चश्व कायम गर्दै आइरहेको खसआर्य समुदायको प्रतिनिधित्व जनसंख्याको अनुपातभन्दा बढी छ । पहिलो हुने निर्वाचित हुने प्रणालीबाटै २५ जना (२८.७३ प्रतिशत) प्रतिनिधित्व गरिरहेको खसआर्यले समानुपातिकतर्फबाट पनि सबैभन्दा धेरै १४ जनाको प्रतिनिधित्व प्राप्त गरेको छ । यो निर्वाचन परिणाम समानुपातिक समावेशीताको सिद्धान्तअनुरूप छैन किनकी यसले वर्चश्वशाली खसआर्य समुदायकै प्रभुत्वलाई निरन्तरता दिँदै सीमान्तीकृत समुदायको प्रतिनिधित्वलाई खुम्च्याएको छ ।

लुम्बिनी प्रदेशको नीति निर्माण गर्ने संसदमा मात्रै होइन, विभिन्न संसदीय समितिमा पनि अर्थपूर्ण समावेशीकरणको अभ्यास हुन सकेको छैन । २०७४ मा प्रदेशसभाको निर्वाचन भएपछि लुम्बिनी प्रदेशमा विभिन्न संसदीय समिति गठन भएका छन् । प्रदेश सरकारमा भएका राजनीतिक परिवर्तनसँगै पटक-पटक संसदीय समितिका पदाधिकारी पनि फेरिए । २०७४ देखि २०८१ सम्म २० जना प्रदेशसभा सदस्य

संसदीय समितिमा छानिए । त्यसरी छानिएका संसदीय समितिका सभापतिमध्ये १४ जना पुरूष र ६ जना मात्रै महिला छन् ।

संसदीय समितिको सभापतिमा सबैभन्दा धेरै अर्थात् ६० प्रतिशत खसआर्य समुदायको छ । त्यसैगरी आदिवासी जनजातिको प्रतिनिधित्व २० प्रतिशत रहेको छ । पहिलो प्रदेशसभाको समयमा एकजना र वर्तमान प्रदेशसभाको समिति सभापतिमा एक/एकजना दलितको प्रतिनिधित्व थियो भने मधेशी र थारू समुदायबाट जम्माजम्मी एक/एकजना मात्रै संसदीय समिति सभापतिको भूमिकामा छनौट भएका थिए । प्रदेशमा उल्लेख्य जनसंख्या रहेको मुस्लिम समुदायबाट भने एकजना पनि संसदीय समिति सभापतिमा छनौट भएका छैनन् । यस्ता तस्वीर आउनुमा प्रदेशभित्र गठन हुने संसदीय समितिमा सीमान्तीकृत समुदायको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था नहुनुको परिणाम हो ।

चित्र १ : लुम्बिनी प्रदेशको संसदीय समिति सभापतिमा समावेशीताको अवस्था



स्रोत : डिग्निटी इनिसियटिभ, २०८१ ।

३.३ प्रदेश सरकार : वर्चश्वशालीकै दबदबा

प्रदेशसभामा बहुमत प्राप्त मुख्यमन्त्रीले प्रदेशको कार्यपालिका अर्थात् सरकार सञ्चालनको मुख्य नेतृत्व गर्छन् । लुम्बिनी प्रदेशसभा गठन भएदेखि राजनीतिक समीकरणमा हुने परिवर्तनसँगै सात पटक मुख्यमन्त्री परिवर्तन भए । नेकपा (एमाले)का नेता शंकर पोखरेल दुई पटक मुख्य मन्त्री नियुक्त भए । त्यस्तै, कुलप्रसाद केसी, लिला गिरी, डिल्लीबहादुर चौधरी, जोखबहादुर महरा र चेतनारायण आचार्य

पनि प्रदेश मुख्यमन्त्रीमा नियुक्त भएका थिए । मुख्यमन्त्रीमा निर्वाचित छ जनामध्ये पाँचजना खसआर्य समुदायका र एकजना डिल्लीबहादुर चौधरी[२९] थारू समुदायका थिए । प्रदेश सरकारको कार्यकारी प्रमुखको भूमिकामा खसआर्यकै प्रभुत्व कायम छ ।

संघीयताको अभ्यास भएर प्रदेश सरकार गठन भएको हुनाले थारू समुदायले मुख्यमन्त्री बन्ने अवसर प्राप्त भयो भने अन्य चारजनाले पनि मन्त्री बन्ने अवसर प्राप्त गरे । पहिलो पटक डिल्ली चौधरीले मुख्यमन्त्रीमा निर्वाचित हुनुपूर्व पर्यटन ग्रामीण तथा शहरी विकास मन्त्रीको भूमिका पनि निर्वाह गरेका थिए । यसैगरी थारू समुदायका इन्द्रजीत थारू स्वास्थ्य तथा जनसंख्या मन्त्रीका साथै भौतिक पूर्वाधार मन्त्री, वैजनाथ चौधरी दुईपल्ट आर्थिक मामिला तथा योजना मन्त्री, दुर्गाप्रसाद चौधरी वन तथा वातावरण मन्त्री र धर्मबहादुर चौधरी दुईपल्ट भौतिक पूर्वाधार तथा विकास मन्त्रीमा नियुक्त भएका थिए । संघीय व्यवस्थाअर्न्तगत थारू समुदायको प्रतिनिधि (पुरूष)हरूले प्रदेश सरकारको महत्वपूर्ण भूमिका निर्वाह गर्न पाए पनि अन्य सीमान्तकृत समुदायले त्यो अवसर पाउन सकेका छैनन् ।

लुम्बिनी प्रदेशको सरकारमा २०७४ देखि २०८१ सम्म मुख्यमन्त्रीसहित ७० जना मन्त्री र ४ जना राज्यमन्त्री नियुक्त भएका छन् । जसमध्ये एक राज्मन्त्रीसहित ४३ जना (५८.११ प्रतिशत) खसआर्य समुदायबाट नियुक्त भएका थिए । मन्त्री मण्डल हेरफेर भइरहँदा मन्त्रीको संख्या पनि बढेको देखिन्छ भने एउटै व्यक्ति दुई पटकदेखि चारपटकसम्म मन्त्री बनेका छन् । यसरी दुई वा दुईभन्दा बढी पटक मन्त्री बन्नेमा पनि सबैभन्दा धेरै अर्थात १२ जना खसआर्य समुदायकै छन् । यसैगरी लुम्बिनी प्रदेशको मुख्यमन्त्री र मन्त्रिपरिषद्मा थारू समुदायबाट ९ जना (पटक) मन्त्री बने । तीमध्ये तीनजना दोहोरिएर मन्त्री बनेका थिए ।

आदिवासी जनजातिबाट ८ जना मन्त्री नियुक्त भएका थिए । जसमा राज्यमन्त्रीको रूपमा एकजना महिला र बाँकी पुरूष रहेका थिए । मुस्लिम समुदायबाट तीनपटक मन्त्री परिषद्मा प्रतिनिधित्व भएको थियो, जसमध्ये एकजना दोहरिएर मन्त्री बनेका थिए । १४ प्रतिशत जनसंख्या रहेको दलित समुदायका एकजना महिला राज्यमन्त्री बनेको बाहेक अरू प्रतिनिधित्व भएको छैन । लुम्बिनी प्रदेशको सरकारमा दलितको प्रतिनिधित्व शून्य छ ।

[२९] डिल्ली बहादुर चौधरी थारू समुदायबाट मुख्यमन्त्री हुने एकजना मात्रै प्रतिनिधि हुन् । संघीयताको अभ्यासको ७ वर्षमा उनीबाहेक अरू कुनै पनि प्रदेशमा थारू मुख्यमन्त्रीमा निर्वाचित भएका छैनन् ।

चित्र २ : प्रदेश मन्त्रीपरिषद्मा विभिन्न जातजातिको प्रतिनिधित्वको अवस्था (२०७४ देखि २०८१ सम्म)



स्रोत : डिग्निटी इनिसियटिभ, २०८१ ।

३.४ असमावेशी प्रदेश योजना आयोग

प्रदेशको दूरगामी विकासको अवधारणा तयार पार्ने, लक्ष्य निर्धारण गर्ने, अल्पकालीन र दीर्घकालीन नीति, रणनीति र योजना तयार गर्ने, प्रदेश सरकारलाई आवश्यक सहयोग प्रदान गर्ने विज्ञ समूहको रूपमा काम गर्ने निकाय हो, प्रदेश योजना आयोग । प्रदेश योजना आयोगको मुख्य काम प्रदेशको दूरगामी लक्ष्य, मार्गचित्र, नीति तथा योजना निर्माण गर्नु हो ।[३०] लुम्बिनी प्रदेशको हकमा बिगत ७ वर्षमा ६ पटक प्रदेश योजना आयोगको पदाधिकारी परिवर्तन भए । सरकार परिवर्तन हुने बित्तिकै मुख्यमन्त्रीले प्रदेश योजना आयोगको उपाध्यक्ष र सदस्य परिवर्तन गरेका कारण लुम्बिनी प्रदेश योजना आयोगमा पदाधिकारीको गठन र बिघटनको श्रृङ्खला नै चलिरह्यो । सरकार परिवर्तन हुँदा पटक-पटक योजना आयोगको गठन भएपनि समावेशी चरित्र भने देखिएन । नियुक्त भएका ६ जना उपाध्यक्षमध्ये ५ जना र १३ जना सदस्यमध्ये १० जना खसआर्य समुदायबाटै नियुक्त भए । दलित र मुस्लिम समुदाबाट एकजना पनि नियुक्ति गरिएन । आयोगका उपाध्यक्ष र सदस्यमध्ये ७८.९५ प्रतिशत खसआर्य समुदायबाटै नियुक्त गरिनु समावेशी सिद्धान्तको अवमूल्यन गर्नु हो । प्रदेशको समग्र नीति र योजना बनाउने आयोगमा यस्तो असमावेशी अभ्यास हुँदा स्वभाविक रूपमा आयोगका नीति र योजना पनि समावेशी हुन नसकेको स्पष्ट रूपमा देख्न सकिन्छ, जुन यो अध्ययनको नीति तथा कार्यक्रम र बजेट खण्डमा समीक्षा गरिएको छ ।

[३०] प्रदेश योजना आयोग(गठन तथा सञ्चालन) आदेश, २०७४ । लुम्बिनी प्रदेश ।

चित्र ३ : प्रदेश योजना आयोगमा समावेशीताको अवस्था



३.५ प्रदेशसभाले निर्माण गरेका ऐन : समावेशीकरणको उपेक्षा

प्रदेशसभाको मुख्य काम प्रदेशका लागि आवश्यक कानून आदि निर्माण गर्नु हो भने प्रदेश सरकारका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गर्ने र नागरिकका सरोकारप्रति सरकारलाई जवाफदेही बनाउनु हो । त्यसैले प्रदेशसभाले कस्ता कानुन र नीति निर्माण गरेका छन् भन्ने सवालले सीमान्तीकृत समुदायले समावेशी अधिकारको अभ्यास गर्ने परिस्थिति निर्माण भयो कि भएन भन्ने कुराको निर्धारण गर्दछ । यसैगरी प्रदेशसभाको अर्को महत्वपूर्ण काम भनेको प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गर्नु हो ।

त्यसैले प्रदेशले नीति निर्माण गर्दा सीमान्तीकृत समुदायको अधिकार र समावेशीतालाई प्रबर्द्धन गर्ने ऐन, कानुन र नीति बन्छ कि बन्दैन भन्ने सवालले निकै अर्थ राख्छ । यति मात्रै होइन, प्रदेशसभाले बनाएका ऐन, कानुन र नीतिमा समावेशीकरणको सवाललाई कसरी समावेश गरिन्छ भन्ने इच्छाशक्तिले पनि, प्रदेशको नीति निर्माण कतिको समावेशी छ भनेर हेर्न मद्दत गर्दछ । संघीयताको कार्यान्वयनसँगै लुम्बिनी प्रदेशमा समावेशीकरण प्रबर्द्धन गर्ने वा समावेशी नीति निर्माण हुने अपेक्षा सीमान्तीकृत समुदायमा थियो तर व्यवहारमा कस्तो देखिएको छ त ? त्यसैले यहाँ लुम्बिनी प्रदेशसभाले निर्माण गरेका ऐन, कानून र नीतिको समावेशीकरणको दृष्टिकोणबाट समीक्षा गरिएको छ ।

तालिका ३ : प्रदेशसभा र प्रदेश सरकारले निर्माण गरेका नीतिगत व्यवस्था (२०७४ देखि २०८१ मंसिरसम्म-राजपत्रमा उपलब्ध)

राजपत्रमा प्रकाशित नीति	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	जम्मा	प्रतिशत
प्रशासनिक	२७	२६	४	४	६१	५२.५९
वित्तीय व्यवस्था	२४	२	१	१	२८	२४.१४
सेवा सुविधा	६				६	५.१७
स्वास्थ्य (खाद्यान्न)	२				२	१.७२
कृषि	२				२	१.७२
बालबालिका	१				१	०.८६
सञ्चार	३	१			४	३.४५
शिक्षा	१	१			२	१.७२
प्रकृति र वातावरण	२	२	२		६	५.१७
खेलकुद	१				१	०.८६
पर्यटन	१	२			३	२.९५
जम्मा	७०	३४	७	५	११६	१००.००

स्रोत : लुम्बिनी प्रदेशसभा सचिवालय र डिग्निटी इनिसियटिभ, २०८१ ।

संघीय व्यवस्था अभ्याससँगै प्रदेशसभा र प्रदेश सरकार सञ्चालनमा आएको सात वर्षमा निर्माण भएका अधिकांश ऐन, नियमावली, कार्यविधि र निर्देशिका प्रदेशको प्रशासनिक संयन्त्र निर्माण र सञ्चालनमा केन्द्रित छन् । विशेषगरी प्रदेशसभा र सरकारअन्तर्गतका विभिन्न मन्त्रालय र निकायले निर्माण गरेका ती नीतिमध्ये ५२ प्रतिशत हाराहारी प्रशासनिक सवालमा, २४ प्रतिशत वित्तीय व्यवस्थासँग र करिब ५ प्रतिशत निर्वाचित जनप्रतिनिधिको सेवा सुविधामा केन्द्रित छन् । स्वभाविक रूपमा प्रदेश, नयाँ राजनीतिक संरचना भएको हुँदा प्रदेशले निर्माण गर्ने ऐन, कानुन र नीति भौतिक पूर्वाधार निर्माण, प्रशासन सञ्चालन जस्ता सवालले प्राथमिकता पाउँछन् । यद्यपि, यसरी बनेका प्रशासनिक, वित्तीय व्यवस्था र भौतिक पूर्वाधारजस्ता विषयमा बनेका ऐन, कानून र नीतिले संघीयतामा सीमान्तीकृत समुदायको अपेक्षालाई सम्बोधन गरिएको छ कि छैन भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण हुन आउँछ । लुम्बिनी प्रदेशले निर्माण गरेका अधिकांश ऐन, कानुन र नीतिमा संघीयताको मर्मअनुरूप सीमान्तीकृत समुदायको सरोकारलाई प्रभावकारी रूपमा सम्बोधन गरेको छैन ।

संघीयतामा परिकल्पना गरिएजस्तै सीमान्तीकृत समुदायमैत्री राजनीतिक शासन व्यवस्था मजबुत बनाउनका लागि प्रदेश सरकारले सीमान्तीकृत समुदायको स्वायत्तता र स्वशासन प्रबर्द्धन गर्ने नीतिगत व्यवस्था गर्न सक्थ्यो । यसैगरी संवैधानिक व्यवस्थाअनुरूप स्वायत्त, संरक्षित र विशेष क्षेत्र निर्माण गर्ने सन्दर्भमा नीतिगत पहलकदमी लिन सक्थ्यो । यति मात्रै होइन, विभिन्न जातजाति, भाषा संस्कृतिको पहिचान र सम्मान प्रबर्द्धन गर्ने नीतिगत व्यवस्था गर्न सक्थ्यो । बरू स्थानीय तहले थारूको बडघरसँग सम्बन्धित ऐन र नीति निर्माण गरेका छन्, तर प्रदेशसभाले निर्माण गरेका ऐन र नीतिमा यस्ता सवालले प्राथमिकता पाएका छैनन् ।

समावेशीकरणको प्रबर्द्धनका लागि प्रदेशसभाले सीमान्तीकृत समुदायसँग सम्बन्धित विशेष ऐन र नीति निर्माण गर्न सक्छ भने प्रदेशसभाबाट बन्ने सबै ऐन र नीतिमा समावेशीकरणको प्रावधानलाई प्रभावकारी रूपमा समावेश गर्न सक्दछ । प्रदेशसभाले सीमान्तीकृत समुदायको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक अधिकार प्रबर्द्धन गर्ने छुट्टै ऐन तथा कानून र नीति निर्माण गरेको देखिँदैन ।[३१] अर्कोतिर निर्माण गरेका र बनाइएका ऐन र नीतिमध्ये सीमितमा मात्रै समावेशीकरणको व्यवस्था गर्ने प्रयत्न भएको छ । उदाहरणका लागि प्रदेश सुशासन ऐन, २०७६ को दफा ६ मा उल्लेखित प्रदेश सरकारले अख्तियार गर्ने नीतिहरूमा आर्थिक समानता, शोषणरहित समाजको निर्माण र लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता विषय रहेका छन् ।[३२] यो ऐनले समावेशीकरणको सिद्धान्त स्वीकारेको भए पनि प्रदेशमा सुशासनको अवस्था कसरी सिर्जना गर्ने, सुशासनको जगलाई समावेशी बनाउने र शासन व्यवस्था र संरचनालाई कसरी समावेशी बनाउने भन्नेबारे स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सकेको छैन ।

यसैगरी प्रदेश प्रहरी ऐन, २०७९ ले संवैधानिक व्यवस्थाबमोजिम समावेशीकरणको प्रबर्द्धन गरेको छ । ऐनको दफा ५(५) मा प्रहरी संगठनलाई एक हदसम्म समावेशी बनाउने प्रयत्न गरिएको छ । ऐनको दफा २१ पदपूर्ति सम्बन्धी व्यवस्थाको उपदफा(१०) मा जम्मा खुलाइएको पदमध्ये ४५ प्रतिशत समावेशी मानी ती पदमध्ये महिला ३३ प्रतिशत, आदिवासी जनजाति १५ प्रतिशत, थारू १४ प्रतिशत, दलित १४ प्रतिशत, मधेशी १० प्रतिशत, विपन्न खसआर्य ६ प्रतिशत, मुस्लिम ५ प्रतिशत र द्वन्द्व पीडित ३ प्रतिशत छुट्याइएको छ ।[३३] महिलालाई छुट्याइएको ३३ प्रतिशतले

[३१] प्रदेशसभाको सामाजिक विकास समितिको सक्रियतामा दलित अधिकार ऐन, २०८१ को मस्यौदा तयार हुने क्रममा छ, तर संसदमा प्रस्तुत भएर पारित भएको छैन ।

[३२] प्रदेश सुशासन ऐन, २०७६ । लुम्बिनी प्रदेश, संसद सचिवालय ।

[३३] प्रदेश प्रहरी ऐन, २०७९ । लुम्बिनी प्रदेश, संसद सचिवालय ।

महिलाभित्रको विविधताको बेवास्ता गरेको छ । ६ प्रतिशत बिपन्न खसआर्यका नाममा समेत कोटा निर्धारण गरेर प्रभुत्वशाली समुदायकै प्रतिनिधित्व बढाउने व्यवस्था कायम राखिएको छ ।

लुम्बिनी प्रदेशको प्रदेश निजामती ऐन, २०८० ऐनमा निजामती सेवाको मार्गनिर्देशक सिद्धान्तको दफा ३ को उपदफा ३ (ख) मा कर्मचारी नियुक्ति गरिदा खुल्ला र समानुपातिक सिद्धान्तमा आधारित प्रतियोगितात्मक परीक्षाद्वारा गरिने उल्लेख गरिएको छ । दफा ११ मा समावेश पदपूर्तिसम्बन्धी विशेष व्यवस्थाअन्तर्गत निजामति सेवालाई समावेशी बनाउन पदपूर्ति हुने पदमध्ये ४९ प्रतिशत समावेशी कोटाका निम्ति छुट्ट्टयाइएको छ । जसमध्ये महिला १५ प्रतिशत, आदिवासी जनजाति ९ प्रतिशत, मधेशी १६ प्रतिशत, दलित १५ प्रतिशत, थारू १४ प्रतिशत, विपन्न खसआर्य ७ प्रतिशत, मुस्लिम ७ प्रतिशत, अपाङ्गता भएका व्यक्ति ३ र पिछडिएको क्षेत्र, लैङ्गिक तथा यौनिक अल्पसंख्यक ५ प्रतिशत कोटा तोकिएको छ ।[३४] ऐनमा समानुपातिक प्रतिनिधित्वका लागि ४९ प्रतिशत र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि पनि ५ प्रतिशत आरक्षित कोटा राखिनु सकारात्मक छ । महिलाका लागि छुट्याइएको आरक्षण महिलाभित्रको विविधतालाई नछुट्याई समग्रतामै राखिनु र बिपन्न खसआर्यको समेत आरक्षण कोटा निर्धारित हुनु समावेशीताको मूल मर्मअनुरूप अभ्यास होइन ।

प्रदेशले बनाएको ऐनलाई कार्यान्वयनमा ल्याउनका लागि नियमावलीले थोरै मात्रामा समावेशी मर्मलाई छोएका छन् । जस्तै : सुशासन नियमावली, २०७७ को दफा १२ अन्तर्गत सुशासनका लागि भाषा, धर्म, संस्कृति, लैङ्गिक अल्पसंख्यक, दलित, आदिवासी जनजाति, थारू, आदिको चासोलाई सम्बोधन गरिने कुरा उल्लेख छ ।[३५] प्रदेश निजामति सेवा नियमावली, २०८० मा पदपूर्ति गर्दा समावेशीकरणको अभ्यास सम्बन्धित आयोगले तय गरेको जात वा थरका आधारमा गर्ने व्यवस्था गरिएको छ । लुम्बिनी प्रदेशको लैङ्गिक समानता नीति, २०८० मा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा आधारित सार्वजनिक सेवाको वितरण गर्न, सबै क्षेत्रलाई समावेशी बनाउन यो नीतिको आवश्यकता भएको उल्लेख गरिएको छ । तर, नीति तथा कार्यनीतिमा सामाजिक समावेशीकरणको सवाल प्रष्ट रूपमा उल्लेख गरिएको छैन । प्रदेश तहमा गठन हुने लैङ्गिक समानता निर्देशन समितिलाई सामाजिक पृष्ठभूमिका आधारमा समावेशी बनाउने व्यवस्था गरिएको छैन ।

[३४] प्रदेश निजामती ऐन, २०८० । संसद सचिवालय । लुम्बिनी प्रदेश ।
[३५] सुशासन नियमावली, २०७७ । संसद सचिवालय । लुम्बिनी प्रदेश ।

समग्रमा लुम्बिनी प्रदेशले निर्माण गरेका नीतिगत व्यवस्थाहरूमा समावेशी सिद्धान्तलाई औपचारिक रुपमा मात्रै स्वीकार गरिएको छ । प्रदेश प्रहरी ऐन र प्रदेश निजामति ऐनबाहेकका ऐन, नियमावलीहरूमा सीमान्तीकृत समुदायको प्रतिनिधित्वबारे स्पष्ट व्यवस्था गरिएको छैन । सबै ऐन, नियमावली र कार्यविधिहरूले खुला तर्फका सबै पदपूर्तिमा खसआर्यको एकलौटी हुने र त्यसमाथि समावेशी कोटाभित्रैबाट पनि खस आर्य र महिलाभित्र पनि वर्चश्वशाली महिलाकै प्रतिनिधित्व हुने खालको प्रावधान ल्याइएको छ । त्यसले निजामति प्रशासनमा प्रभुत्व जमाइरहेका खसआर्यकै वर्चश्वलाई यी ऐन र नियमावलीले बढावा दिनेछन् ।

सीमान्तीकृत समुदायको हकमा समानुपातिक समावेशी सिद्धान्तको कार्यान्वयन र प्रतिफल प्राप्तिलाई नीतिगत रूपमै साँघुर्‍याइएको छ । समग्रमा, प्रदेशसभामार्फत बनेका सीमित ऐन र नियमावलीहरूले मात्रै सीमान्तीकृत समुदायको अपेक्षाअनुरूप शासकीय व्यवस्थालाई बलियो बनाउने र समानुपातिक समावेशीकरणलाई प्रबर्द्धन गर्ने दिशातिर थोरै ध्यान दिएका छन् । यी नीतिले सीमान्तीकृत समुदायले खोजेजस्तो सामाजिक र मानवीय विकास केन्द्रित ऐन, कानुन र नीति बनाउने दिशातिर उन्मुख हुन सकेका छैनन् । यस्तै, नीतिगत व्यवस्था गरिरहँदा समाजको सबैभन्दा पछाडि पारिएका सीमान्तीकृत समुदायको मानवीय विकास र संविधानको मौलिक अधिकारमा उल्लेखित आधारभूत मुद्दालाई हल गर्ने ऐन, नीति र कानुन नबन्दासम्म प्रदेशका सीमान्तीकृत समुदायको अपेक्षाको सम्बोधन हुन सकेको छैन् ।

अध्याय चार : समावेशी कोणबाट लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम र बजेट

४.१ सीमान्तीकृत समुदाय र प्रदेशको नीति तथा कार्यक्रम

प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रममार्फत प्रदेशको वार्षिक लक्ष्य, प्रदेशले अवलम्बन गर्ने नीति, प्राथमिक क्षेत्र निर्धारण र लक्ष्य प्राप्तिका लागि आवश्यक कार्यक्रमको रूपरेखा प्रस्तुत गर्दछ । त्यसैले वार्षिक नीति तथा कार्यक्रमलाई प्रदेश सरकारको मार्ग निर्देशक दस्तावेजकारूपमा लिने गरिन्छ । अध्ययनको यो खण्डमा लुम्बिनी प्रदेश सरकारका बिगतका पाँच वर्षमा ल्याएका वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई सीमान्तीकृत समुदायको दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

'समृद्ध प्रदेश, खुशी जनता'लाई लुम्निबी प्रदेश सरकारले दीर्घकालीन सोँचको रूपमा विकास गरेको थियो । यद्यपि, आ.व. २०७९/८० बाट प्रदेश सरकारले 'समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश'लाई दिर्घाकालीन सोंचको रूपमा रूपान्तरित गऱ्यो । यसको अर्थ प्रदेश सरकारले निर्माण गर्ने नीति, कार्यक्रम र बिनियोजत गर्ने बजेटको मुख्य आधार पनि यही लक्ष्य प्राप्त गर्ने किसिमको हुनुपर्छ । यद्यपि, लुम्बिनी प्रदेश सरकारले समृद्धि र आत्मनिर्भरता प्राप्तिको ठोस आधार र मार्गचित्र तयार पारिसकेको देखिँदेन । यसरी समृद्धि र आत्मनिर्भरता प्राप्तिको लक्ष्य निर्धारण गर्दा लुम्बिनी प्रदेशभित्रका करिब ७२ प्रतिशतभन्दा धेरै जनसंख्या ओगटेका सीमान्तीकत समुदायको आर्थिक समृद्धि, असमानता, अन्याय, विभेद र हिंसाको अन्त्य र सम्मानित जीवनसहितको समृद्धि प्राप्तिको स्पष्ट ढाँचा प्रदेश सरकारले ल्याउनु पर्छ । सोही लक्ष्य प्राप्तिका लागि प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम तय गर्ने बजेट बिनियोजन र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । यसका लागि प्रदेश राजनीतिक संरचना, नीति तथा कार्यक्रम र बजेट बिनियोजन प्रक्रियालाई पनि समावेशी बनाइनुपर्छ । यसका साथै सीमान्तीकृत समुदायको विकास र समृद्धिबिना प्रदेशको समृद्धि र आत्मनिर्भरताको लक्ष्य प्राप्त हुन सक्दैन । तसर्थ, ऐतिहासिकरूपमा

बहिस्करण र विभेदमा पारिएका सीमान्तीकृत समुदायको सामाजिक समावेशीकरण प्रबर्द्धन, आर्थिक स्रोतसाधन र अवसरमा पहुँच बृद्धि, असमानता र विभेद अन्त्यका लागि प्रदेशले स्पष्ट रणनीति, योजना, कार्यक्रम तय गर्नुका साथै आवश्यक बजेटको बिनियोजन पनि गर्नुपर्छ । यो अध्ययनमा लुम्बिनी प्रदेश सरकारले निर्माण गरेको वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई कतिको समावेशी बनाइएको छ भन्ने सवालमा सीमान्तीकृत समुदायको दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

तालिका ४ : लुम्बिनी प्रदेशको वार्षिक नीति तथा कार्यक्रममा सीमान्तकृत समुदायका सवाल

विषयवस्तु	आ.व. २०७५/७६	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	जम्मा
राजनीतिक शासन व्यवस्था							
समानुपातिक समावेशी सिद्धान्त र अभ्यास			१	४		२	७
प्राकृतिक एवं वित्तीय साधन स्रोतमा पहुँच	३		३			१	७
जीविकोपार्जनमा स्तरोन्नती	९	६	११	९	७	५	४७
सम्मानित पहिचान, न्याय र आत्मसम्मान	१०	२	६	२	७	३	३०
जम्मा	२२	८	२१	१५	१४	११	९१

स्रोत : डिग्निटी इनिसियटिभ, २०८१

नेपालमा संघीय संरचनासँगै प्रदेश अस्तित्वमा आएको जम्माजम्मी सातवर्ष मात्रै भएको छ । त्यसैले प्रदेशलाई बलियो बनाउन र सीमान्तीकृत समुदायको सवाललाई सम्बोधन गर्न प्रदेश सरकारले ल्याउने नीति तथा कार्यक्रममा प्रदेशको शासकीय व्यवस्थालाई बलियो बनाउने सवाल समावेश गरिनुपर्छ । लुम्बिनी प्रदेशको हकमा प्रदेशका विभिन्न जातजाति, भाषिक, सांस्कृतिक समुदायले स्वायत्तता र स्वशासनको अभ्यास प्रबर्द्धन गर्ने नीति तथा कार्यक्रमको अपेक्षा गरेका छन् । तर प्रदेश सरकारले सामाजिक विविधतालाई सम्बोधन गर्ने ठोस नीति र कार्यक्रम ल्याउन सकेको देखिँदैन । बिगतका पाँचवर्षमा यस सीमान्तीकृत समुदायको यस्ता अपेक्षालाई सम्बोधन गर्ने नीति र कार्यक्रम तय भएको देखिँदैन ।

यसैगरी नेपालले समावेशी लोकतन्त्रको अभ्यास सुरू गरेको छ । संघीयताको कार्यान्यनसँगै ऐतिहासिकरूपमा राज्यबाट बहिस्करणमा पारिएका समुदायले राज्यको नीति, बजेट निर्माण र कार्यान्वयन गर्ने महत्वपूर्ण भूमिकामा अर्थपूर्ण समानुपातिक प्रतिनिधित्वको खोजेका हुन् । संघीयताको प्रभावकारी कार्यान्वयन र प्रदेशको समृद्धिका लागि समावेशी प्रदेश निर्माण अनिवार्य आवश्यकता हो । त्यसैले समावेशी

अभ्यासको प्रबर्द्धन र प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारले ठोस नीति निर्माण गर्नुपर्ने हुन्छ । तर, लुम्बिनी प्रदेशले नीति तथा कार्यक्रम र बजेटमा समावेशी अवधारणाको अवलम्बन गरेको देखिँदैन । समावेशीकरणको प्रबर्द्धनको सवाल बिगत पाँचवर्षको वार्षिक नीति तथा कार्यक्रममा यदाकदा समावेश गरिएको देखिए पनि प्रदेशलाई समावेशी बनाउनका लागि आवश्यक बृहत नीति तथा कार्यक्रम निर्माण गरिएका छैनन् । उदाहरणका लागि आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा प्रदेशभित्र रहेका अल्पसंख्यक समुदायको आर्थिक, सामाजिक सशक्तिकरणका लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गरिने र लोपोन्मुख, सीमान्तीकृत र अल्पसंख्यक समुदायका व्यक्तिले प्रयोगमा ल्याएका भाषाको लिपी विकास र संरक्षणका कार्य गरिने उल्लेख गरिएको थियो । आ.व २०८१/८२ मा जोखिम न्यूनीकरण तथा व्यवस्थापन लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (जेड्सी)मैत्री विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना निर्माण गर्ने र मानवीय हित, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि अगुवा महिलालाई सामाजिक परिचालन गर्ने कार्यक्रम समावेश थियो । यी कार्यक्रमले समावेशीकरण प्रबर्द्धन गर्न खोजेजस्तो देखिए पनि यसले समावेशी शासन प्रबर्द्धन गर्ने वा असमान शक्ति-सम्बन्ध रूपान्तरण गर्न खासै योगदान गर्दैन । यसरी समावेशी लोकतन्त्रलाई बलियो बनाउने, सीमान्तीकृत समुदायको अधिकार प्रबर्द्धन गर्ने र उनीहरूको समग्र जीवनमा रूपान्तरण गर्ने सवाल प्रदेश सरकारको नीति र कार्यक्रममा समावेश हुन सकेका छैनन् ।

संघीय व्यवस्थामा सीमान्तकृत समुदायले अपेक्षा गरेको प्राकृतिक स्रोत साधनमाथि समान पहुँच, उपभोग र नियन्त्रणको अधिकार हो । बिगतका पाँच आ.व.को नीति तथा कार्यक्रममा भूमिहीन, आवासबिहीन र प्राकृतिक स्रोत साधनबाट बञ्चित राखिएका समुदायको अधिकार सुनिश्चित गर्ने सवालले खासै स्थान पाएको छैन । आ.व. २०७५/७६ मा लुम्बिनी प्रदेश सरकारले भूमि बैंक स्थापना गरी भूमिहीन कृषकलाई भूमि उपलब्ध गराउने, सुकुम्बासी तथा अव्यवस्थित बसोबास व्यवस्थित गर्ने सवाल नीति तथा कार्यक्रममा समावेश गर्‍यो । आ.व. २०७८/७९ मा जोखिमयुक्त बस्तीको स्थानान्तरण र विपद् प्रभावित क्षेत्रमा मापदण्ड तयार गरी एकीकृत बस्ती विकास गर्ने कार्यक्रम नीति तथा कार्यक्रममा समेटियो । हरवा, चरवा, हलिया, कमैया र मुक्त कमलरीलाई व्यवसाय गर्न आर्थिक र प्राविधिक सहयोग गर्ने, घरेलु उद्यम विकासमा सहयोग गर्ने, आर्थिक उपार्जनका लागि सीप विकास तालिम दिने जस्ता कार्यक्रम समेटिए । तर, भूमिहीन सीमान्तीकृत समुदायको भूमिमा पहुँच, नियन्त्रण र उपभोगको अधिकार सुनिश्चित गर्ने सवाल नीति तथा

कार्यक्रममा परेनन् । यसका साथै सीमान्तकृत समुदायसँग भएको ज्ञान, सीप, कला, क्षमता र श्रम शक्तिको सदुपयोग गर्दै औद्योगिक विकास गर्ने र अत्यन्तै गरिबीको अवस्थामा रहेका व्यक्तिको आर्थिक जीवन सुधार गर्नका लागि आवश्यक बृहत आर्थिक कार्यक्रम सञ्चालन गर्ने ठोस नीति पनि प्रदेश सरकारले ल्याएन ।

लुम्बिनी प्रदेश सरकारले सीमान्तीकृत समुदायका लागि जीविकोर्जनका साना-तिना कार्यक्रम नीति तथा कार्यक्रममा समेट्ने गरेको छ । जस्तै : आ.व. २०७८/७९ मा महिला, दलित, अति बिपन्न तथा पछाडि परेका वा पारिएका वर्गहरूको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि चेतनामुलक तथा रोजगारी सिर्जना, उद्यमशीलता प्रबर्द्धनजस्ता विषयलाई समावेश गरी सीप विकास र आयाआर्जनका कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम समावेश गरिएको थियो । यसैगरी आ.व. २०८०/८१ मा मुक्त कमैया, भूमिहीन, मुसहर, बादी, चिडिमार समुदायलाई लक्षित गरी एकहजार परिवारलाई आयआर्जन र स्वरोजगारमा जोड्ने, बगरखेती, कुखुरा, च्याउ खेती आदि गर्नेजस्ता कार्यक्रम नीति तथा कार्यक्रममा समावेश गरियो । तर, यस्ता कार्यक्रमले केही व्यक्ति र परिवारको आर्थिक जीवनमा सामान्य सुधार ल्याए पनि समग्र सीमान्तीकृत समुदायको जीविकोपार्जन वा आर्थिक रूपान्तरणमा खासै योगदान गर्न सक्दैन । यसले प्रदेश सरकार दिर्घकालीनरूपमा सीमान्तीकृत समुदायको जीविकोपार्जनको समस्यालाई प्याकेटमा हल गर्न तयार नरहेको स्पष्ट संकेत गर्छ ।

लुम्बिनी प्रदेशमा व्यापक भाषिक-सांस्कृतिक विविधता छ । यसको प्रबर्द्धनले प्रदेशलाई सांस्कृतिक विविधताको केन्द्र बन्न सघाउँछ भने प्रदेशभित्रका सीमान्तीकृत समुदायले पनि आत्मसम्मान महसुस गर्ने परिस्थिति निर्माण हुन सक्छ । हुन त प्रदेशको नीति तथा कार्यक्रममा सीमित भए पनि सबै समुदायको पहिचानलाई सम्मानित बनाउने र प्रदेश सरकारले सबै भाषा, धर्म र संस्कृतिलाई समान व्यवहार गर्ने नीति लिने उल्लेख गरेको छ । सोही अनुरूप लुम्बिनी प्रदेश सरकारले मगर र थारू बस्तीमा सांस्कृतिक प्रबर्द्धन गरी पर्यटकलाई आकर्षण गर्न होमस्टे र खुला थियटर निर्माण गर्न सहयोग गर्ने, प्रादेशिक भाषिक अवस्थाको अध्ययन गर्ने र विभिन्न जातजातिको भाषा, कला, संस्कृतिको जगेर्ना गर्ने नीति अवलम्बन गर्ने, सामुदायिक विद्यालयमा कक्षा एकदेखि नै नेपाली वा मातृभाषामा पढाउने व्यवस्था मिलाउने, गुरूकुल, गुम्बा, मदरसालगायत सबै धार्मिक प्रकृतिका विद्यालयलाई शैक्षिक मूलप्रवाहिकरण गर्ने कार्यक्रममा समावेश गरेको छ । त्यसैगरी प्रादेशिक कला, साहित्य र संस्कृतिको विकास तथा प्रबर्द्धनका लागि कानुनी तथा संस्थागत व्यवस्था गरी प्रादेशिक भाषा,

साहित्य तथा कला प्रतिष्ठान स्थापना गर्ने, थारू र मगर भाषा एवं संस्कृतिको जगेर्ना गर्न प्रदेशमा स्थापित थिएटरमा सम्बन्धित समुदायको संस्कृति झल्किने चलचित्र, वृत्तचित्र, नृत्य एवं नाटक प्रदर्शन गर्ने कार्यलाई प्रोत्साहन गर्ने र थारू सांस्कृतिक सम्पदा सर्किट, मगर सांस्कृतिक सम्पदा सर्किट, अवध सांस्कृतिक सम्पदा सर्किट आदि निर्माण गर्ने जस्ता कार्यनीति पनि नीति तथा कार्यक्रममा पर्ने गरेका छन् । यस्तो व्यवस्था मूलतः समुदायको पहिचान र संस्कृति संरक्षण र समृद्धिका लागि भन्दा पनि व्यापारिक एवं पर्यटकीय आकर्षणको निमित्त तय गरिएको देखिन्छ ।

यसरी लुम्बिनी प्रदेश सरकारले सीमान्तीकृत समुदायको संस्कृति प्रबर्द्धनका लागि केही नीति अवलम्बन गरेको छ, ती सकारात्मक छन् । तर, प्रदेशको बृहत जातीय, भाषिक, सांस्कृतिक प्रबर्द्धनका लागि प्रदेशले छुट्टै भाषिक-सांस्कृतिक नीति निर्माण गर्ने, प्रदेशका विविध संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागि आवश्यक संरचना वा निकाय गठन गर्नेजस्ता सवाल नीति तथा कार्यक्रममा समावेश हुने गरेका छैनन् । अर्कोतिर, भाषा, संस्कृति र सभ्यताको संरक्षणसँगै तिनै सामाजिक पहिचानका आधारमा समावमा विभिन्न किसिमका विभेद हुने गरेका छन् । सामाजिक न्यायसहितको समाज स्थापनाका लागि जातजाति, भाषा, संस्कृति र सभ्यतामा आधारित विभेदको पूर्ण अन्त्य गर्न आवश्यक कानुन, नीति निर्माणका साथै ठोस कार्यक्रम तय गर्नु र आवश्यक बजेट बिनियोजन गर्नु प्रदेश सरकारको जिम्मेवारी हो । त्यसैले प्रदेश सरकारले जातजाति र समुदायका आधारमा हुने विभेद, हिंसा र अत्याचारजन्य संस्कृतिको अन्त्य गर्ने र सबैले पहिचानका आधारमा आत्मसम्मानसहित जीवन बाँच्न पाउने परिस्थिति निर्माण गर्ने आवश्यक नीति तथा कार्यक्रम तय गर्नुपर्छ भने सोहीअनुरूप बजेट बिनियोजन पनि गर्नुपर्छ । यसरी हेर्दा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रमले प्रदेशको विविधता र सीमान्तीकृत समुदायको शासकीय व्यवस्था प्रबर्द्धन, समावेशीकरणको प्रभावकारी अभ्यास, आर्थिक-सामाजिक जीवनमा रूपान्तरण गर्ने र पहिचानका आधारमा हुने विभेदको अन्त्य गरी आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गर्ने ठोस नीति र कार्यक्रमलाई प्राथमिकता दिन सकेको देखिँदैन ।

४.२ बजेट बिनियोजनमा समावेशी अभ्यास

प्रदेश सरकारले तय गरेका वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट बिनियोजन गर्ने गर्छ । प्रदेशले अवलम्बन गरेको नीति र कार्यक्रम नै बजेट निर्माण वा बिनियोजनको मुख्य आधार हो । त्यसैले प्रदेश सरकारको वार्षिक नीति र

कार्यक्रम समावेशी चरित्रको भयो भने मात्रै बजेटमा पनि समावेशी बन्न सक्छ । लुम्बिनी प्रदेश वार्षिक नीति तथा कार्यक्रममा समावेशीकरणको प्रबर्द्धन गर्ने र सीमान्तीकृत समुदायको सामाजिक-आर्थिक जीवनमा रूपान्तरण गर्ने सवाल प्रभावकारीरूपमा समावेश हुन सकेको छैन । त्यसैले लुम्बिनी प्रदेशको बजेटको स्वरूप पनि समावेशी चरित्रको बन्न सकेको छैन । लुम्बिनी प्रदेशको बजेटमा लक्षित समूहमा सीमान्तीकृत समुदाय लक्षित गरी बिनियोजन गरेको छैन भने प्रदेश सरकारले समावेशीकरणको प्रबर्द्धन गर्ने र सीमान्तीकृत समुदायको आवश्यकतालाई सम्बोधन गर्ने समावेशी चरित्रको बजेट निर्माणलाई प्राथमिकता पनि दिएको छैन । लैङ्गिक रूपमा बजेट छुट्याउने पर्ने भएको हुँदा बजेटमा लैङ्गिक 'कोडिङ' हुने गर्छ । तर सीमान्तीकृत समुदायको सवालमा बजेट बिनियोजन 'कोडिङ' गर्नु पर्ने अभ्यास सुरू गरेको देखिँदैन । त्यसैले लक्षित सीमान्तीकृत समूहको सामाजिक-आर्थिक रूपान्तरणका लागि नीति तथा कार्यक्रम निर्माण गर्ने र बजेट बिनियोजन गर्ने सवाल प्राथमिकतामा परेको छैन । त्यसैले समावेशीकरण देखिने गरी बजेटको 'कोडिङ' पनि हुने गरेको छैन । त्यसैले लुम्बिनी प्रदेश सरकारले बजेट बिनियोजन गर्दा लक्षित समूहका लागि खासै बजेट बिनियोजन गर्ने गरेको देखिँदैन । त्यसैले बिगत पाँच वर्षमा प्रदेशले बिनियोजन गरेको बजेटको सबै शीर्षकको सूक्ष्म अध्ययनबाट प्राप्त भएको तथ्याङ्कको आधारमा यो विश्लेषण गरिएको हो ।

४.२.१ सीमान्तीकृत लक्षित बजेट : जम्माजम्मी १.१ प्रतिशत

लुम्बिनी प्रदेशले सरकारको गत पाँच वर्षको तथ्याङ्क हेर्दा प्रत्येक आर्थिक वर्षमा ३६ अर्बदेखि ४२ अर्बसम्म रकम बिनियोजन गरेको देखिन्छ । बिगत पाँचवर्षमा प्रदेश सरकारले बिनियोजन गरेको रकम १ लाख २१ हजार ६९९ ओटा कार्यक्रम शीर्षकमा छुट्याइएका छन् । ती कार्यक्रम प्रदेश सरकारको विभिन्न मन्त्रालय र निकायबाट कार्यान्वयन हुन्छन् अर्थात बिनियोजित बजेट तिनै मन्त्रालय र प्रदेश सरकारको संरचनाबाट खर्च हुन्छन् ।

बिगतका पाँचवर्षमा लुम्बिनी प्रदेश सरकारले तय गरेको कार्यक्रम र बजेटमध्ये केही प्रतिशत लक्षित समूहका लागि छुट्याइने गरेको देखिन्छ । मूलतः महिला, बालबालिका, जेष्ठ नागरिक, थारू, आदिवासी जनजाति, दलित र मुस्लिम समुदाय आदि प्रदेश सरकारको लक्षित समूहअन्तर्गत परेको देखिन्छ । बिगत पाँच आर्थिक वर्षको अध्ययन गर्दा लुम्बिनी प्रदेश सरकारले यी लक्षित समूहलाई वार्षिक २.६ देखि ३.५ प्रतिशत अर्थात लक्षित समूहका लागि वार्षिक औषतमा ३ प्रतिशत बजेट

बिनियोजन हुने गरेको देखिन्छ । यसरी लक्षित समूहमध्ये ठूलो हिस्सा अर्थात करिब १.९ प्रतिशत महिला, बालबालिा र जेष्ठ नागरिक केन्द्रित कार्यक्रमका लागि छुट्याइएको छ भने लक्षित समूहभित्रका सीमान्तीकृत समूह जस्तै : आदिवासी जनजाति, दलित, मधेसी, थारू, मुस्लिम र अन्य सीमान्तीकृत समूह लक्षित बजेट भने जम्माजम्मी १.१ प्रतिशत रहेको देखिन्छ (हेर्नुहोस्, तालिका पाँच) । यो तथ्याङ्कले लुम्बिनी प्रदेश सरकारको बजेटले लक्षित समूहको लागि अत्यन्तै कम मात्रामा बजेट बिनियोजन गर्दै आएको देखिन्छ भने सबैभन्दा सीमान्तीकरणमा पारिएका जातजाति र समुदाय लक्षित बजेट भने अत्यन्तै न्यून मात्रामा बिनियोजन हुँदै आएको छ । सबैभन्दा बहिस्करणमा पारिएको समुदायको समस्या र आवश्यकतालाई सम्बोधन गर्न र समावेशी विकासको प्रबर्द्धन गर्न सीमान्तीकृत समुदायलाई प्राथमिकतामा राखेर बजेट बिनियोजन गरिनुपर्थ्यो तर लुम्बिनी प्रदेशको बजेट बिनियोजनले उनीहरूका आकांक्षालाई सम्बोधन गर्न सकेको छैन । वित्तीय समावेशीताको कोणबाट हेर्दा लुम्बिनी प्रदेशको बजेट अत्यन्तै असमावेशी चरित्रको छ ।

तालिका ५ : पाँच आर्थिक वर्षमा लक्षित समुदायका निमित्त विनियोजित बजेट (करोडमा)

आर्थिक वर्ष	जम्मा बजेट	सम्पूर्ण लक्षित समूहका लागि छुट्याइएको बजेट		महिला, बालबालिका र जेष्ठ नागरिक		अन्य लक्षित र सिमान्तकृत समूह	
२०७७/७८	३,६३५.२५	९५.२६	२.६%	७४.०६	२.००%	२१.२१	०.६ %
२०७८/७९	४,०९५.९७	१०४.८२	२.६%	६३.४३	१.५ %	४१.३९	१.० %
२०७९/८०	४,२६३.५७	१३०.४५	३.१%	७३.८६	१.७ %	५६.५९	१.३ %
२०८०/८१	४,०४७.९७	१४१.०६	३.५%	९२.५३	२.३%	४८.५३	१.२ %
२०८१/८२	३,८९७.००	१२६.८७	३.३%	८१.६०	२.१%	४५.२७	१.२ %
जम्मा	**१९,९३९.७६**	**५९८.४७**	**३%**	**३८५.४८**	**१.९ %**	**२१२.९९**	**१.१ %**

स्रोत : आर्थिक मामिला तथ योजना मन्त्रालय, लुम्बिनी प्रदेश र डिग्निटी इनिसियटिभ, २०८१ ।

लक्षित समूहका लागि बिनियोजन बजेटमा वार्षिकरूपमा क्रमिक सुधार भएको देखिन्छ । जस्तै : आ.व. २०७७/७८ मा २.६ प्रतिशत बिनियोजन भएको थियो भने आ.व. २०८०/८१ मा बढेर ३.३ प्रतिशत पुगेको छ । यसैगरी लक्षित समूहभित्रका सीमान्तीकृत समुदायका लागि बिनियोजन गरिएको बजेटमा पनि सामान्य सुधार आएको देखिन्छ । आ.व. २०७७/७८ मा सीमान्तीकृत समुदाय केन्द्रित बजेट ०.६ प्रतिशत मात्रै थियो भने २०८०/८१ मा यो बढेर १.२ प्रतिशत पुगेको छ । तर, सीमान्तीकृत समुदायका सवालमा बिनियोजन गरिएको अन्यत्नै न्यून मात्राको बजेट

बिनियोजनमा केही प्रतिशत थपघट हुँदा सीमान्तीकृत समुदायको जीवनमा खासै फरक पर्दैन । त्यसैले सीमान्तीकृत समुदायको सवालमा ठोस नीति, योजना र कार्यक्रमसहित दिर्घकालीन महत्वका कार्यक्रम तय गर्ने र सोहीअनुरूपको बजेट बिनियोजन आवश्यक छ ।

चित्र ४ : वार्षिकरूपमा लक्षित समूहलाई छुट्याइएको बजेट (करोडमा)



लुम्बिनी प्रदेशले आ.व. २०७७/७८ मा लक्षित समूह (महिला, बालबालिका र जेष्ठ नागरिकसहित)का लागि जम्मा ९५ करोड रकम बिनियोजन गरेको थियो । उक्त बजेटमध्ये ७४ करोड (७७.९० प्रतिशत) महिला, बालबालिका र जेष्ठ नागरिकका लागि बिनियोजन गरिएको थियो भने सीमान्तीकृत समुदाय लक्षित २१ करोड (२१.१० प्रतिशत) मात्रै छुट्याइएको थियो । यसैगरी आ.व. २०७८/७९ मा समग्र लक्षित समूहलाई छुट्याइएको रकम १ अर्ब ५ करोडमध्ये ६३ अर्ब (६० प्रतिशत) महिला, बालबालिका र जेष्ठ नागरिकका लागि र ४१ अर्ब (४० प्रतिशत) सीमान्तीकृत समुदायलाई छुट्याइएको थियो । बिगतका पाँच वर्षमध्ये आ.व. २०८०/८१ मा समग्र लक्षित समूहका लागि सबैभन्दा धेरै १ अर्ब ४१ करोड बिनियोजन गरिएको थियो । उक्त रकममध्ये ९३ करोड (६५.९५ प्रतिशत) महिला, बालबालिका र जेष्ठ नागरिकलाई र ३४.०५ प्रतिशत सीमान्तीकृत समुदायलाई छुट्याइएको छ । यो तथ्याङ्कले समग्रमा लक्षित समूहलाई छुट्याइएको बजेटमध्ये ६५ प्रतिशतभन्दा बढी महिला, बालबालिका र जेष्ठ नागरिक शीर्षकमा बिनियोजन हुने र सीमान्तीकृत समुदायका लागि करिब ३५ प्रतिशत मात्रै छुट्याइने गरेको देखाउँछ ।

४.२.२ लक्षित बजेट : सीमान्तीकृत नै बञ्चितीकरणमा

लुम्बिनी प्रदेश सरकारले बिगत पाँच वर्षमा लक्षित समूहलाई बिनियोजन गरेको बजेटको विश्लेषण गर्दा लक्षित समूहमध्ये सबैभन्दा धेरै रकम महिला शीर्षकमा बिनियोजन हुने गरेको देखिन्छ । महिला शीर्षकमा प्रत्येक वर्ष १.३ प्रतिशतदेखि १.८ प्रतिशत रकम छुट्याइने गरेको छ । यसैगरी लक्षित समूहअन्तर्गत अपाङ्गता भएका व्यक्तिका लागि ०.८ देखि ०.१४ प्रतिशत बजेट बिनियोजन हुने गरेको छ । बालबालिका शीर्षकमा ०.१ देखि ०.५ प्रतिशत छुट्याइन्छ भने भने लक्षित समूहभित्रका सीमान्तीकृत समुदायका लागि अधिक्तम ०.५ प्रतिशत मात्रै बजेट बिनियोजन हुने गरेको देखिन्छ । उदाहरणका लागि आ.व. २०७७/७८ मा सीमान्तीकृत समूहका लागि ०.१ प्रतिशत बजेट बिनियोजन गरिएको थियो भने २०७९/८० मा ०.५ प्रतिशत छुट्याइएको थियो । यसैगरी सबैभन्दा सीमान्तीकरणमा पारिएका दलित समुदायलाई वार्षिक ०.१ देखि ०.२ प्रतिशतसम्म बजेट बिनियोजन गरिएको देखिन्छ । दलित समुदाय लक्षित शीर्षकमा आ.व. २०७७/७८ र २०७९/८० मा ०.२ प्रतिशत बजेट बिनियोजन भएको थियो भने अन्य तीनवर्षमा ०.१ प्रतिशत मात्रै बिनियोजन गरिएको थियो । जुन दलितको समस्याको घनत्वमा अत्यन्तै थोरै हो ।

यसैगरी मगरलाई ०.०२ देखि ०.०११ प्रतिशतसम्म छुट्याउने गरेको देखिन्छ । बिगत पाँचवर्षको तथ्याङ्क हेर्दा मधेसी समुदायलाई नै लक्षित गरेर खासै बजेट बिनियोजन गरिएको देखिँदैन । चालू आ.व. २०८१/८२ मा मधेसीका लागि एउटा कार्यक्रम छुट्याइएको छ, जुन कूल बजेटको ०.१ प्रतिशत मात्रै हो । लुम्बिनी प्रदेशको वार्षिक बजेटमा मधेसी लक्षित बजेट बिनियोजन नै नहुनु मधेसी समुदायमाथिको अन्याय हो । महिला र अपाङ्गता भएका व्यक्तिलाई बिनियोजन गरिने बजेट पनि समावेशीकरण भित्रै पर्ने बजेट हुन् । तर, यसरी महिला र अपाङ्गता भएका व्यक्ति केन्द्रित बजेट सीमान्तीकृत समुदायका महिला र अपाङ्गता भएका व्यक्तिमा कति मात्रामा पुग्ने गरेको छ भन्ने सवाल चाहिँ यो तथ्याङ्कमा स्पष्ट देखिँदैन । लुम्बिनी प्रदेशको बजेट बिनियोजन र कार्यान्वयनको यो प्रवृत्तिलाई आधार मान्ने हो भने महिला र अपाङ्गता भएका समुदाय लक्षित बजेटमा सीमान्तीकृत समुदायका सवालले प्राथमिकता पाउँदैनन् भन्ने सहजै अनुमान लगाउन सकिन्छ । यसरी हेर्दा लक्षित बजेटको बिनियोजन गरिँदा पनि लक्षित समूहभित्रका पनि सीमान्तीकृत समुदाय निरन्तर सीमान्तीकृत वा उपेक्षामा पारिँदै आएको स्पष्ट हुन्छ (हेर्नुहोस् तालिका ६) ।

तालिका ६ : लक्षित समूहभित्र विभिन्न समूहलाई बिनियोजित बजेट (करोडमा)

लुम्बिनी प्रदेश सरकारले लक्षित समूहका लागि बिनियोजन गरेको रकम (करोडमा)					
बिनियोजित बजेट शीर्षक	**आ.व. २०७७/७८**	**आ.व. २०७८/७९**	**आ.व. २०७९/८०**	**आ.व. २०८०/८१**	**आ.व. २०८१/८२**
कूल वार्षिक बजेट	३,६३५.२५	४,०९६	४,२६३.५७	४,०४८.००	३,८९७.००
महिला, बालबालिका र जेष्ठ नागरिकका लागि बिनियोजन गरिएको बजेट					
महिला	६४	४७	५४	६५	६४
कूल वार्षिक बजेट (प्रतिशतमा)	१.८%	१.३%	१.५%	१.८%	१.८%
बालबालिका	४	११	७	१८	८
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.१%	०.३%	०.२%	०.५%	०.२%
जेष्ठ नागरिक	५	६	१३	१०	१०
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.१%	०.२%	०.३%	०.३%	०.३%
महिला, बालबालिका र जेष्ठ नागरिकका लागि बिनियोजन गरिएको जम्मा बजेट	७४.०६	६३	७३.८६	९३	८१.६०
कूल वार्षिक बजेट (प्रतिशतमा)	२.०%	१.५%	१.७%	२.३%	२.१%
अन्य लक्षित समूह					
लक्षित समूह	**आ.व. २०७७/७८**	**आ.व. २०७८/७९**	**आ.व. २०७९/८०**	**आ.व. २०८०/८१**	**आ.व. २०८१/८२**
दलित	७	५	५	२	३
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.२%	०.१%	०.२%	०.१%	०.१%
थारु	२	११	१७	९	३
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.१%	०.३%	०.५%	०.२%	०.१%
मुस्लिम	२	३	११	६	११
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.०५%	०.१%	०.३%	०.२%	०.३%
मगर	१	३	४	२	१
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.०२%	०.०९%	०.११%	०.०७%	०.०३%
मधेसी					०.१%
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.००%	०.००%	०.००%	०.००%	०.००१%
अन्य आदिवासि जनजाति		०.३	०.२		८
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.००%	०.०१%	०.०१%	०.००%	०.२%
अन्य सीमान्तीकृत तथा विपन्न	६	१०	१५	२४	९
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.२%	०.३%	०.४%	०.७%	०.२%
अपाङ्गता भएको व्यक्ति	३	५	४	४	३
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.०९%	०.१४%	०.११%	०.१२%	०.०८%
लक्षित वर्ग (साझा)	०.४%	४.०	०.१	०.२	६.५
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.०१%	०.१%	०.०१%	०.००५%	०.२%
महिला, बालबालिका र जेष्ठ नागरिकबाहेक अन्य समूहका लागि छुट्याइएको बजेट	२१.२१	४१	५६.५९	४८	४५.२७
कूल वार्षिक बजेट (प्रतिशतमा)	०.६%	१.०१%	१.३%	१.२%	१.२%
महिला, बालबालिका र जेष्ठ नागरिक तथा अन्य सबै लक्षित समूहको कूल बजेट	९५.२६	१०५	१३०.४५	१४१	१२६.८७
कूल वार्षिक बजेट (प्रतिशतमा)	२.६%	२.६%	३.१%	३.५%	३.३%

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश र डिग्निटी इनिसियटिभ, २०८१ ।

४.२.३ सीमान्तीकृत लक्षित बजेट अस्पष्ट

लुम्बिनी प्रदेश सरकारले वार्षिकरूपमा सीमान्तीकृत समुदाय लक्षित १.१ प्रतिशत बजेट बिनियोजन गर्दै आइरहेको छ । यसरी बिनियोजन गरिएको बजेटमध्ये केही स्पष्टरूपमा निश्चित समूहका लागि लक्षित छन् भने कतिपय बजेट कुन समुदायको लागि हो भन्ने स्पष्ट हुँदैन । जस्तो : दलित समुदायका लागि प्रत्येक वर्ष विभिन्न शीर्षकमा २ देखि ७ करोडसम्म, थारू समुदायमा २ देखि ७ करोडसम्म बिनियोजन हुने गरेको देखिन्छ । थारू समुदायलाई वार्षिक २ करोडदेखि १७ करोडसम्म छुट्याइएको देखिन्छ भने मुस्लिमलाई २ देखि ११ करोड, मगरलाई १ देखि ४ करोड, अन्य आदिवासीलाई २ लाखदेखि ८ करोडसम्म बिनियोजन गरेको देखिन्छ । तर, करिब १४ प्रतिशत जनसंख्या रहेको मधेसी समुदायका लागि आ.व. २०८१/८२ जम्माजम्मी ५० लाख रकम बिनियोजन गरिएको छ, यसबाहेक अन्य बजेट बिनियोजन गरिएको देखिँदैन । अर्कोतिर, प्रदेश सरकारले सीमान्तीकृत समुदाय लक्षित बजेट एउटै बास्केटमा हाल्ने गरेका थुप्रै उदाहरण छन् । जस्त : कतिपय बजेट दलित, आदिवासी जनजाति, मुस्लिम, थारूलगायत सबैलाई संगोलमा राखेर बिनियोजन गरिएको छ । यसरी बिनियोजन गरिएको बजेट कुन समुदायका लागि खर्च हुन्छ भन्ने स्पष्ट हुँदैन । यस्तो अष्पष्टताकै कारण कतिपय बजेट सीमान्तीकृत समुदायका लागि खर्च नभइ अन्यत्र रकमान्तर हुने वा खर्च नहुने अवस्था सिर्जना हुने गरेका छन् । त्यसैले प्रदेश सरकारले बिनियोजन गर्ने रकम सीमान्तीकृत समुदायभित्र पनि कुन समुदायलाई भनेर स्पष्टरूपमा उल्लेख गर्नुपर्छ ।

चित्र ५ : विभिन्न लक्षित समूहलाई वार्षिक रूपमा बिनियोजित बजेट (करोडमा)



स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश र डिग्निटी इनिसियटिभ, २०८१ ।

४.२.४ दलितलाई बजेट : गम्भीर समस्या, टालटुले बजेट

लुम्बिनी प्रदेशका दलित आर्थिक बिपन्नता, गरिबी, भूमिहीनता, बेरोजगारीजस्ता बहुआयमिक समस्यासँग संघर्ष गरिरहेका छन् । यति मात्रै होइन, संविधानले ग्यारेन्टी गरे पनि समावेशी लोकतन्त्रलाई सैद्धान्तिकरूपमा स्वीकार गरे पनि दलित समुदाय सामाजिक बहिस्करणको शिकार भइरहनु परेको छ । दलितले दैनिकरूपमा जातीय विभेद, हिंसा र अन्यायका घटनाको सामना गरिरहनु परेको छ । संघीयताको कार्यान्वयनसँगै दलितले सामाजिक-आर्थिक जीवनमा परिवर्तन हुने, विभेदरहित र सम्मानपूर्वक बाँच्न पाउने सामाजिक-राजनीतिक व्यवस्थाको परिकल्पना गरेका थिए । प्रदेश सरकारबाट दलितले सबै किसिमको बहिस्करण, बञ्चितीकरण, विभेद र हिंसाको अन्त्य हुने नीति तथा कार्यक्रम र बजेट बिनियोजनको अपेक्षा गरेका थिए । तर बिगतका पाँचवर्षमा लुम्बिनी प्रदेश सरकारले दलितका लागि अत्यन्तै न्यून मात्रामा बजेट बिनियोजन गरेको देखिन्छ भने यसरी बिनियोजन गरेको बजेट पनि दलितमाथि हुँदै आएको बहिस्करण, गरिबी र विभेद अन्त्य गर्ने मुख्य सवालभन्दा पनि सामान्य जीविकोपार्जनमा केन्द्रित रहेका छन् । तालिका ७ मा प्रस्तुत गरिएझैं आ.व. २०७७/७८ मा दलितका लागि ०.१ प्रतिशत र २०७८/७९ मा ०.१२ प्रतिशत बजेट बिनियोजन भएको थियो । तर, आ.व. ०७८/७९ बाट दलितका लागि बिनियोजन हुने बजेट घट्दो क्रममा छ । समावेशी व्यवस्था निर्माण, सीमान्तीकृत र उत्पीडित समुदायको जीवनस्तारमा रूपान्तरणको कोणबाछ हेर्दा लुम्बिनी प्रदेशले दलित सवालमा बिनियोजन गरेको बजेट औपचारिकताका लागि मात्रै छ । दलित समुदायमाथि ऐतिहासिकरूपमा भएभो उत्पीडिन, बहिस्करण, हिंसा र विभेदको अन्त्य नगर्दासम्म लुम्बिनी प्रदेशको समग्रमा विकास हुन सक्दैन । त्यसैले न्यायिक दृष्टिकोणबाट हेर्ने हे भने पनि सबैभन्दा पछाडि पारिएका दलित समुदायको सामाजिक-आर्थिक रूपान्तरणका लागि प्रदेश सरकारले पर्याप्त मात्रामा बजेट बिनियोजन गर्नुपर्थ्यो, बिगतका पाँच वर्षमा बजेट बिनियोजनका क्रममा दलित निरन्तर उपेक्षामा पारिँदै आएका छन् ।

तालिका ७ : पाँचवर्षमा दलित समुदायका सवालमा बिनियोजन गरिएको बजेट (करोडमा)

आर्थिक वर्ष	जम्मा बार्षिक बजेट	दलित समुदायसंग प्रत्यक्ष सम्बन्धित बजेट	प्रतिशत
२०७७/७८	३,६३५	६.८२	०.१९%
२०७८/७९	४,०९६	५.३७	०.१३%
२०७९/८०	४,२६४	५.४८	०.१३%
२०८०/८१	४,०४८	२.१७	०.०५%
२०८१/८२	३,८९७	३.३०	०.०८%
५ वर्षको जम्मा	१९,९४०	२३.१४	०.१२%

स्रोत : डिग्निटी इनिसियटिभ, २०८१ ।

४.२.५ समूह लक्षित बजेट र प्राथमिक क्षेत्र

लुम्बिनी प्रदेशले लक्षित समुदायका छुट्याइएको बजेटमध्ये धेरैजसो कार्यक्रम र बजेट सीमान्तीकृत समुदायबाहेक महिला, बालबालिका र जेष्ठ नागरिकमा केन्द्रित हुने गरेको छ । लक्षित समूहका लागि बिगत पाँचवर्षमा ६ सय ६७ ओटा कार्यक्रम सञ्चालन गर्ने योजनासहित १ अर्ब १९ करोड ७० लाख बजेटबाट बिनियोजन भएको थियो । अर्कोतिर सीमान्तीकृत समूहका लागि २ सय ३१ ओटा कार्यक्रम सञ्चालनका लागि ४२ करोड ६० लाख (३५.५९ प्रतिशत) मात्रै बजेट बिननियोन गरिएको थियो । यो तथ्याङ्कले प्रदेश सरकारले ठूलो जनसंख्या रहेको सीमान्तीकृत समूह लक्षित कार्यक्रम नै थोरै तयार गर्ने र बजेट पनि थोरै बिनियोजन गरेको स्पष्ट देखाउँछ ।

प्रदेश सरकारले महिला, बालबालिका र जेष्ठ नागरिकका साथै अन्य सीमान्तीकृत समुदायका लागि बिनियोजन गरेको रकम विभिन्न सातओटा शीर्षकमा समावेश गर्दछ । तालिका ८ मा उल्लेख गरिएझैं लक्षित समूहलाई बिनियोजन गरिएको बजेटमध्ये सबैभन्दा धेरै स्वास्थ्य सेवा र सहयोग शीर्षकमा बिनयोजन हुने गरेको छ । बिगतको पाँचवर्षमा लक्षित समूहलाई बिनियोजन गरिएको १ अर्ब १९ करोड ७० लाखमध्ये ४० करोड ८२ लाख स्वास्थ्य क्षेत्र छुट्याइएको छ । उक्त बजेटबाट विभिन्न २ सय ३३ कार्यक्रम सञ्चालनका गर्ने बजेटमा उल्लेख छ । यसरी स्वास्थ्य क्षेत्रमा बिनियोजन गरिएको रकममध्ये जम्मा ४ करोड ८३ लाख (११.८४ प्रतिशत) मात्रै सीमान्तीकृत समुदायका लक्षित छ भने जम्मा २ सय ३३ कार्यक्रममध्ये सीमान्तीकृत समुदाय केन्द्रित २३ (१.२९ प्रतिशत) कार्यक्रमका लागि बजेट बिनियोजन गरिएको छ । यसले स्वास्थ्य सेवा र औषधी सहयोगमा पनि सीमान्तीकृत समुदायका लागि अत्यन्तै थोरै बजेट बिनियोजन गरेको देखाउँछ ।

तालिका ८ : लक्षित समूह र सीमान्तीकृत समुदायका लागि विभिन्न शीर्षकमा बिनियोजित बजेट र कार्यक्रम

बजेटमा उल्लेखित लक्षित समूहका कार्यक्रमबा ष्यिय	पाँचवर्षको औषत बजेट (करोडमा)		कार्यक्रको संख्या (पाँचवर्षको औषत)	
	जम्मा लक्षित समूहका लागि	सबै लक्षित बर्गको कुल	जम्मा लक्षित समूका लागि	महिला बालबालिका र जेष्ठ नागरिक बाहेकका लक्षित तथा सीमान्तकृत वर्ग
१. स्वास्थ्य र औषधी सहयोग	४०.८२	४.८३	२३३	२३
२. भौतिक पूर्वाधार सामुदायिक भवन आदि)	३४.७०	२१.९७	१६९	१०२
३. जीविकोपार्जनमा सहयोग	१२.९८	४.४८	९३	५२
४. अन्य सहयोग	९.९८	२.६०	४२	१८
५. जनचेतना, सामाजिक परिचालन	७.८०	३.२७	५८	१४
६. शिक्षामा सहयोग र छात्रवृत्ति	७.०५	३.८८	३१	१५
७. तालिम र क्षमता अभिवृद्धि	४.६८	१.५६	४०	७
लक्षित समूहका लागि जम्मा बिनियोजित बजेट	**११९.७**	**४२.६**	**६६७**	**२३१**
वार्षिक बजेट र गतिविधिको संख्या	३%	१.१	२.७%	१५

स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश र डिग्निटी इनिसियटिभ, २०८१ ।

यसैगरी भौतिक पूर्वाधार र सामुदायिक भवन निर्माण, जीविकोपार्जनमा सहयोग, जनचेतना अभिवृद्धि र सामाजिक परिचालन, शिक्षा र छात्रवृत्तिका साथै तालिम र क्षमता अभिवृद्धिसँग सम्बन्धित धेरैजसो कार्यक्रम र बजेट समिान्तीकृत समूह बाहेकका लक्षित समूहका लागि बिनियोजन गरिएको छ। जस्तै : तालिम र क्षमता अभिवृद्धिको सबैभन्दा धेरै आवश्यकता सीमान्तीकृत समुदायलाई छ। तर बिगत पाँचवर्षमा तालिम र क्षमतावृद्धिका लागि लक्षित समूहलाई ४ करोड ६८ लाख बिनियोजन गरिएको थियो जसमध्ये सीमान्तीकृत समुदायको लागि १ करोड ५६ लाख ३३.३३ प्रतिशत) मात्रै बिनियोजन गरिएको थियो। यसको अर्थ सीमान्तीकृत समुदायको आवश्यकतालाई भन्दा पनि अन्य लक्षित समूहको आवश्यकता पूरा गर्ने सवाललाई प्रदेशले प्राथमिकता दिएको छ। जुन सामाजिक न्याय, समानता र समावेशी लोकतन्त्रको प्रबर्द्धनको सैद्धान्तिक मान्यताविपरित छ। त्यसैले सबैभन्दा बहिस्करणमा पारिएका समुदायको आर्थिक-सामाजिक रूपान्तरण गरी न्याय र समानतामा आधारित विकासका लागि लुम्बिनी प्रदेशले समावेशी नीति तथा कार्यक्रम र बजेट बिनियोजनको स्पष्ट मार्गचित्र तयार पारेर अगाडि बढ्न जरूरी छ।

४.२.६ लक्षित समूहका लागि बिनियोजित बजेट र खर्चबीचको असन्तुलन

प्रदेश सरकारले बिनियोजन गरेको बजेटको व्यवहारिकरूपमा कार्यान्वयन भयो भने मात्रै लक्षित समूह लाभाविन्त हुन सक्छ। यदि बजेटको प्रभावकारी कार्यान्वयन भएन भने बजेट बिनियोजनले मात्रै लक्षित समूहको जीवनमा कुनै सकारात्मक प्रभाव पार्दैन। त्यसैले यो अध्ययनमा लुम्बिनी प्रदेश सरकारले लक्षित समूहका लागि बिनियोजन गरेको बजेट र त्यसको खर्चको अवस्था र प्रवृत्तिको पनि समीक्षा गरिएको छ। यो अध्ययनमा लुम्बिनी प्रदेश सरकारले बिनियोजन गरेको पाँचवर्षको बजेटको विश्लेषण गरिएको भए पनि प्रदेश सरकारले गरेको खर्चको सन्दर्भमा भने आ.व. २०८०/८१ को मात्रै खर्च विवरणको विश्लेषण गरिएको छ। लुम्बिनी प्रदेश सरकार, प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बिगतको चारवर्षको बिस्तृत खर्च विवरण प्राप्त हुन नसकेको र आ.व. २०८०/८१ को मात्रै खर्च विवरणलाई प्राप्त भएको हुँदा सोही खर्च विवरणलाई नमुना मानेर यो विश्लेषण गरिएको हो।

आ.व. २०८०/८१ मा लुम्बिनी प्रदेश सरकारले कूल बजेट ४० अर्ब ४८ करोड बजेट बिनियोजन गरेको थियो। यसरी बिनियोजन गरिएको बजेटमा २६ हजार १०४ ओटा बजेट लाइन तयार पारिएको थियो। यसको अर्थ लुम्बिनी प्रदेश सरकारले तिनै बजेट लाइनअनुसार बिनियोजित बजेटको खर्च गर्न पाउँछ। गत आ.व.को

बजेटमा लक्षित समूह (महिला, बालबालिका र जेष्ठ नागरिकसहित सबै लक्षित समुह)का लागि ८ सय ४३ ओटा बजेट लाइनअन्तर्गत १ अर्ब ४१ करोड (३.५%) बजेट बिनियोजन गरिएको थियो । यसैगरी लक्षित समूहभित्रका महिला, बालबालिका र जेष्ठ नागरिक बाहेक सीमान्तीकृत समूहलाई भने ४ सय ९० ओटा क्रियाकलापका लागि ८१ करोड ५९ लाख बजेट बिनियोजन भएको थियो । यसरी सीमान्तीकृत समुदाय लक्षित कार्यक्रममध्ये ३६ ओटा कार्यक्रमका लागि छुट्याइएको १४ करोड ९१ लख बजेट खर्चनै भएको थिएन । यसैगरी ७ ओटा कार्यक्रमका लागि बिनियोजित १ करोड ४७ लाख बजेट २५ प्रतिशतभन्दा कम खर्च भएको थियो । यो तथ्याङ्कले के सीमान्तीकृत समूहका लागि लक्षित गरी बिनियोजन गरिएको बजेटको पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको देखाउँछ । एकातिर, सीमान्तीकृत समुदाय लक्षित बजेट अत्यन्तै न्यून मात्रामा बिनियोजन गर्ने र अर्कोतिर छुट्याइएको सीमित बजेटको पनि प्रभावकारी कार्यान्वयन नगरिएका कारण सीमान्तीकृत समुदायले प्रदेशको बजेटबाट खासै फाइदा पाउन सकेका छैनन् । असमावेशी प्रकृत्तिको बजेट बिनियोजनका कारण सीमान्तीकृत समुदायमाथि हुँदै आइरहेको बहिस्करणले नै निरन्तरता पाइरहेको छ । यसले बिनियोजित बजेट कार्यान्वयनमा सरकारको चासोमा कमी हुनुका साथै बजेट कार्यान्वयनमा सरकारलाई जवाफदेही बनाउन प्रदेशसभा सदस्य र सरोकारवाला समुदायको प्रभावकारी अनुगमन र पैरवी पनि पुग्न नसकेको देखिन्छ । त्यसैले प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट बिनियोजन र कार्यान्वयनका सबै चरणमा सीमान्तीकृत समुदायले गम्भीरतापूर्वक चासो राख्ने, वकालत र पैरवी गर्ने र बिनियोजित बजेट कार्यान्वयनको निरन्तर अनुगमन गर्न आवश्यक रहेको देखिन्छ ।

तालिका ९ : आ.व. २०८०/८१ मा सीमान्तीकृत समुदाय (महिला, बालबालिका र जेष्ठ नागरिकबाहेक)का लागि बिनियोजित रकम र खर्चको अवस्था (करोडमा)

लक्षित समूह	बिनियोजित बजेट	संशोधित बजेट	खर्च	खर्चको अनुपात
थारु	९	९	५	५४%
दलित	२	२	१	७८%
मगर	२	२	१	४३%
मुस्लिम	६	६	५	७६%
अपाङ्गता भएका व्यक्ति	४	४	२	५८%
अन्य सीमान्तीकृत समुदाय	२४	३२	१९	६०%
लक्षित समूह (साझा बजेट)	०.२	०.२	०.१	५७%
छनौट गरिएको लक्षित समूहका लागि जम्मा रकम	**४८**	**५५**	**३३**	**६०%**

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश र डिग्निटी इनिसियटिभ, २०८१ ।

तालिका ९ ले आ.व. २०८०/८१ मा लक्षित समूहमध्ये सीमान्तीकृत समुदायका ४८ करोड बिनियोजन भएको देखाउँछ। बिनियोजित बजेट कार्यान्वयनका सन्दर्भमा 'अन्य सीमान्तीकृत समुदाय' अन्तर्गत पर्ने शीर्षकको बजेट संशोधन गरी २४ करोडबाट बढाएर ३२ करोड पुऱ्याइएको छ। तर, रोचक कुरा के छ भने अन्य सीमान्तीकृत समुदायले सीमान्तीकृत समुदायभित्रका कुन समुदाय केन्द्रित गरी यो बजेट कार्यान्वयन गर्ने भन्ने अष्पष्ट छ। सीमान्तीकृत समुदायलाई ठोस रूपमा नतोकिएको शीर्षकमै बजेट थप गर्दा उक्त बजेटको खर्च कसरी हुन्छ भन्ने सवाल पनि अपष्पष्ट नै हुन्छ। यसरी संशोधन गरेर रकम बढाउँदा पनि त्यसको कार्यान्वयनको सवाल र प्रभावकारीतामा भने प्रश्न उठ्ने सम्भावना बढी रहन्छ। त्यसैले संशोधनमार्फत बजेट बढाउँदा तोएिको स्पष्ट शीर्षकमा बढाइयो भने मात्रै निश्चित लक्षित समूह यसबाट लाभान्वित हुनसक्छ।

आ.व. २०८०/८१ सीमान्तीकृत समुदायलाई लक्षित गरी बिनियोजन गरिएको सीमित बजेटको पनि प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। बिनियोजित बजेटमध्ये औषत ६० प्रतिशत मात्रै बजेट खर्च भएको छ। माथिको तथ्याङ्कले लक्षित समूहमा छुट्याइएको बजेटमध्ये मगर समुदायमा सबैभन्दा कम अर्थात ४३ प्रतिशत बजेट खर्च भएको देखाउँछ भने मुस्लिम समुदायमा ७६ प्रतिशत र दलित समुदायमा सबैभन्दा धेरै ७८ प्रतिशत खर्च भएको देखिन्छ। यसरी समग्रमा सीमान्तीकृत समुदायलाई छुट्याइएको सीमित बजेटको पनि प्रभावकारी कार्यान्वयन नहुनुमा सम्बन्धित सरोकारवालाको पर्याप्त ध्यान नपुगेको देखिन्छ भने लक्षित समूहले पनि प्रभावकारी अनुगमन र पैरवी गर्न नसकेको देखिन्छ। उदाहरणका लागि आ.व. २०८०/८१ मा दलितका लागि बिनियोजित बजेटको ७८ प्रतिशत भयो तर कुन शीर्षकमा कति बजेट खर्च भएन र किन भएन भनेर खोजी नभएका कारण पनि बाँकी बजेट फ्रिज हुन पुगेको हुनसक्छ। त्यसैले सीमान्तीकृत समुदायले बजेट निर्माणमा मात्रै होइन कार्यान्वयनका क्रममा पनि विशेष चासो राख्न जरूरी छ।

४.२.७ लक्षित समूहको बजेट : संशोधन हुँदा कटौतीमा

प्रदेश सरकारले लक्षित समूहका लागि बिनियाजन गरेको सीमित बजेट पनि कार्यान्वयनका क्रममा घटुवामा पर्ने गरेका छन्। तालिका १० मा उल्लेख गरिएभैं लक्षित समूहलाई बिनियोजित रकमको संशोधन हुँदा औषतमा २.८ प्रतिशत घट्न पुगेको छ। आ.व. २०८०/८१ मा लक्षित समूहलाई कूल १ अर्ब ४० करोड ८६ लाख बजेट बिनियोजन गरिएको थियो जुन संशोधन हुँदा घटाएर १ अर्ब ३६ करोड ९५ लाखमा भारियो। बजेट संशोधन हुँदा सबैभन्दा धेरै अर्थात ५६.९ प्रतिशत

बालबालिकाको घटाइएको छ भने दलित लक्षित बजेटको १४ प्रतिशत कटौती गरियो । संशोधनका क्रममा अन्य सीमान्तीकृत समुदायका लागि छुट्याइएको बजेट ३२.८ प्रतिशत घटाइयो । यो तथ्याङ्कले बिनियोजित बजेट संशोधन हुँदा पनि सबैभन्दा धेरै बालबालिका र सीमान्तीकृत समुदायकै बजेट ठूलो मात्रामा कटौती गर्ने गरिएको देखाउँछ । यसले बजेट संशोधनका क्रममा छुट्याइएको सीमित बजेट पनि कटौतीमा पर्दा दलित र सीमान्तीकृत समुदाय लक्षित कार्यक्रम नहुने वा बजेट अभावमा प्रभावकारी कार्यक्रम हुन नसक्ने परिस्थिति सिर्जना गर्ने सम्भावना रहेको देखाउँछ ।

तालिका १० : लक्षित समूह केन्द्रित विनियोजित बजेटको संशोधन (करोडमा)

लक्षित समूह	बिनियोजित बजेट	संशोधित बजेट	कटौती गरिएको बजेट (प्रतिशत)	
अपांगता भएका व्यक्ति	४.२९	४.१९	(०.१०)	-२.३%
जेष्ठ नागरिक	१०.४४	१०.४५	०.०१	०.१%
थारु	९.०६	८.६७	(०.३९)	-४.३%
दलित	२.१७	१.८७	(०.३०)	-१४.०%
बालबालिका	१७.५७	७.५७	(१०.००)	-५६.९%
मगर	२.४५	२.४५	-	
महिला	६४.५३	६३.६७	(०.८६)	-१.३%
मुस्लिम	६.४४	६.३८	(०.०६)	-०.९%
साझा लक्षित समूह	०.२०	०.२०	-	-
अन्य सीमान्तीकृत समूह	२३.७२	३१.५१	७.७९	३२.८%
जम्मा	१४०.८६	१३६.९५	(३.९१)	-२.८%

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश र डिग्निटी इनिसियटिभ, २०८१ ।

४.२.८ सीमान्तीकृत लक्षित बजेट उपयोगको अवस्था

आ.व. २०८०/८१ मा लक्षित समूहको बजेटमध्ये प्रत्यक्षरूपमा सीमान्तीकृत समुदाय लक्षित ६०१ ओटा गतिविधि सञ्चालनका लागि १ अर्ब ३६ लाख ९४ हजार बिनियोजन भएको थियो । यसरी बिनियोजन गरिएको रकमको ८३.६१ प्रतिशत मात्रै खर्च भएको थियो । ती कार्यक्रम सञ्चालनका लागि गरिएको खर्चको प्रवृत्ति हेर्दा १ सय १६ ओटा (१९.३० प्रतिशत) कार्यक्रमका लागि बिनियोजन गरिएको ३३ करोड ९४ लाख खर्च नगरिएको देखिन्छ । यसैगरी १ सय ११ ओटा (१८.४७ प्रतिशत) कार्यक्रमका लागि बिनियोजन गरिएको ५ करोड २८ लाखमध्ये ९७ लाख मात्रै अथवा ३० प्रतिशत भन्दा कम खर्च भएको थियो । यसैगरी ३३ (५.५० प्रतिशत) कार्यक्रमका लागि बिनियोजित ४ करोड ७७ लाखमध्ये २ करोड १५ लाख अर्थात ३० देखि ५० प्रतिशत मात्रै खर्च भएको छ भने ५० देखि ७०

प्रतिशत खर्च भएका कार्यक्रम ४६ (६.६५ प्रतिशत) मात्रै छन् । २ सय ९५ (४९.०८ प्रतिशत) ओटा कार्यक्रमका लागि बिनियोजन गरिएको ७९ करोड ३० लाखको मात्रै ७० प्रतिशतभन्दा बढी खर्च भएको देखिन्छ । तालिका ११ मा उल्लेख गरिएझैं सीमान्तीकृत समुदायका लागि बिनियोजन गरिएको सीमित बजेट पनि प्रभावकारी रूपमा खर्च गरिएको देखिँदेन ।

तालिका ११ : आ.व. २०८०/८१ मा लक्षित समुदायका निमित्त विनियोजित बजेटको उपयोग (करोडमा)

उपयोगको अवस्था	जम्मा कार्यक्रम	जम्मा बिनियाजित बजृट (करोडमा)	जम्मा उपयोग भएको बजेट (करोडमा)
खर्चनै नभएको	११६	३३.९४	०
३० प्रतिशत भन्दा कम उपयोग	१११	५.२८	०.९७
३०-५० प्रतिशत उपयोग	३३	४.७७	२.१५
५०-७० प्रतिशत उपयोग	४६	१३.६५	८.४४
७० प्रतिशत भन्दा बढी उपयोग	२९५	७९.३	७२.०५
जम्मा	**६०१**	**१३६.९४**	**८३.६१**
बजेट खर्च भएको अवस्था			६० प्रतिशत

समग्रमा लुम्बिनी प्रदेश सरकारले सैद्धान्तिक रूपमा समावेशी शासन र लैङ्गिक तथा सामाजिक समावेशीकरणमा आधारित बजेट बिनियोजनलाई औपचारिकरूपमा स्वीकार गरेको देखिन्छ । लैङ्गिक उत्तरदायी बजेट निर्माण गर्नैपर्ने बाध्याताका कारण प्रदेशको बजेट समावेशी चरित्रको देखिए पनि लक्षित समूहका लागि अत्यन्तै थोरै बजेट बिनियोजन गरेको गर्दै आएको छ भने लक्षित समूहभित्रका सीमान्तीकृत समुदायका लागि नगन्य मात्रामा बजेट बिनियोजन हुने गरेको छ । यति मात्रै होइन, बिनियोजित बजेटको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सामाजिक र मानवीय विकासका लागि सबैभन्दा धेरै बजेट सीमान्तीकृत समुदायको सामाजिक-आर्थिक जीवनको रूपान्तरणका लागि बिनियोजन गरिनुपर्छ । यसका साथै सीमान्तीकृत समुदायको शिक्षा, स्वास्थ्य, रोजगारीका साथै सामाजिक विभेद र असमानताको अन्त्यका लागि प्रदेशले न्यायोचित बजेट बिनियोजन गर्नुपर्ने हो । तर, लुम्बिनी प्रदेश सरकारले सीमान्तीकृत समुदायका यस्ता महत्वपूर्ण सवाललाई सम्बोधन गर्ने गरी बजेट बिनियोजन गरेको छैन भने बिनियोजित बजेटको पनि प्रभावकारी कार्यान्वयन गरेको देखिँदैन ।

अध्याय पाँचः
अध्ययनबाट प्राप्त तथ्यको विश्लेषण

५.१ संघीयताको अभ्यास : सीमान्तीकृतको अपेक्षा सम्बोधनमा कमजोर प्रयत्न

नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम लुम्बिनी प्रदेशसभा र प्रदेश सरकारअन्तर्गतका निकाय सञ्चालनमा छन् । प्रदेशसभाले आवश्यक ऐन निर्माण गर्ने, वार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गर्ने र प्रदेश सरकारले गरिरहेका गतिविधिको अनुगमन गर्नेजस्ता क्रियाकलाप गर्दै आइरहेको छ । प्रदेश सरकारले पनि संविधानले निर्दिष्ट गरेका क्रियाकलापका साथै प्रदेशसभाले निर्माण गरेका नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने काम गर्दै आइरहेको छ । प्रदेश सुशासन ऐन, २०७६ ले संघीय शासन प्रणालीको सुदृढीकरण, समन्यायिक र समावेशीकरण, कानुनको शासन, मानवअधिकारको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता र जिम्मेवारीपन, जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग आदिलाई प्रशासनिक कार्यसम्पादनको आधार मानेको छ । सो ऐनमा प्रदेश सरकारले आर्थिक समानता र शोषणरहित समाजको निर्माण, सामाजिक न्याय, प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतबाट प्राप्त लाभको न्यायोचित वितरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरणीय न्याय, श्रम र मानवअधिकारको सम्मानलगायतका नीति अख्तियार गर्ने सवाल उल्लेख गरिएको छ । प्रदेशले यस्ता नीतिगत व्यवस्थाको अवलम्बन गरेकै कारण प्रदेशमा पनि सीमान्तकृत समुदायको सामाजिक पहिचान स्थापित भएको छ । संघीयताको कार्यान्वयनकै कारण सीमान्तीकरणमा पारिएको थारू समुदायबाट पहिलोपल्ट लुम्बिनी प्रदेश मुख्यमन्त्री निर्वाचित हुने राजनीतिक परिवेश निर्माण भएको छ । यो संघीयताको एउटा महत्वपूर्ण उपलब्धी हो । यसैगरी प्रदेश र स्थानीय तहमा सीमान्तकृत समुदायले संघीयताको कार्यान्वयनसँगै आफ्ना अपेक्षा र आवश्यकतालाई सशक्तरूपमा उठाउन थालेका छन् । यसले राजनीतिक सत्ता, शक्ति र स्रोतको समन्यायिक वितरण एवं पुनःवितरणको प्रक्रिया अगाडि बढाउन प्रदेश सरकारलाई सीमान्तीकृत समुदायले बिस्तारै दबाब दिन सुरू गरेका छन् । प्रदेशले निर्माण गर्ने ऐन र कानुन तथा नीतिलाई समावेशी बनाउनका लागि प्रदेशसभा र सरकारलाई जवाफदेही बनाउन बहस र पैरवी भइरहेका छन् । यस्ता

राम्रा प्रयत्न भए पनि प्रदेशसभाले ऐन र कानुन निर्माण गर्दा सीमान्तीकृत समुदायको समावेशीकरण, जातीय, भाषिक, सांस्कृतिक अधिकारको सुनिश्चितता र सामाजिक-सांस्कृतिक विभेद अन्त्यका लागि पर्याप्त मात्रामा ऐन निर्माण हुन सकेका छैनन् भने प्रदेश सरकारले पनि आवश्यक नीतिगत व्यवस्था गर्न सकेको छैन । यति मात्रै होइन, लुम्बिनी प्रदेश सरकारले प्रदेशको दिर्घकालीन लक्ष्य निर्धारण गर्दा होस् वा वार्षिक नीति तथा कार्यक्रम तय गर्दा वा बजेट बिनियोजन गर्दा सीमान्तीकृत समुदायको चासो र सराकारलाई गम्भीरतापूर्वक लिएको देखिँदैन । जुन वर्ग र समुदायले संघर्षबाट संघीय व्यवस्था स्थापित गऱ्यो, संघीयताको कार्यान्वयनबाट पनि सोही समूह उत्पीडिन र बहिस्करणमा परिरहको परिस्थिति लुम्बिनी प्रदेशमा पनि देखिन्छ ।

संघीयताको कार्यान्वयनसँगै लुम्बिनी प्रदेशले ७० ओटा ऐन, ३४ ओटा नियमावली, ७ कार्यविधि र ५ निर्देशिका गरी जम्मा ११६ ओटा ऐन, नियम र नीतिगत व्यवस्था गरेको छ । यसरी निर्माण गरिएका ऐन, कानुन र नीति मूलतः प्रदेशको प्रशासनिक, वित्तीय व्यवस्था र सेवा सुविधासँग सम्बन्धित बढी छन् । विकाससँग सम्बन्धित धेरैजसो नीति भौतिक पूर्वाधारका क्षेत्रमा केन्द्रित छन् भने मानवीय विकासका सवालमा अत्यन्तै थोरै नीति निर्माण भएका छन् । यसको अर्थ राजनीतिक बहिस्करण, आर्थिक र सांस्कृतिक उत्पीडनमा पारिएका सीमान्तीकृत समुदायको अधिकार स्थापित गर्ने ऐन, कानुन र नीति निर्माणले खासै प्राथमिकता पाएका छैनन् । प्रदेशभित्रका सीमान्तकृत समुदाय र उनीहरूको आवश्यकता पहिचान गर्ने र ती समुदायका सरोकार सम्बोधन गर्ने नीतिगत व्यवस्था र रणनैतिक कार्ययोजना निर्माणमा ठोस काम हुन सकेको छैन । प्रदेशअन्तर्गतका केही स्थानीय तहले समुदायका परम्परागत प्रथाजनित कानूनी पद्धतिसँग सम्बन्धित ऐन निर्माण प्रारम्भ भएका छन् । उदाहरणका लागि बर्दियाको मधुवन नगरपालिका, बाँसगढी नगरपालिका, राजापुर नगरपालिका, बढैयाताल नगरपालिका, ठाकुरबाबा नगरपालिका, गेरूवा गाउँपालिका, बाँकेको बैजनाथ गाउँपालिकाले बडघर सम्बन्धी कानुन निर्माण गरी लागू गरिरहेका छन् । तथापि, संविधानमा उल्लेख भएअनुरूप सीमान्तकृत समुदायको स्थानीय स्वयत्त शासनको अधिकार, विशेष क्षेत्र र संरक्षित क्षेत्र निर्धारण गरी उत्पीडिन समुदायको राजनीतिक शासकीय अधिकार स्थापित गर्ने सन्दर्भमा प्रदेशमा कुनै किसिमको बहस र छलफल हुने गरेको छैन । प्रदेशसभा र प्रदेश सरकारले पनि यस्ता स्वायत्त, संरक्षित र विशेष क्षेत्र पहिचान गर्ने र ती क्षेत्रलाई व्यवहारिकरूपमा कार्यान्वयनमा ल्याउनका लागि आवश्यक प्रत्यन्त गर्न सकेको छैन । यस दिशामा प्रदेश सरकारले विशेष ध्यान दिन आवश्यक छ ।

संघीयताको कार्यान्वयनसँगै प्रदेश तथा स्थानीय तहमा राज्य नागरिकको आधारभूत तथा मौलिक हक अधिकारको कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माणको कामलाई तीब्रता दिइरहेको छ। प्रदेशको अधिकांश बजेट तिनै प्रशासनिक र भौतिक क्षेत्रको विकासको लागि छुट्याइने हुने गरेको छ। स्वभाविकरूपमा प्रदेशमा भौतिक पूर्वाधारको विकास आवश्यक छ। सीमान्तीकृत समुदायले पनि भौतिक पूर्वाधारमा हुने विकासबाट फाइदा लिन सक्छन्। तथापि, भौतिक विकाससँगै मानवीय विकास नेपाली समाजको आधारभूत आवश्यकता हो। त्यसैले विकासबिना भौतिक पूर्वाधारको विकासले मात्रै समाजलाई प्रगतिको बाटोमा लैजान सक्दैन। त्यसैले भौतिक विकास सँगसँगै मानवीय विकासका महत्वपूर्ण पाटोलाई पनि प्रदेश सरकारले ध्यान दिनुपर्छ। सामाजिक, सांस्कृतिक विभेद, आर्थिक, शैक्षिक, भाषिक, लैङ्गिक न्याय प्रबर्द्धन गर्ने न्यायिक प्रकृत्तिको विकासको अवधारणाको अभ्यास हुन आवश्यक छ। त्यसैले प्रदेश सरकारले वास्तवमै प्रदेशको आर्थिक र सामाजिक विकासका लागि प्रदेश सरकारले मानवीय विकाससँग सम्बन्धित ऐन, कानुन, नीति र कार्यक्रम तथा बजेट निर्माण गरिनुपर्छ।

लुम्बिनी प्रदेशसभा, सरकार र प्रदेश अन्तर्गता स्थानीय सरकारको सकारात्मक प्रयत्नका बाबजुद त्यहाँका सीमान्तकृत समुदायको वास्तविक अपेक्षा भने प्रभावकारीरूपमा सम्बोधन हुन सकेका छैनन्। विशेषगरी सीमान्तीकृत समुदायको स्वशासन, भाषिक-सांस्कृतिक अधिकारको अभ्यास प्रभावकारी रूपमा हुन सकेको छैन। जस्तै : ७ प्रदेशमा बाँडिएको थारूको सबैभन्दा बढी जनसंख्या लुम्बिनी प्रदेशमा छ। तैपनि थारू समुदाय आर्थिक, राजनीतिक र सामाजिक-सांस्कृतिकरूपमा अहिले पनि शक्तिहीन छन्। नियोजितरूपमा थारूको जनसंख्यालाई विभाजन गरेर उनीहरूको जनसंख्या सबैतिर सीमन्तीकृत अवस्थामा पुऱ्याइएको छ। यसले संघीयतामा थारूले खोजेको स्वायत्तता र स्वशासनको अभ्यास हुनै नसक्ने परिस्थिति निर्माण गरिएको छ। आदिवासी जनजाति, थारूलगायतका सीमान्तकृत समुदायमा प्रदेशको सीमांकन र नामांकनको सवालमा रहेको असन्तुष्टिलाई राजनीतकि सामाजिक बहस र संवादमा राखिएको छैन। सीमान्तकृत समुदायको लागि संघीयताको मूल सवाल स्वायत्त, संरक्षित र विशेष क्षेत्र निर्माण गरिनु पनि एउटा महत्वूर्ण सवाल हो, तर यो विषयमा लुम्बिनी प्रदेशमा अहिले कुनै पनि किसिमको छलफल र बहस सुरू भएको देखिँदैन। प्रदेशमा सीमान्तीकृत समुदायको स्वायत्तताको अभ्यासका लागि पनि लुम्बिनी प्रदेशले आवश्यक नीति तथा कार्यक्रम निर्माण गर्ने र सोहीअनुरूपको बजेट पनि बिनियोजन गर्नुपर्छ।

५.२ समावेशी सिद्धान्तको कमजोर अभ्यास

यो अध्यनमा लुम्बिनीको नीति निर्माण गर्ने राजनीतिक नेतृत्व, प्रदेशसभाबाट बनेका नीति तथा कानुन र प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेशीकरणको अभ्यासको समीक्षा गरिएको छ। लुम्बिनी प्रदेशमा ७२ प्रतिशत भन्दा बढी जनसंख्या सीमान्तीकृत समुदायको छ। संघीयता राजनीतिक व्यवस्था स्थापनाका लागि पनि मूलतः सीमान्तीकृत समुदायका आदिवासी जनजाति, थारू, मधेसी र दलितले नै निरन्तर संघर्ष गर्दै आएका हुन् । तर संघीयताको अभ्याससँगै स्थापना भएको प्रदेशको राजनीतिक संरचनामा भने तुलनात्मकरूपमा समिान्तीकृत समुदायको प्रतिनिधित्व समानुपातिक प्रकृत्तिको छैन । प्रदेशसभा, प्रदेश सरकार र प्रदेशका अन्य निकायमा पनि मूलतः खसआर्य प्रभुत्व कायमै छ। प्रदेश मुख्यमन्त्री, मन्त्रीपरिषद् र सरकारको मुख्य नेतृत्व तहमा सीमान्तीकृत समुदायको प्रतिनिधित्व निकै कमजोर रहेको छ ।

लुम्बिनी प्रदेश सरकारको मन्त्रीपरिषद्मा खसआर्य र पुरूषकै प्रभुत्वले निरन्तरता पाइरहेको छ । २०७४ देखि २०८१ सम्म गठन भएको प्रदेश मन्त्रीपरिषद्का ७४ जनामध्ये ५८ प्रतिशत खसआर्यको प्रतिनिधित्व छ भने प्रदेशसभाका विभिन्न समितिको प्रमुद वा सभापतिमध्ये ६० प्रतिशत र प्रदेश योजना आयोगमा ७९ प्रतिशत खसआर्यको मात्रै प्रभुत्व रहेको देखिन्छ। सीमान्तकृत समुदायकाको हकमा भने पहिलोपल्ट थारू समुदायबाट एकजना मुख्यमन्त्री निर्वाचित भएका थिए, जसलाई संघीयतापछिको एउटा राजनीतिक उपलब्धी मान्न सकिन्छ। तर समग्रतामा हेर्ने हो भने संघीयताको अभ्यासपछि पनि लुम्बिनी प्रदेशमा समानुपातिक समावेशीताको सिद्धान्तको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सीमान्तकृत समुदाय पुनः सीमान्तकरणमा पारिँदै आएका छन् ।

प्रदेशसभाको एउटा महत्वपूर्ण काम भनेको प्रदेशका लागि आवश्यक ऐन र कानुन निर्माण गर्नु हो । यसका साथै प्रदेश सरकारले पनि ती ऐन कानुन कार्यान्वयनका लागि विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका आदि निर्माण गरेको छ । तर प्रदेशले यसरी नीति निर्माण गर्दा सीमान्तीकृत समुदायको समावेशीकरणको सवाललाई प्रयाप्त मात्रामा ध्यान दिन सकेको छैन । प्रदेशले बनाएका ऐन र नियमावलीमध्ये विशेषत दुईओटा ऐनमा समावेशीकरणको सवाललाई ठोस रूपमा उठाइएको छ। लुम्बिनी प्रदेश प्रादेशिक प्रदेश प्रहरी ऐन, २०७९ र प्रदेश निजामती ऐन, २०८० मा सीमान्तीकृत समुदायलाई आरक्षण दिने व्यवस्था गरिएको छ । यसैगरी प्रदेश प्रहरी ऐन, २०७९ को दफा ५(५) प्रहरी संगठन समावेशी हुने उल्लेख

छ । ऐनको दफा २१ पदपूर्ति (१०) जम्मा खुलाइएको पदमध्ये ४५ प्रतिशत समावेशीतर्फ छुट्याइएको छ । ती पदअन्तर्गत ३३ प्रतिशत महिला, आदिवासी जनजाति १५ प्रतिशत, थारू १४ प्रतिशत, दलित १४ प्रतिशत, मधेसी १० प्रतिशत, बिपन्न खसआर्य ६ प्रतिशत, मुस्लिम ५ प्रतिशत र द्वन्द्व पीडित ३ प्रतिशत प्रदान गरिने उल्लेख छ । यसैगरी प्रदेश निजामती ऐन, २०८० को मार्गनिर्देशक सिद्धान्त ३ (ख) मा निजामती सेवामा आवश्यक पद नियुक्ति गर्दा खुल्ला र समानुपातिक सिद्धान्तमा आधारित भएर गरिने उल्लेख छ । यसरी पदपूर्ति हुनेमध्ये ४९ प्रतिशत समावेशीमार्फत छुट्याइएको छ जसमध्ये खसआर्य महिलालाई १५ प्रतिशत, आदिवासी जनजातिलाई ९ प्रतिशत, मधेसीलाई १६ प्रतिशत, दलितलाई १५ प्रतिशत, थारूलाई १४ प्रतिशत, बिपन्न खसआर्यलाई ७ प्रतिशत, मुस्लिमलाई ७ प्रतिशत, अपाङ्गता भएका व्यक्तिलाई ३ प्रतिशत र पिछडिएको क्षेत्र, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई ५ प्रतिशत कोटा छुट्याइएको छ । यी दुई एनेमा भएका व्यवस्थाको कार्यान्वयनका लागि नियमावली पनि निर्माण गरिएका छन् । यसबाहेक प्रदेश सुशासन ऐन, २०७६ ले जातजाति, भाषा, संस्कृति आदिको सवाललाई महत्वपूर्ण सरोकारका रूपमा लिएको छ । ऐनमा भएका व्यवस्ता सुशासन नियमावली, २०७७ मा पनि समेटिएको छ । प्रदेश ५ बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा (४) नाम र पहिचानको अधिकारको अधिकार दिइएको छ । यदि कुनै बालबालिकाले विशेष कारणवश आमाको नामबाट पहिचान प्राप्त गर्न खोजेमा त्यस्तो अधिकार प्राप्त हुने व्यवस्था गरिएको छ । यसैगरी प्रदेश सरकारले लैङ्गिक समानता नीति, २०८० निर्माण गरी लागू गरेको छ । यसरी प्रदेशले समानुपातिक समावेशीकरणका क्षेत्रमा थोरै भए पनि ऐन र नीति निर्माण गरेको छ ।

लुम्बिनी प्रदेशले निर्माण गरेका सीमित ऐन र नियमावलीमा मात्रै प्रदेशको समावेशीकरण प्रबर्द्धन गर्ने किसिमका छन् । तर प्रदेशसभाबाट पारित अन्य ऐनमा भने सामाजिक समावेशीकरणका सवाललाई खासै चासो दिइएको छैन । अधिकांश ऐनअन्तर्गत गठन हुने समिति र उपसमितिमा कम्तीमा एकजना महिलाको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ तर समग्र संरचनालाई समावेशी बनाउनेतर्फ बेवास्ता गरिएको छ । प्रदेशसभा वा सरकारले लुम्बिनी प्रदेशमा समावेशीकरण प्रबर्द्धनका सन्दर्भमा स्पष्ट दृष्टिकोण नबनाएका कारण प्रदेशसभाले निर्माण गरेका ऐनका साथै अन्य नीति निर्माण हुँदा पनि समावेशीकरणको सवाल छुटेको देखिन्छ । प्रदेशसभा र प्रदेश सरकारले निर्माण गरेका ऐन र नीतिगत व्यवस्था समावेशी नहुनुका पछाडि ती नीति निर्माण गर्ने प्रक्रियामा समुदाय केन्द्रित परामर्श हुने गरेका छैनन् । अर्कोतिर प्रदेशको ऐन, कानुन र नीतिलाई समावेशी बनाउन सीमान्तीकृत समुदायका

प्रदेशसभा सदस्यको भूमिका बलियो हुनुपर्छ । तर, यस्ता ऐन, कानुन र नीतिको मस्यौदामाथि आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, थारू समुदायका प्रदेशसभा सदस्यबीच सीमान्तीकृत समुदायको समावेशीकरण सुनिश्चितताका लागि सामूहिक पहल हुने गरेका छैनन् । यसका साथै प्रदेशका नीतिका सन्दर्भमा सीमान्तीकृत समुदायका अधिकारकर्मी र सरोकारवालाबीच पनि सामूहिक बहस र छलफल पनि हुने गरेका छैनन् ।

अर्कोतिर प्रदेश सरकारको नीति तथा कार्यक्रमले सरकार कुन दिशातिर अगाडि बढ्न खोजिरहेको छ भन्ने निशानिर्देश गर्छ । लुम्बिनी प्रदेशसभाले वार्षिक नीति तथा कार्यक्रम तयार पार्दा होस् वा बजेट बिनियोजन गर्दा सीमान्तीकृत समुदायका प्रतिनिधिसँग परामर्श हुने गरेको देखिँदैन । जुन पार्टीले सरकारको नेतृत्व गर्छ, तिनै पार्टी नजिकका नेतृत्व, विज्ञ र कर्मचारी प्रशासनबीचको समन्वयमा सरकारले वार्षिक नीति तथा कार्यक्रम प्रदेशसभामा पेश हुने गर्छ । सोही प्रक्रियाबाट प्रदेश सरकारको बजेट पारित हुने गरेको छ । यसरी वार्षिक नीति तथा कायक्रम निर्माण गर्दा होस् वा बजेट बिनियोजनका सन्दर्भमा प्रदेशसभामा सैद्धान्तिक छलफल त हुन्छ, तर यस्ता छलफलमा पनि समावेशीकरणको अभ्यासको सन्दर्भ पर्याप्त मात्रामा उठ्दैनन् । प्रदेश सरकारको नीति तथा कार्यक्रममै सीामन्तीकृत समुदायको सवाल सशक्तरूपमा उठ्ने गरेका छैनन् । लुम्बिनी प्रदेशसभामा पाँचवर्षको बजेटमा लक्षित समूह (महिला, बालबालिका र जेष्ठ नागरिक)लाई गरी ३ प्रतिशत र सीमान्तीकृत समुदायका करिब १ प्रतिशत मात्रै बजेट बिनियोजन हुनु यसैको परिणाम हो ।

यति मात्रै होइन, बिनियोजित बजेटको कार्यान्वयनमा समेत प्रदेश सरकारले तदारूकता नदिएका कारण लक्षित समूहलाई बिनियोजन गरिएको बजेट पनि पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । यसो हुनुका पछाडि मूलत: प्रदेश सरकारको समावेशीकरण सम्बन्धी नीतिमै समस्या छ । प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा स्पष्टसँग सीमान्तीकृत समुदायको समस्या, आवश्यकता र चासोलाई सम्बोधन गर्ने नीति लिएको अवस्थामा प्रदेश सरकोको नीति तथा कार्यक्रम र बजेट पनि समावेशी हुनसक्थ्यो । यसैगरी सीमान्तीकृत समुदायका जनप्रतिनिधिले एकीकृतरूपम सशक्त पहलकदमीको गरेको अवस्थामा प्रदेशको नीति तथा कार्यक्रम र बजेट समावेशी प्रकृत्तिको बन्न सम्भव थियो । बिनियोजित बजेटको कार्यान्वयनका लागि पनि प्रदेशसभाले पर्याप्त मात्रामा अनुगमन र मूल्याङ्कन गर्न सक्थ्यो । तर, सीमान्तीकृत समुदाय लक्षित कार्यक्रमको प्रभावकारीता बढाउन र बिनियोजित बजेटबाट समुदायलाई फाइदा पुग्ने कार्यक्रम सञ्चालनका लागि प्रदेशसभाले पनि

गर्न सकेको देखिँदैन । त्यसैले सीमान्तीकृत समुदाय लक्षित कार्यक्रमका लागि बिनियोजन गरिएको बजेट पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् भने बजेट संशोधनको प्रक्रियामा लक्षित बजेट समेट घटाइएको छ वा रकमान्तरण गरिएको छ । यो विषयमा सीमान्तीकृत समुदायका जनप्रतिनिधिको गम्भीर चासो र निगरानीको आवश्यकता देखिन्छ ।

५.३ प्राकृतिक एवं वित्तीय स्रोत साधन वितरणको अवस्था

प्राकृत्तिक स्रोत साधनमा पहुँच, उपभोग र नियन्त्रण संघीयताको प्रभावकारी कार्यान्वयनसँग गाँसिएको विषय हो । राज्य पुनर्संरचनाको एउटा महत्वपूर्ण लक्ष्य भनेको जस्तै : जल, जमिन र जंगलजस्ता प्राकृत्तिक स्रोत साधनमाथि सीमान्तीकृत समुदायको पहुँच स्थापित गर्नु पनि हो । प्रदेशको नीति तथा कार्यक्र र बजेटले यस्ता मुद्दालाई सम्बोधन गर्न सकेको खण्डमा मात्रै ऐतिहासिक उत्पीडन र बञ्चितीकरणमा पारिएका समुदायको आर्थिक जीवनमा रूपान्तरण हुनसक्छ । यति मात्रै होइन, राज्यबाट प्राप्त हुने वित्तीय अवसरमा पनि सीमान्तीकृत समुदायले आफ्नो हिस्सा पाउने व्यवस्था नीतिगतरूपमै हुन सक्यो भने सीमान्तीकृत समुदायको जीविकोपार्जन सहज हुनसक्छ ।

लुम्बिनी प्रदेशले नीति तथा कार्यक्रममा प्राकृतिक स्रोत, कृषि र ज्याला मजदुरीमा निर्भर रहेका सीमान्तकृत समुदायको हकमा कृषि तथा करारमा जमिन लिइ खेती गर्न सकिने अवधारणागत अगाडि सारेको छ तर ठोस नीतिगत प्रावधान भने निर्माण गरेको छैन । प्रदेश सरकारले प्राकृतिक स्रोत साधनको उचित उपयोग गर्ने, व्यवस्थित रूपमा तिनको प्रयोग गर्ने नीति तथा योजना वर्षेनी बनाउने गरेको भए पनि प्रदेशभित्र रहेका जैविक विविधता, प्राकृतिक स्रोत साधन, सम्पदालाई त्यहाँका नागरिक एवं समुदायमाझ कसरी बाँडफाँड तथा वितरण गर्ने सवालमा आवश्यक नीति बनेका छैनन् । प्रदेशको प्राकृतिक स्रोत साधनमा स्थानीय समुदायका पहुँच र भोगचलनमार्फत् स्थानीय अर्थतन्त्र चलयमान बनाउन सकिन्छ भन्ने सोंच प्रदेशको नीति तथा कार्यक्रम र बजेटमा कतै झल्किँदैन । ऐतिहासिकरूपमा आ-आफ्नो भूमि तथा थातथलोस्थित प्राकृतिक स्रोत साधनको उपभोग एवं संरक्षण गर्दै आइरहेका आदिवासी जनजाति, थारू वा भूमिहीन, आवासविहीन अवस्थामा रहेका चिडिमार, पत्थरकट्टा, बादी, मुसहरलगायतका अति सीमान्तकृत जातजातिको प्राकृतिक स्रोतमाथिको पहुँचको सवाल पनि प्रदेशको नीतिमा पर्न सकेको देखिँदैन । बरू राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, सामुदायिक वन, निर्माण तथा क्रसर उद्योग सञ्चालन

आदिका नाममा सीमान्तकृत समुदायको प्राकृतिक स्रोत साधनमाथि अतिक्रण भइरहेको छ । वन तथा वन्यजन्तु संरक्षण ऐनमा भएका प्रावधानले स्थानीय आदिवासी र सीमान्तीकृत समुदायको जनजीविकालाई थप समस्यामा पार्दै गइरहेको तथ्यप्रति प्रदेश सरकारको ध्यान जान सकेको छैन ।

प्रदेशले विनियोजन गरेको बजेटको ठूलो हिस्सा भौतिक संरचना निर्माण तथा मर्मत कार्यमा खर्च हुने गरेको देखिन्छ । स्वभाविकरूपमा भौतिक पूर्वाधारको निर्माण आवश्यक छ, ती परियोजनाबाट सीमान्तीकृत समुदायले पनि लाभ पाइरहेका छन् । तथापि, भौतिक विकाससँगसँगै सीमान्तीकृत समुदायको अपेक्षा आधारभूत अधिकार जस्तै : शैक्षिक, स्वास्थ्य, रोजगारी प्राप्ति र सहज दैनिक जीविका हो । त्यसैले प्रदेशको सामाजिक-आर्थिक रूपान्तरण, गरिबीको अन्त्य र समृद्ध नागरिकका यी क्षेत्रमा आवश्यक नीति निर्माण गर्ने, दिर्घकालीन प्रभाव पार्ने किसिमका कार्यक्रम तय गर्ने र सोहीअनुरूप बजेट बिनियोजन गरिनुपर्छ । त्यसैले प्रदेशले निर्माण गर्ने नीति र कार्यक्रम तथा बजेट बिनियोजनले आदिवासी जनजाति, थारू र दलितका विशिष्ट सरकोरालाई सम्बोधन गर्ने र प्राकृतिक स्रोत साधन एवं वित्तीय स्रोत साधनमाथि पहुँच स्थापित गर्ने किसिमको हुन जरूरी छ ।

५.४ जीविकोपार्जनमा स्तरोन्नति : सीमित प्रयास, असीमित आवश्यकता

सन् २०२१ मा राष्ट्रिय योजना आयोग र अक्सफोर्ड विश्वविद्यालयले गरेका बहुआयमिक गरिबीसम्बन्धी अध्ययनले नेपालमा १७.४ प्रतिशत नेपाली बहुआयमिक गरिबीमा रहेको देखाएको थियो । यो प्रतिवेदनले लुम्बिनी प्रदेश दोस्रो धेरै गरिब जनसंख्या भएको प्रदेश रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो । नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० को अनसार लुम्बिनीमा गरिबीको दर २४.३५ प्रतिशत छ । यसैगरी सन् २०१८/२०१९ को आर्थिक सर्वेक्षणले पनि लुम्बिनीको बहुआयामिक गरिबी दर २९.९ प्रतिशत र बेरोजगारी दर ११.२ प्रतिशत रहेको देखाएको छ । यसरी हेर्दा लुम्बिनी प्रदेश निकै ठूलो गरिबीको अवस्थाबाट गुज्रिरहेको छ । यसरी गरिबीको रेखामुनी रहने सबैभन्दा ठूलो जनसंख्या ऐतिहासिकरूपमा सीमान्तीकृत समुदायको नै हो । त्यसैले लुम्बिनी प्रदेशको गरिबी न्यूनीकरणको योजना सीमान्तीकृत समुदायको गरिबीबाट मुक्तिको योजना बिना पूरा हुन सक्दैन ।

लुम्बिनी प्रदेशले बिगतको बिगतको पाँचवर्षको नीति तथा कार्यक्रम र बजेट बिनियोजनको सूचीमा केहि हदसम्म जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रम समावेश गरिएका छन् । एक घर, एक धारा, एक गाउँ, एक उत्पादन, रोग नलाग्ने चेतना

व्यक्ति-व्यक्तिमा, रोगको उपचार बस्ती-बस्तीमा जस्ता नारासहितका कार्यक्रम प्रदेशले ल्याउने गरेको छ । यसैगरी पाँचवर्षे रणनीतिक लक्ष्य निर्धारण गरेर सीमान्तकृत समुदायको जीविकोपार्जन उकास्ने सवाल पनि नीति तथा कार्यक्रममा समेटिएको देखिन्छ । तर सीमान्तकृत समुदाय लाभान्वित हुने, गरिबी उन्मूलन गर्ने, आर्थिक सुदृढीकरण ल्याउने दीर्घकालिन नीति, योजना तथा रणनीतिको भने निकै अभाव रहेको देखिन्छ । सुरक्षित र व्यवस्थित आवास, गुणस्तरीय शिक्षा, स्वास्थ्य सुरक्षाको सुनिश्चितता, आयमूलक रोजगारी एवं स्वरोजगारी, उद्योग, व्यापार, व्यवसायको अवसर सिर्जना नगरी सीमान्तीकृत समुदायको आर्थिक जीवनमा रूपान्तरण हुन सक्दैन । तर, नीति तथा कार्यक्रममा आएका यस्ता महत्वूर्ण सवाल सम्बोधन गर्ने किसिमका ठोस कार्यक्रम र बजेट भने बिनियोजन हुने गरेका छैनन् । त्यसैले प्रदेश सरकारले निर्माण गर्ने नीति तथा कार्यक्रम र बजेटमा सीमान्तकृत समुदायको जीवनशैलीमा परिवर्तन ल्याउने ठोस कार्यक्रम ल्याउन आवश्यक छ । समाजमा शक्तिहीन, सेवा सुविधाबाट बञ्चित, गरिबीको दुष्चक्रको मारमा पारिएका र विभेद र असमानताका कारण सकसपूर्ण जीवन बिताइरहेका सीमान्तीकृत समुदायको जिविकोपार्जनमा स्तरोन्नति संघीयतासँगै सीमान्तीकृत समुदायमा पलाएको आशा हो । त्यसैले लुम्बिनी प्रदेशले सीमान्तीकृत समुदायका यी आशा र अपेक्षालाई सम्बोधन गर्ने किसिमका नीति तथा कार्यक्रम र बजेट बिनियोजन गर्नुपर्छ ।

५.५ सामाजिक विभेदको अन्त्य : ठोस नीति, कार्यक्रम र बजेटको आवश्यकता

लुम्बिनी प्रदेशमा विभिन्न जातजाति, भाषा, धर्म र सांस्कृतिक समूहको बसोबास रहेको छ । प्रदेशका सबै नारिकले बिना भेदभाव, न्यायपूर्ण र आत्मसम्मानपूर्वक बाँच्न पाउने परिवेश निर्माण गर्नु प्रदेश सरकारको दायित्व हो । उदाहरणका लागि प्रदेशका आदिवासी जनजातिले भाषा, संस्कृति र सभ्यतासहित पहिचानको सम्मान हुनुपर्छ । थारू समुदायको आफ्नै भाषा, संस्कृति, सभ्यता, मनोविज्ञान र परम्परागत प्रथाजनित कानुनी व्यवस्था पनि अस्तित्वमा छ । यसैगरी लुम्बिनी प्रदेशमा मुस्लिम, मधेसी र सीमान्तीकृत समुदायको आफ्नै मौलिक पहिचान छ । यसका साथै यो प्रदेशमा पहाडी र मधेसी दलित समुदायको बसोबास रहेको छ । तर, एकातिर ती समुदायको पहिचानलाई राज्यले आत्मसात गरिरहेको छैन भने अर्कोतिर तिनै पहिचानका आधारमा विभेद, बहिस्करण, हिंसा र अत्याचार हुने गरेका छन् । यस किसिमको बहिस्करण, विभेद र अत्याचारको अन्त्य हुनुपर्ने माग यी सीमान्तीकृत समुदायले निकै लामो समयदेखि उठाउँदै आइरहेका छन् । संघीयताको कार्यान्वयनसँगै

ती सीमान्तीकृत र उत्पीडित समुदायले आफ्नो पहिचानको सम्मान हुने राजनीतिक, सामाजिक-सांस्कृतिक परिवेश हुने अपेक्षा गरेका थिए । उत्पीडित समुदायले पहिचानको आधारमा सम्मानित हुने र जातीय, भाषिक, सांस्कृतिक र सामुदायिक पहिचानकै आधारमा विभेद मोग्न नपर्ने पर्यावरण निर्माणका लागि प्रदेशले आवश्यक ऐन र नीतिका साथै सोहीअनुरूपका कार्यक्रम सञ्चालन गर्नुपर्छ । यस्ता पहिचानको सम्मान र पहिचानकै आधारमा हुने विभेद अन्त्यको स्पष्ट कार्ययोजना बनाउनुका साथै आवश्यक बजेटको पनि बिनियोजन गर्नुपर्ने हुन्छ । तर सीमान्तकृत समुदायको पहिचान र आत्मसम्मान सुनिश्चितताका लागि आवश्यक नीति निर्माण र कार्यक्रम सञ्चालनको सन्दर्भमा खासै चासो देखाएको छैन । बिगत २५ वर्षदेखि न्यायका लागि संघर्ष गरिरहेको मुक्त कमैया, कमलरी, हलिया, बादी, हरवा चरवामाथिको ऐतिहासिक अत्याचारबाट मुक्त गराउने कार्यक्रम प्रदेश सरकारसँग छैन । यति मात्रै होइन, लुम्बिनी प्रदेशमा पुस्तौंदेखि बसोबास गर्दै आइरहेको चिडीमार, पत्थरकट्टाजस्ता अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सूचीकरण समेत हुन सकेको छैन । सूचिकृत नभएका कारण यी समुदाय राज्यबाट प्राप्त हुने सुविधाबाट समेत बञ्चितीकरणमा परेका छन् । त्यसैले प्रदेशका सीमान्तीकृत समुदायको पहिचान, आत्मसम्मान र न्यायपूर्ण जीवन सुनिश्चितताका लागि लुम्बिनी प्रदेश सरकारले ठोस योजना, कार्यक्रम तय गर्नुका साथै पर्याप्त बजेट बिनियोजन गर्न आवश्यक छ । यो सवाल प्रदेश सरकार र स्थानीय निकायको क्षेत्रअधिकार र दायित्वभित्र पर्ने भएको हुनाले प्रदेश र स्थानीय सरकारबीचको समन्वयमा यस्ता कार्यक्रम सञ्चालन गरिनुपर्छ, जसको नेतृत्व प्रदेश सरकारले गर्न जरूरी छ ।

अध्याय छ :
निष्कर्ष र सुझाव

नेपालमा लामो समयसम्म भएको राजनीतिक-सामाजिक आन्दोलनबाट राज्यको पुनर्संरचना सम्भव भएको हो । संविधानसभाबाट संविधान जारी भएपछि राज्य पुनर्संरचनाको व्यवहारिक अभ्यास सुरू भएको छ । मूलतः २०७४ मा स्थानीय र प्रदेशसभाको निर्वाचन भएर प्रदेश अस्तित्वमा आएपछि नेपाली जनताले व्यवहारिकरूपमा संघीयता कार्यान्वयनको अनुभूति गरेका हुन् । प्रदेशसभा र सरकारको व्यवहारिक अभ्यास सुरू हुन संघीयताको व्यवहारिक कार्यान्वयन हुनु हो । यद्यपि, संघीयताको स्वरूप, सीमाङ्कन, नामाङ्कनजस्ता सवालमा सीमान्तीकृत समुदायको असन्तुष्टी कायमै छन् । संघीयताको कार्यान्वयनसँगै प्रदेशको संरचनामा सीमान्तीकृत समुदायको नीति निर्माण गर्ने तहमा एक हदसम्म प्रतितिधित्व बढेको छ । लुम्बिनी प्रदेशमा सीमान्तीकृत समुदाय प्रतिनिधित्व मात्रै भएको छैन, थारू समुदायकै मुख्यमन्त्री बन्ने र थारू र सीमान्तीकृत समुदायबाट पटक-पटक प्रदेश मन्त्रालयको नेतृत्व लिने अवस्थामा पनि पुगेका छन्, जुन संघीयताको एउटा सकारात्मक पक्ष हो । तथापि, सीमान्तीकृत समुदायकै संघर्षबाट स्थापित संघीय व्यवस्थामा पनि प्रदेशको मुख्य नीति निर्माण गर्ने तहमा भने सीमान्तीकृत समुदायको अर्थपूर्ण र प्रभावकारी प्रतिनिधित्व हुन भने सकेको छैन । लुम्बिनी प्रदेशको हकमा पनि प्रदेशको मुख्य नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने तहमा खसआर्य समुदायकै प्रभुत्व रहेको छ ।

यसैगरी संघीयताको कार्यान्वयनसँगै प्रदेशसभा र सरकारले आवश्यक ऐन, नीति र कार्यक्रम निर्माणका साथै कार्यान्वयन गरिरहेका छन् । प्रदेशले निर्माण गरेका केही नीतिले सीमान्तीकृत समुदायको प्रतिनिधित्व र सामुदायिक समस्या समाधानका झिनो प्रयास पनि गरेका छन् । सीमान्तकृत समुदायको पहिचान गर्ने र थोरै भएपनि सीमान्तकृत समुदायको लागि बजेट बिनियोजन हुन थालेको छ । यसले लुम्बिनी प्रदेशले तदारूकता देखाउने हो भने सीमान्तीकृत समुदायको आर्थिक-सामाजिक

रूपान्तरण गर्ने प्रभावकारी नीति निर्माण गर्ने, कार्यक्रम तय गर्ने र बजेट बिनियोजन गर्न सक्ने सम्भावना भने देखाएको छ ।

राजनीतिक-प्रशासनिकरूपमा प्रदेशले पाउनु पर्ने स्वायत्तताको पूर्णरूपमा प्राप्त गर्न सकेको छैन । अझैं संघको प्रभुत्व र दबदबा प्रदेशमाथि रहँदै आएको छ । संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएको यस्ता राजनीतिक समस्या समाधान गर्नुका साथै प्रदेशभित्रका सीमान्तीकृत समुदायको विशिष्ट किसिमका सरोकारलाई पनि सम्बोधन गर्न आवश्यक छ । संघीयता मूलतः सीमान्तीकृत समुदायको आन्दोलनकै प्रतिफल भएको हुँदा जति मात्रामा यो समुदायको मुद्दा, सरोकार र आवश्यकता सम्बोधन हुन्छ, त्यतिनै मात्रामा प्रदेश बलियो हुँदै जान्छ भने संघीय शासन व्यवस्था पनि बलिया हुँदै जान्छ । जति मात्रामा सीमान्तीकृत समुदायका सरोकारलाई नजरअन्दाज गरिन्छ, प्रदेश त्यतिकै मात्रामा कमजोर हुँदै जाने वा आन्तरिक द्वन्द्वमा फस्ने सम्भावना पनि बढ्दै जान्छ । यो परिस्थितिलाई मध्यनजर गर्दै लुम्बिनी प्रदेशले सीमान्तीकृत समुदायको सरोकार सम्बोधन गर्ने नीति, कार्यक्रम र बजेट बिनियोजन गर्न आवश्यक छ ।

बिगतका पाँचवर्षमा लुम्बिनी प्रदेशले ७२ प्रतिशत भन्दा बढी जनसंख्या रहेको सीमान्तकृत समुदायका लागि लक्षित बजेट करिब १.१ प्रतिशत मात्रै बिनियोजन गरिएको छ, जसले समावेशीता प्रबर्द्धन गर्न सघाउँदैन । प्रदेशको संरचना मात्रै होइन, नीति तथा कार्यक्रम र बजेट निर्माणमा पनि समावेशीकरणको सैद्धान्तिक मान्यतालाई नजरअन्दाज गरिएको छ । यो संघीयताप्रति सीमान्तीकृत समुदायले गरेको अपेक्षाभन्दा बिलकूल भिन्न छ । त्यसैले प्रदेशले समावीशी बजेट निर्माणको नीति, विधि र कार्यान्वयन गरेर सीमान्तीकृत समुदायको आर्थिक-सामाजिक जीवनमा रूपान्तरण गर्ने अग्रसर हुन आवश्यक छ ।

संवैधानिकरूपमै सुनिश्चित गरिएका अधिकारको उपभोग गर्नेतर्फ प्रदेश सरकार र सीमान्तकृत समुदाय दुवैको पहलकदमी आवश्यक छ । उदाहरणका लागि स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माणबारे न त संघीय तहमा कुनै बहस छ न त प्रदेशमा नै यो विषयमा चर्चा छ । सीमान्तीकृत समुदायको राजनीतिक शासकीय अधिकारका लागि यस्ता संरचना फलदायी हुन्छन् । त्यसैले यी मुद्दामा पर्याप्त छलफल मात्रै होइन, त्यस्ता संरचनाको निर्माण नै गरिनुपर्छ । २०७४ यता देखिएको प्रदेश र स्थानीय निकायको संरचनागत तहमा एक हदसम्म समावेशी अभ्यास सुरू भएको छ । यसलाई समानुपातिक र अर्थपूर्ण बनाउन सीमान्तीकृत समुदायले निरन्तर खबरदारी गर्न आवश्यक छ । ऐतिहासिकरूपमा राज्यसत्तामा एकाधिकार

कायम राखिरहेको समुदायको वर्चश्वले प्रदेशमा सीमान्तीकृत समुदायको स्वामित्व स्थापित गर्न सक्दैन भने उनीहरूको अपेक्षा र चाहनाको पनि सम्बोधन हुन सक्दैन । त्यसैले सीमान्तीकृत समुदायको राजनीतिक, आर्थिक, शैक्षिक, सामाजिक-सांस्कृतिक अधिकार सुनिश्चितताका लागि लुम्बिनी प्रदेशले सोहीअनुरूपको लक्ष्य निर्धारण गर्ने, नीति, कार्यक्रमका साथै बजेट बिनियोजनलाई प्राथमिकतामा राख्न आवश्यक छ । यति मात्रै होइन, जातजाति र समुदायका आधारमा हुने विभेद, हिंसा र अपमानका घटनाले पनि निरन्तरता पाइरहेका छन् । यस्तो विभेद र हिंसाको अन्त्य गर्नका लागि पनि लुम्बिनी प्रदेशले विशेष नीतिगत व्यवस्था गर्ने, आवश्यक कानुन र नीति निर्माण गर्ने र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । लुम्बिनीले प्रदेशलाई सामाजिक न्याय र समानतामा आधारित प्रदेशको रूपमा पहिचान निर्माण गर्न प्रदेशसभा, प्रदेश सरकार, सरकारी निकाय र अन्य सरोकारवालाले विशेष पहलकदमी लिन आवश्यक छ ।

सरोकारवालालाई सुझाव

लुम्बिनी प्रदेशलाई समावेशी, न्याय र समानतामा आधारित प्रदेश निर्माणका प्रदेशमा भइरहेको समावेशी अभ्यासबारे यो अध्ययनमा बिस्तृत रूपमा चर्चा गरिएको छ । यही अध्ययनका आधारमा प्रदेशलाई थप समावेशी बनाउन विभिन्न सरोकारवालाले भूमिका निर्वाह गर्न जरूरी छ । यहाँ लुम्बिनी प्रदेशलाई समावशी बनाउन भूमिका निर्वाह गर्नुपर्ने प्रदेश सरकार, प्रदेशसभा सदस्य र सरोकारवाला नागरिक समाज केन्द्रित सुझाव प्रस्तुत गरिएका छन् :

प्रदेश सरकारका लागि सुझाव :

- संविधानले निर्दिष्ट गरेका समानुपातिक समावेशी सिद्धान्तको दृढतापूर्वक कार्यान्वयनका लागि प्रदेश सरकारअन्तर्गतका राज्यको सबै निकाय, प्रदेश सरकार, संसदीय समिति, प्रदेश आयोग, शैक्षिक संस्था, उपभोक्ता समितिलगायतको मुख्य जिम्मेवार पदमा नै अभिवार्य समानुपातिक समावेशी बनाउनै पर्ने नीतिगत व्यवस्था गरिनुपर्छ ।

- प्रदेश सरकारको वार्षिक नीति, योजना निर्माण तथा बजेट बिनियोजन गर्दा प्रदेश सरकारले सीमान्तकृत समुदायका जनप्रतिनिधि र समुदायसँग अनिवार्यरूपमा परामर्श गर्नै पर्ने व्यवस्था गरिनुपर्छ ।

- समावेशी अभ्यास सुनिश्चिततताका लागि प्रदेश सरकारले गरिरहेका अभ्यासको समीक्षा र अनुगमन गरी आवश्यक सुझाब प्रदान गर्न प्रदेश सरकारअन्तर्गत **सामाजिक समावेशीकरण महाशाखा** स्थापना गरितुपर्छ ।

- प्रदेशसभाले निर्माण गरेका ऐन र नीतिलाई समावेशीकरणको दृष्टिकोणबाट समीक्षा गरी र आवश्यक संशोधन गरिनुपर्छ । यसका प्रदेश सरकारले साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गर्नुपर्छ ।

- प्रदेशले अति सीमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक समुदायलाई प्राथमिकतामा राखेर उनीहरूको जनजीविका रूपान्तरण गर्ने ठोस र दिर्घकालीन नीति र कार्यक्रम निर्माण गरी प्रभावकारीरूपमा कार्यान्वयन गरिनुपर्छ ।

- प्रदेशको संरचनाका सन्दर्भमा उठेका असहमतीका आवाजलाई बहस, छलफल र अन्तर्क्रियाबाट समाधान गरिनुपर्छ । यसरी हुने छलफलमा मूलतः सीमान्तीकृत समुदायको अधिकारको प्रबर्द्धन गर्ने र समावेशी प्रदेश निर्माण गर्ने दिशामा केन्द्रित हुनुपर्छ ।

- जातजाति, भाषा, लैङ्गिग र लैङ्गिकता, धर्म, संस्कृति, अपाङ्गता आदिका आधारमा हुने सबै किसिमका विभेद, हिंसा र असमानता अन्त्य गर्ने नीतिगत व्यवस्था गरिनुपर्छ । सबै नागरिकको सम्मानित पहिचानको सम्मान, विभेदको अन्त्य र आत्मसम्मानको ग्यारेन्टी गरिने ऐन, नीति र कार्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्छ ।

- प्राकृतिक स्रोतको व्यवस्थापन, वितरण र उपभोगको सन्दर्भमा सीमान्तीकृत समुदायको अधिकार सुनिश्चित गरिनुपर्छ । विकासका नाममा सीमान्तीकृत समुदायको प्राकृतिक स्रोतमाथि अतिक्रमण नहुने ग्यारेन्टी गरिनुपर्छ । प्रदेशले एन, कानुन र नीति बनाउँदा यी मुद्दालाई अनिवार्यरूपमा ध्यान दिनुपर्छ ।

- वन ऐन, राष्ट्रिय निकुञ्ज ऐनको कार्यान्वयन गरिँदा प्राकृतिक स्रोतमै निर्भर सीमान्तकृत समुदाय जस्तै : बोटे माझी, थारूको प्राकृतिक स्रोतमाथिको पहुँच, स्वामित्व र नियन्त्रण गुम्न पुगेका छन् भने परम्परागत पेशाबाट जिविकोपार्जन गर्न समस्या उत्पन्न भएको छ । त्यसैले प्राकृत्तिक स्रोतसँग

सम्बन्धित ऐन, नीति र कार्यक्रम निर्माण गर्दा र कार्यान्वयन गर्दा ती समुदायको अनिवार्य सहभागीता र पूर्व स्वीकृति लिनै पर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनुपर्छ ।

- लुम्बिनी प्रदेशले प्रदेशभित्रका अति सीमान्तीकृत विभिन्न जातजातिको कानुनी पहिचान दिन सकेको छैन । प्रदेशका अति बिपन्न र अल्पसंख्या समुदायको पहिचान सुनिश्चित गरी ती समुदायको सामाजिक-आर्थिक जीवनमा रूपान्तरण गर्ने नीति तथा कार्यक्रम लागू गर्नुपर्छ ।

- प्रदेश सरकारले भौतिक विकासका साथै मानवीय विकासलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम निर्माण गर्नुका साथै मानवीय विकासका क्षेत्रमा पर्याप्त मात्रामा बजेट बिनियोजन गर्नुपर्छ । यसरी नीति, कार्यक्रम र बजेट निर्माण गर्दा सीमान्तीकृत समुदायलाई विशेष प्राथमिकता दिनुपर्छ ।

- प्रदेश सरकारले बिगतदेखि नै सीमान्तकृत समुदायका लागि अत्यन्तै थोरै बजेट बिनियोजन गर्दै आइरहेको छ भने बिनियोजित बजेट पनि संशोधनका क्रममा कटौतीमा परेका छन् भने सीमित बजेट पनि प्रकावकारी कार्यान्वयन गरिएको छैन । त्यसैले बजेट निर्माण र कार्यान्वयनका क्रममा सीमान्तीकृत समुदायका प्रतिनिधिसँग अनिवार्य परामर्श गर्ने, बजेट संशोधन र कार्यान्वयनमा प्रभावकारी संसदीय अनुगमन गर्ने अभ्यास गरिनुपर्छ ।

- प्रदेशमा समावेशीकरणको प्रभावकारी कार्यान्वयनका लागि सीमान्तीकृत समुदायको सरोकारवाला जस्तै : जनप्रतिनिधि, राजनीतिक नेतृत्व, नागरिक समाज, विज्ञ आदिबीच निरन्तर समन्वय र सहकार्य गरिनुपर्छ ।

- प्रदेशको नीति निर्माण, कार्यक्रमको प्राथमिकता निर्धारण, बजेट बिनियोजन र कार्यान्वयन प्रक्रियामा प्रदेशसभा सदस्यको भूमिकालाई थप सशक्त र प्रभावारी बनाइनुपर्छ ।

प्रदेशसभा सदस्यका लागि सुझाव :

- प्रदेशका सीमान्तकृत समुदायका मुख्य सवालको पहिचान गरी नीति तथा कार्यक्रममार्फत सम्बोधन गर्न प्रदेश सरकार र सम्बन्धित निकायलाई निरन्तर दबाब दिनुपर्छ ।

- प्रदेशसभा र प्रदेश सरकारका समग्र क्रियाकलाप (ऐन, नीति, कार्यक्रम निर्माण र बजेट बिनियोजन)लाई समावेशी बनाउन सामूहिक रणनीति निर्माण गरेर हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्छ ।

- प्रदेशले निर्माण गरेका ऐन र नीतिहरूको सीमान्तकृत समुदायको समावेशीकरणको दृष्टिकोणबाट समीक्षा र विश्लेषण गरी आवश्यक संशोधनको पहलकदमी लिनुपर्छ ।

- सीमान्तकृत समुदायको आवश्यकता र समस्याको पहिचान गरी ती सवाललाई सम्बोधन गर्न आवश्यक ऐन र नीति निर्माणमा जोड गर्नुपर्छ ।

- प्रदेशको समग्र ऐन, नियमावली, नीति, निर्देशिका आदिलाई समावेशी बनाउन **प्रदेश समावेशी निगरानी समिति** गठन गर्ने व्यवस्था गरिनुपर्छ, जसका लागि प्रदेशसभाका सदस्यहरूले विशेष पहलकदमी गर्नुपर्छ ।

- समावेशीकरणको अभ्यासलाई बलियो बनाउन उपलब्ध संवैधानिक व्यवस्थाको उपयोग गर्दै अति सीमान्तकृत, अल्पसंख्यक, लोपोन्मुख, अति बिपन्न वर्ग र क्षेत्रको मौलिक हक तथा मानवअधिकारको सुनिश्चित गर्न र गराउने पहल गर्नुपर्छ ।

- सीमान्तकृत समुदाय र प्रदेशसभा सदस्यबीच सीमान्तीकृत समुदायको अधिकारका सवालमा निरन्तर छलफल र अन्तर्क्रिया हुने वातावरण मिलाउनु पर्छ ता कि प्रदेशको नीति, कार्यक्रम र बजेटलाई समावेशी बनाउन संयुक्त पहल गर्ने परिस्थिति निर्माण गर्न सकियोस् ।

- प्रदेश सरकारले नीति निर्मातादेखि कर्मचारी संयन्त्रलाई समावेशीकरणका सम्बन्धमा फराकिलो बुझाइ विकास गर्न समग्र संरचनालाई नै समावेशीकरणका सवालमा प्रशिक्षित गर्न आवश्यक छ । प्रदेश सरकारले यस्तो प्रशिक्षण कार्यक्रम निरन्तररूपमा गर्न आवश्यक छ ।

- प्रदेशसभा सदस्यले सीमान्तकृत समुदाय केन्द्रित नीति, योजना, कार्यक्रम र बजेट निर्माणका सवालमा समुदायका अनुभवि, विषय विज्ञ व्यक्ति एवं समूह र संघसंस्था आदिसँग निरन्तर छलफल वा परामर्श गर्ने, राय सल्लाह सुझाब लिने र यसरी प्राप्त सुझाबलाई सकेसम्म धेरै उपयोग गर्ने वातावरण तयार पार्नुपर्छ ।

- प्रदेशको बजेट प्रणाली सीमान्तीकृत समुदायका लागि छुट्याइएको कार्यक्रम र बजेट स्पष्टरूपमा पहिचान गर्न सकिने गरी निर्माण गरिनु पर्छ । यसका लागि Provincial Line Ministry Budget Information System (PLMBS) लाई नै समावेशी सिद्धान्तअनुरूप सुधार गर्न आवश्यक छ ।

अधिकारवाला, सरोकारवाला र नागरिक समाजका लागि सुझाब :

- सीमान्तकृत समुदायले जनप्रतिनिधिलाई समुदायको समस्या र आवश्यकता सम्बोधन गराउन आवश्यक सहयोग गर्ने र जनप्रतिनिधिको आवाजलाई बलियो बनाउन विभिन्न किसिमका सार्वजनिक बहस, अन्तर्क्रिया र छलफलजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

- सीमान्तीकृत समुदायका आवश्यकता, चाहना र आवश्यकतालाई सम्बोधन गराउन प्रदेशसभा, प्रदेश सरकार र सरकारी निकायलाई जिम्मेवार र जवाफदेही बनाउन निरन्तर पैरवी र वकालत गरिरहनुपर्छ ।

- संवैधानिकरूपमा सुनिश्चित गरिएको समानुपातिक समावेशी सिद्धान्तको दृढतापूर्वक कार्यान्वयन गराउन प्रदेशसभा, प्रदेशसभा सदस्य र सरकारलाई निरन्तर खबरदारी गरिरहन आवश्यक छ ।

- प्रदेशसभा र सरकारले बनाएका ऐन, नीति, कार्यक्रम र बजेटलाई समावेशी बनाउन समीक्षा, निगरानी र खबरदारीको गर्नुपर्छ ।

- प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणलाई अनिवार्यरूपमा समावेशी बनाउन सामुदायिक परामर्शको नीतिगत व्यवस्था गर्न प्रदेशसभा र सरकारलाई दबाब दिनुपर्छ ।

- प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नैपर्ने सीमान्तकृत समुदायको सवाल पहिचान गरी प्राथमिकताको सूची निर्धारण गर्ने र ती सवाललाई नीति तथा कार्यक्रममा समावेश गराउनसरकार र सम्बन्धित निकायलाई जवाफदेही बनाउनु पर्छ ।

- प्रदेशसभाले निर्माण गरेका ऐन र नीतिलाई समावेशी बनाउन समीक्षा गर्ने र आवश्यक संशोधन गराउनका लागि सरकारलाई दबाब दिनुका साथै नयाँ ऐन र नीतिलाई समावेशी बनाउन प्रदेश सरकारलाई प्रोत्साहन गर्नुपर्छ ।

- प्रदेशको सम्पूर्ण नीति निर्माण प्रक्रियालाई समावेशी बनाउन **प्रदेश स्तरीय समावेशी निगरानी समिति** गठनका लागि सार्वजनिक बहस निर्माणका साथै समिति गठन गराउन निरन्तर वकालत गर्नुपर्छ ।

- नागरिक समाजले सीमान्तकृत समुदायको अधिकारका पक्षमा क्रियाशील प्रदेशसभा सदस्यलाई आवश्यक तथ्य, तथ्याङ्क, विषयगत ज्ञान आदि उपलब्ध गराएर सहयोग गर्नुपर्छ । यसरी गरिने सहयोगले स्वभाविकरूपमा प्रदेशको नीति तथा कार्यक्रम निर्माण, बजेट बिनियोजन, बिनियोजित बजेटको प्रभावकारी कार्यान्वयन प्रक्रियामा जनप्रतिनिधिलाई सहयोग गर्नुपर्छ ।

- सीमान्तकृत समुदायको पहिचान, न्याय, समानता र आत्मसम्मानका लागि दिर्घकालीन महत्वका नीति निर्माण गर्न, आयोजनाको निर्माण र बजेट बिनियोजन गराउन र प्रभावकारी कार्यान्वयनका लागि रणनीतिनै निर्माण गरेर प्रदेशसभा र सरकारलाई निरन्तर दबाब दिनुपर्छ ।

अनुसूची

आ.व. २०८०-८१ मा लक्षित वर्गका लागि छुट्याइएको बजेट र खर्चको स्थिति (महिला, बालबालिका र जेष्ठ नागरिक बाहेक अन्य लक्षित समूहका लागि छुट्याइएको बजेट)

रु. करोडमा

लक्षित समूह	शुरु बजेट	संसोधित बजेट	खर्च	खर्च प्रतिशत
थारु	९.०६	८.६७	४.७१	५४%
दलित	२.१७	१.८७	१.४५	७८%
मगर	२.४५	२.४५	१.०७	४३%
मुस्लिम	६.४४	६.३८	४.९५	७८%
अपाङ्ग	४.२९	४.१९	२.५१	६०%
अन्य सिमान्तकृत तथा विपन्न	२३.७२	३१.५१	१८.८९	६०%
लक्षित वर्ग साझा	०.२०	०.२०	०.११	५७%
जम्मा	४८.३३	५५.२७	३३.६८	६१%

कार्यक्रमहरु	शुरु बजेट	संसोधित बजेट	खर्च
अन्य सिमान्तकृत तथा विपन्न	१०९,७४२	१०८,२४२	०
१. पुनःउपचारमा दर्ता भएका, एवं असाहय तथा गरिब बिरामीहरु लाई उपचार अवधिभर पोषण भत्ता, २. औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरुका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च तथा जटिलता व्यवस्थापन खर्च	१९२	१९२	०
आदिवासी, जनजाति तथा लोपोन्मुख सीमान्तकृत जातिका परम्परागत सीप तथा संस्कृति संरक्षण एवं प्रवर्द्धन कार्यक्रम (दाङ, बाँके र बर्दिया)	७०,०००	७०,०००	०
आपतकालिन अवस्थाका बालबालिकाको उद्धार तथा संरक्षणका लागि बालकोष स्थापना र सञ्चालन	२,५००	२,५००	०
गरिवी निवारणका लागिःसहकारी संस्था मार्फत एक पालिका एक सामुहिक उद्यम कार्यक्रम	१०,०००	१०,०००	०
गरिवी निवारणका लागि सामुहिक उत्पादन कार्यक्रम(पूर्व जनमुक्ती सेना,लोकतान्त्रिक जनआन्दोलनका घाईते,मधेश आन्दोलनका घाईते,आपाङ्ग तथा वेपत्ता परिवार)	५,०००	५,०००	०
प्रदेश स्तरीय बाल संरक्षण गृह निर्माण (बहुवर्षिय भवन निर्माण, कपिलवस्तु)	१०,०००	१०,०००	०
बादी, अल्पसंख्यक तथा सिमान्तकृत समुदायकालागि पशुपंक्षि, कुखुरा तथा माछा पालन कार्यक्रम सञ्चालन, बाँकि र दाङ	१,५००	–	०
भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापनका लागी स्थानिय तहहरुलाई प्राविधिक सहयोग (ईन्धन, दै.ज्या.भ, नापी कामदार, मसलन्द	७५०	७५०	०
लक्षित समुह समुदाय (मुक्तकमैया,हलिया,कमलरी,दलित,भूमीहिन,विपन्न आदी)मा रहेका गरिव नागरिकहरुका लागि सीप विकास तालिम र प्रविधिक सहयोग बाँके,बर्दिया र दाङ सीप विकास कार्यक्रम	३,६००	३,६००	०
लिफ्टिङ् सिंचाई तथा खानेपानीमा विद्युत महशुल सहुलियतका लागि विपन्न वर्गलाई सहुलियत	५,०००	५,०००	०
सिमान्तकृत समुदायका महिला तथा वहिष्करणमा परेका व्यक्तिहरुको सशक्तिकरण	१,२००	१,२००	०
अपाङ्ग	१२,२५०	१२,२५०	०
अपांगता भएका बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने HRDC संग सहकार्य	१,५००	१,५००	०
अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तीकरण कार्यक्रम सञ्चालन अनुदान	६,०००	६,०००	०
अपाङ्गता सहायता सामाग्रीहरु निःशुल्क वितरण कार्यक्रम	२,०००	२,०००	०
कुष्ठरोग तथा अपांगता सम्वन्धि सरोकारवाला संस्थाहरुसंग समन्वयात्मक बैठक	५०	५०	०
नेपाल अपाङ्ग पनर्स्थापना केन्द्र, नवलपरासी, ब सु प र अपाङ्गता सशक्तिकरण एवम् सञ्चार केन्द्रबाँकि लाई सि वि आर कार्यक्रम सञ्चालन अनुदान	१,०००	–	०
पालिकास्तरको कुष्ठरोग नियंत्रण तथा अपांगता व्यवस्थापन कार्यक्रमको प्राविधिक अन्तरक्रिया, समिक्षा एवं योजना गोष्ठि तथा अनुगमन	१००	१००	०
प्रदेश स्तरीय सुविधा सम्पन्न अपाङ्गता नागरिक ग्रामको भवन र अन्य पूर्वाधार निर्माण(भवन निर्माण)	२,०००	२,०००	०
विश्व कुष्ठरोग दिवस तथा अपांगता दिवसको उपलक्ष्यमा कार्यक्रम	१००	१००	०
स्वास्थ्यकर्मीहरुलाई अपांगता व्यवस्थापन तथा पुनर्स्थापना सम्वन्धि तालिम	५००	५००	०
थारु	१७,८००	१३,५०२	०
Tharu Handicraft Maker Training ३९० घण्टे (सीप परीक्षण समेत)	९००		०
अधुरो थारु संस्कृतिक संग्रहालय निर्माण, बुटवल-18	१,५००	१,५००	०
तुलसीपुर उपमहानगरपालिका भित्रका महिलाहरुकालागि आयबृद्धि सीपमुलक तालीम थारु संस्कृतिक संरक्षण केन्द्र मार्फत, तुलसीपुर-6	३,०००	३,०००	०
थारु जातिका बड्घरको क्षमता तथा स्तरोन्नति तालिम, सामग्री खरिद तथा वितरण	२,०००	२,०००	०
थारु सृष्टि महिला समूहको भवन र शौचालय निर्माण, देवदह-4	२,०००	२,०००	०
बनहरी थारुगाउँ खा. पा. आ., तुलसीपुर-०४, बनहरी दाङ	५००	१	०
वडा नं. १५ चौधरीया गाउँ खा.पा.आ	९००	१	०
सुकौरा थारु राजा दरबार क्षेत्रको गुरुयोजना अनुसार पूर्वाधार निर्माण, तुलसीपुर उमनपा ११ दाङ	५,०००	३,०००	०
सैनामैना ६ अधुरो थारु संग्रहालयको पूर्वाधार विकास	२,०००	२,०००	०
दलित	४,२००	१,७००	०
दलित तथा पिछडिएका महिलाहरुको आर्थिक सशक्तिकरण कार्यक्रम , शीतगङ्गा न.पा. अर्घाखाँची	५००	५००	०
भेडाबारी दलित बस्ती स्तरोन्नती कार्यक्रम, प्युठान-8	१,५००	१,०००	०
लेडेमेला दलितवस्ती खानेपानी योजना झिमरुक ४प्युठान	२००	२००	०
सुस्ता १ वनकट्टी दलित तथा मुसहर टोल बस्ति विकास	२,०००	–	०
मगर	१०,०००	१०,०००	०
मगर सांस्कृतिक संग्रहालय बबई गापा दाङ	१०,०००	१०,०००	०
मुस्लिम	३,०००	३,०००	०
इड्वा-३ रमपुर्वामा मदरसा रहमानियामा फैजुर रसुलमा मर्मत सम्भार,	१,०००	१,०००	०
भावपुर मदरसा भवन मर्मत, यशोधरा-2	५००	५००	०
मदरसा उम्मुल मोमेनिन आइशा सिद्दिका लिल बनातिल इस्लामिया छात्राबास ब्यबस्थापन कार्य, सम्मारीमाइ-7	१,०००	१,०००	०
रजवापुरमा मदरसा निर्माण, यशोधरा-6	५००	५००	०
लक्षित वर्ग-साझा	५००	५००	०
TVET शिक्षण संस्थाहरुको लैङ्गिक समानता तथा सामाजिक सामावेशी (GESI) रणनीति निर्माण तथा अभिमुखीकरण	५००	५००	०
शुन्य खर्च भएका कार्यक्रमहरुको कूल जम्मा	१५८,४९२	१४९,१९४	०